फागुन १७, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



# भुमरीमा सरकार

मूल्य रु. २५






भास्वर ओझा


# समय

राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १४५, फागुन ११–१७, २०६३





आवरणः प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष प्रचण्ड।

*तस्बिर : भास्वर ओझा*


**आवरण :** राजाले शासनसत्ता फिर्ता गरेको १० महिनापछि पनि सरकार र आठ दल अन्योलग्रस्त अवस्थामा अघि बढिरहेका छन्। तराई, शिविर छोडेका माओवादी, प्रशासनिक रिक्तता, उपभोग्य सामग्रीको अभाव र शिक्षा क्षेत्रको तदर्थवादजस्ता समस्याले जेठमा संविधानसभाको चुनाव गर्ने सरकारी प्रतिबद्धता बोलीमा मात्र सीमित हुने भय बढिरहेको छ २७

## रिपोर्ट

माओवादी शिविरको नाजुक हालत १६

दिनदिनै अराजक बन्दै छन् माओवादी १९

राजाको भाषणले मचायो हल्लीखल्ली २५

## शिक्षा

प्लस टुलाई विद्यालयस्तरीय तहमा ल्याउने सरकारको योजना पूरा हुने छाँट छैन २०

## योजना


दसौं पञ्चवर्षीय योजना ऐतिहासिक रूपमा असफल भएको छ २३

## विचार

लोककृष्ण भट्टराई, रामचन्द्र पोखरेल र चन्द्रकान्त ज्ञवाली ३६

## आर्थिक

विश्व बैंकको दबाबमा व्यापारीहरू कालो सूचीमा दरिएका छन् ४४

समय


**सिनेमा :** कयौं वर्षपछि आश्चर्यजनक रूपमा नेपाली सिनेमा क्षेत्रमा बाढी आएको छ ५४

सम्पादकीय ................ ५

चसक ................ ६

डाँक ................ ८

टिपोट ................ १०

मुलुक ................ १२

साहित्य ................ ५१

अनुहार ................ ५७

शून्य समय ................ ५८

समय
राष्ट्रिय साप्ताहिक

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
नवीन अर्याल
छत्र कार्की
**संवाददाता**
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले–आउट**
सुनील खड्गी **(संयोजक)**
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल **(प्रबन्धक)**
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# राजाको अभिव्यक्ति

## सम्पादकीय

**सन्ताउन्नौं प्रजातन्त्र** दिवसका अवसरमा राजा ज्ञानेन्द्रको देशवासीका नाममा सम्बोधन आएको छ। सम्बोधनलाई सत्ताका दलहरू तथा माओवादीले आफ्नो षड्यन्त्रपूर्ण अवधारणाकै चौघेरोमा राखी व्याख्या गरेका छन् भने राजाले फेरि एकपल्ट आफ्नो मनसाय प्रजातन्त्रविरुद्ध तथा राजनीतिक महत्त्वाकांक्षाको पूर्तिका लागि नभएको अर्थ लाग्ने गरी सन्देश जारी गरेका छन्।

माघ १९ गते नेपालको प्रजातान्त्रिक इतिहासमा आएको ठूलो विचलन हो, पुस १, २०१७ जस्तै। त्यो एउटा दुःखद इतिहास हो जसलाई फेर्न सकिँदैन र त्यसबाट उचित पाठ मात्र सिक्न सकिन्छ। पाठ नसिक्दा त्यसबाट उत्पन्न हुने परिणतिहरू मुलुकका लागि अझ खतरनाक हुनेछन्। सम्भवतः यो कुरा आज नेपालीहरूले बुझेका छन्, तर सात दल र माओवादी तथा राजाले राम्रोसँग बुझेको देखिँदैन।

राजाको सम्बोधनको पृष्ठभूमि सुखद छैन। राज्यको आधिकारिकताविहीन र अराजकतापूर्ण अवस्थामा छन्। माओवादी कानुनभन्दा माथिको वर्ग बनेको छ। सरकार उत्तरदायित्वको सिद्धान्तभन्दा माथि देखिन्छ। न्यायालयलाई कार्यकारीअन्तर्गत ल्याउने षड्यन्त्र जारी छ। अन्यथा विभिन्न किसिमका यी अराजकताले अरू अराजक शक्तिलाई मात्र प्रोत्साहित गर्छ।

तराई आन्दोलनलाई र त्यस्तै खालका तर पहाड र हिमाली भेगका व्यक्त तथा अव्यक्त जनचाहनालाई वर्तमान सरकार र माओवादीले बेवास्ता गरेका छन्। र, त्यो बेवास्ताबाट उत्पन्न असन्तोषलाई दरवारिया षड्यन्त्रबाट उत्पन्न भएको गैरजिम्मेवारी आरोपले राजालाई समेत फेरि एउटा खतरनाक खेलमा उक्साएको देखिन्छ। यो खतरनाक खेल रोक्न राज्यसत्ता पूर्णरुपमा प्रजातान्त्रिक त हुनै पर्छ, न्यायिक स्वतन्त्रता र राज्य संचालनमा जवाफदेहिताको मान्यता पूर्णरूपमा परिलक्षित हुनुपर्छ। अहिले भइरहेका सबै निर्णयहरू बालुवाटारमा एउटा कोठाभित्र र आठ दलका नेतृत्वको जमिनदारी शैलीबाट निर्देशित छ। त्यो प्रक्रियामा जनतालाई पटक्कै सामेल गरिएको छैन - चाहे शान्ति प्रक्रियामा होस् वा राज्य वा सत्ताको शक्ति पुनर्संरचनामा। त्यस्तै मुलुकमा राजसंस्था कुनै रुपमा रहने वा गणतन्त्र हुनेजस्ता अहं सवालमा जनतालाई सामेल नगरी आठवटा राजनीतिक जमिनदारले मात्र निर्णय गरेमा त्यसले अझ ठूलो संकट निम्त्याउन सक्छ। जनअनुमोदनविनाको राजनीति मुलुकका लागि स्वीकार्य हुँदैन।



भास्वर ओझा

स्थापित नागरिक समाजको बढ्दो राजनीतिक संलग्नता र घट्दो नैतिक तथा चारित्रिक शक्ति पनि अहिलेको राजनीतिक अन्योलका लागि निकै हदसम्म जिम्मेवार छ। राज्य आधिकारिकतासम्पन्न तथा जवाफदेहिताबाट संचालित होस्, तराई र अन्यत्र विकेन्द्रिकृत शक्ति र सत्ताको आन्दोलनप्रति ऊ राजनीतिक हिसाबले उदासीन नरहोस् र माओवादी वा सत्ताको कुनै पक्षबाट आचारसंहिता उल्लंघन र अत्याचारले शान्ति प्रक्रियामा व्यवधान आउँदा ऊ चुप नलागोस्। यति हुन सकेमा कुनै गैरसंवैधानिक शक्तिबाट प्रजातान्त्रिक पद्धति तर्सिनु पर्दैन। राज्यले आफ्नो धर्म छोडेमा वा कानुनको मर्यादाबाट भन्दा बदलाको संस्कृतिबाट ऊ निर्देशित भएमा त्यसले अनपेक्षित संकट ल्याउन सक्छ। राजाको सन्देश र अहिले सरकारको उदासिनता वा अदृश्यता एकातिर र अर्कोतिर माओवादीका धम्कीपूर्ण गतिविधिहरूले ती सम्भावना बोकेका छन्। ■




## समय साता

### प्रदर्शन
राजाले प्रजातन्त्र दिवसको अवसरमा दिएको सन्देशभित्र षड्यन्त्र लुकेको भन्दै विभिन्न दल तथा विद्यार्थीहरूद्वारा मुलुकभर प्रदर्शन।

### प्रस्ताव
सरकारद्वारा राज्यका अंगमा समावेशी प्रतिनिधित्वको प्रावधानसहित अन्तरिम संविधान संशोधन प्रस्ताव संसद्मा प्रस्तुत।

### तलव वृद्धि

वर्षौंदेखि काम गर्दै आएका नेपाल वायुसेवा निगममा कार्यरत पाइलटहरूको तलब तथा सुविधामा दोब्बर बृद्धि। यसले पाइलटहरू विस्थापित हुन नियन्त्रण हुने निगमको भनाइ।

### अभाव

मधेस आन्दोलन सुरु भएदेखि राजधानीमा पेट्रोलियम पदार्थमा देखिएको अभाव कायमै, तुरुन्तै सर्वसुलभ हुन नसक्ने निगमको भनाइ।

### मुक्त
माओवादी कार्यकर्ताले काठमाडौंको जोरपाटीबाट अपहरण गरेर लगेका नानीबाबु कार्कीसहित तीनैजना मुक्त।

### कारबाही सुरु
ऋण नतिर्ने कालोसूचीमा रहेका असीजनालाई सरकारद्वारा कारबाही सुरु, पहिलो चरणको कारबाहीअन्तर्गत राहदानी रद्द।

### आग्रह
विराटनगरका उद्योगी व्यवसायीहरूद्वारा माओवादी नेतृत्वसमक्ष जबरजस्ती धम्क्याएर चन्दा उठाउन रोक्न आग्रह, यसले माओवादी पार्टीलाई नै घाटा हुने व्यवसायीहरूको भनाइ।

### रिहा
तराई आन्दोलनलाई हिंसात्मक बनाउन सक्रिय रहेको आरोपमा गिरफ्तार भएका तत्कालीन राजाका मन्त्री सलिम मियाँ अन्सारी सर्वोच्च अदालतको आदेशपछि रिहा।

### सहमत
आफ्नो जन्मस्थानभन्दा अन्यत्र गएर बसोवास गरिरहेका अस्थायी बासिन्दालाई मताधिकार प्रदान गर्ने कुरामा आठ दल सहमत।

### चेतावनी

राजाले जनतालाई यसरी जिस्काइरहने काम गरेमा सोझै संसद्बाट गणतन्त्र घोषणा गरिने माओवादी अध्यक्ष प्रचण्डको चेतावनी।

### दुर्घटना

भारतबाट पाकिस्तानतर्फ गइरहेको यात्रुवाहक रेल नयाँदिल्लीदेखि एक सय किलोमिटर उत्तर पानीपतनजिक विस्फोट, ६६ को मृत्यु, सयौं घाइते।

### भेट
प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा प्रधानसेनापति रुक्मांगत कटवाल, भारतीय राजदूत शिवशंकर मुखर्जी तथा सर्वोच्च अदालतका न्यायाधीश अनुपजंग शर्मासँग भेटघाट।




## दोषी होइनन्





*समय* (वर्ष ३, अंक १४४)मा केशव लामिछानेले पोखराबाट लेखेको 'फितलो अनुसन्धान' शीर्षक समाचारले हामी आश्चर्यचकित भएका छौं।

मंसिरदेखि हराइरहेका भनिएका दुई बालकहरूबारे गरिएको अनुसन्धान वास्तवमै फितलो छ। नत्र दोष प्रमाणित गर्ने आधार नै नभएको घटनामा विद्यार्थीहरू, आमासमूह, नागरिक समाज आदिको दबाबकै कारण आरोपित एकजनालाई दोषीसरहै मानसिक यातना दिएर यतिका दिनसम्म अनुसन्धानका लागि राखिनु दुर्भाग्यपूर्ण छ। रिपोर्टमा पनि फितलै अनुसन्धानका आधारमा आरोपी सुवास थापाप्रति पूर्वाग्रही भएर समाचार आएको छ।

२०४२ सालदेखि धरानको रंगमंचमा सक्रिय थापाको योगदान घामजस्तै छर्लंग छ। २०-२२ वर्षको रंगयात्रामा उनले 'बलिदान' सिनेमाका अतिरिक्त थुप्रै नाटक, चलचित्रमा काम गरेका छन्। आर्थिक रूपमा पनि उनी भनिएजस्तै सम्पन्न होइनन्।

■ **राजेन्द्र रिमाल, आनन्द श्रेष्ठ, विनोद सुब्बा र साथीहरू**
धरान

## गलत समाचार

*समय* (वर्ष ३, अंक १४४)मा 'बहुरुपी पहाडी' शीर्षक समाचार पढ्दा ताजुब लाग्यो। त्यो समाचार द्वेष, भ्रमपूर्ण र पूर्वाग्रही भएको प्रस्ट्याउन चाहन्छु।

जसलाई पनि उपयोग गर्न प्रखर माओवादीहरूले मलाई उपयोग गर्न खोजे। म स्वतन्त्र पत्रकार भएको कारण उनीहरूका पनि समाचार छाप्थैं। मैले त्यो कुनै आस वा त्रासले गरेको होइनँ। म कहिल्यै माओवादीको निकट भइनँ, उनीहरूको समाचार लेखेकै कारण उनीहरूको 'अत्यन्त नजिक' भन्नु मलाई सिध्याउने षड्यन्त्र हो। यसैबीचमा कांग्रेसले जाहेरीमा नै केदार घिमिरेको हत्यामा संलग्न भन्दै ज्यानमारा मुद्दा भिराए। प्रशासनबाट यस्तो बेला 'स्वतन्त्र हुने व्यक्ति त माओवादी मात्र हुन्छ' भन्दै पक्राउ गरियो। कांग्रेस र एमालेले जिम्मा लिन सक्दैनौं भनेपछि जेल कोचियो।

उपत्यकाबाहिरका पत्रकारको नाम लिँदा हिजोआज मेरो नाम छुट्नुको अर्थ म अब कांग्रेस, एमाले वा माओवादीको पुच्छर नहुने भयो भन्ने ठम्याइबाहेक अर्को कुन त्यस्तो कारण छ ? माओवादीको क्रूरतापूर्ण हर्कतले मेरो हात भाँचिएको छ भने टाउकोमा पाँचवटा टाँचा लगाइएको छ।

म त्यही व्यक्ति हुँ, जसले हिजोका दिनमा म भित्र जगमगाइरहेको राष्ट्रियता र प्रजातन्त्र रुपी आस्थाको किरणले स्थायित्व पाउन सक्ने आधार प्रतिबन्धित अवस्थामा कांग्रेसमा देखेँ र त्यहाँ क्रियाशील भएँ। तर आज मेरो आस्थाको ज्योतिले मौलाउने ठाउँ राप्रपामा देखेको छ र राप्रपा भएको हुँ।

■ **नवराज पहाडी**
हाल : शिक्षण अस्पताल, महाराजगन्ज

## सरकारको दुर्दशा

*समय* (वर्ष ३, अंक १४४)मा समेटिएको फोहोरमाथिको राजनीतिक समाचार हेर्ने मौका पाएँ। मुलुकले राजनीतिक निकास पाएको भए पनि विभिन्न समस्याका कारण अहिलेको सरकार झन् भड्खालोमा परेको छ। नेपालगन्जबाट सुरु भएको असन्तोषको आगोले तराईलाई बाल्यो। गृहमन्त्रीको अहं र दम्भले अब फेरि मुलुक कति जल्ने हो। यसको लेखाजोखा गरी साध्य छैन। जनजातिले खुकरी प्रदर्शन गर्दै राजधानीमा जुलस प्रदर्शन गरिसके र आफ्ना मागहरू समेटिएनन् भने साँच्चिकै हतियार लिएर अगाडि बढ्ने समेत बताइसकेका छन्। जताततै सरकार दिनदिन असफल बन्दै गएको छ।

अहिले आठ दलको अन्तरिम संसद् छ, मुलुकमा जताततै देखिएका समस्याहरू समाधान गर्ने काम कतैबाट हुन सकेको छैन। यसलाई सर्वसाधारण जनताले के भनेर सोच्ने ?

■ **मुक्ति पाण्डे**
अनामनगर, काठमाडौं

## यतातिर कहिले पुग्छ ध्यान ?

सुन्दरनगरी बेनीबजारबाट पुल तरेर जानासाथ देखिने कालीगण्डकीको तीरमा देखिने काटमारको दृश्यले लामोदूरीमा यात्रा गर्ने यात्रुहरूका लागि टाउको दुखाइको विषय बनेको छ।

सुन्दरताले भरिएको बेनीबजारमा र तीर्थयात्रुले पवित्रजलको रुपमा प्रयोग गर्ने कालीगण्डकीमा विगत ४ महिनादेखि राँगा काट्ने कार्य भइरहेका छन्। अव्यवस्थित काटमारका कारण प्रदूषण मात्र बढेको छैन, बसमा यात्रा गर्ने यात्रुहरूलाई समेत मानसिक पीडा हुने गरको छ। बेलैमा यतातिर सबैको ध्यान नपुग्ने हो भने कालीगण्डकी पनि विष्णुमती जस्तै नहोला भन्न सक्ने अवस्था छैन। बेलैमा यतातिर सम्बन्धित पक्षको ध्यान पुगे राम्रो हुनेछ।

■ **हरिकृष्ण गौतम**
बेनी
हाल : मैतीदेवी

## अझै उही रूप ?

*समय* (वर्ष ३, अंक १४४)को 'सांघातिक आक्रमण र रमिते प्रहरी' समाचार हेर्ने मौका पाइयो। चर्को नारा लगाउने माओवादीले आफू राजनीतिक मूलधारमा आइसकेपछि पनि आफ्नो आक्रमणकारी स्वरुपलाई परिवर्तन गर्न सकेको छैन। यसले उनीहरूको सही स्वरूप झन् प्रस्टिएको छ। आस्थाका आधारमा कसैमाथि आक्रमण गर्ने माओवादी रवैया आफैमा खेदपूर्ण छ।

■ **असीम बेल्बासे**
अर्घाखाँची
हाल : पल्चोक



कमल रिमाल

*समय* (वर्ष ३, अंक १४४)को पृष्ठ १६-१७ मा प्रकाशित 'अन्योलमा विराटनगर' र पृष्ठ २५ मा प्रकाशित 'दुई मोर्चाबीच फाटो' शीर्षक रिपोर्टमा प्रयोग गरिएका तस्बिर कमल रिमालका हुन्। नाम छुट्न गएकाले सच्याइएको छ।

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**



गणेश अधिकारी

# अझै अनिश्चितता : जर्मन सांसदहरू

**नेपाल भ्रमणमा** आएको जर्मन सांसदहरूको टोलीका सदस्यहरूले नेपालमा राजनीतिक परिवर्तन भएर माओवादी खुला राजनीतिमा आएको स्थितिमा पनि लगानीका लागि सुरक्षित वातावरण बन्न नसकेको अनुभव गरेका छन् । जर्मन संसद्मा प्रतिनिधित्व गर्ने विभिन्न दलका सांसदहरूको भ्रमणको क्रममा काठमाडौंलगायत मुलुकका विभिन्न क्षेत्रमा बन्द, हड्ताल जस्ता कार्यक्रम जारी रहेको अनुभव सुनाउँदै सांसदहरूले यस्तो स्थितिमा विदेशी लगानी आकर्षित हुन नसक्ने स्थितिको संकेत गरे । सांसदहरूले आफू फर्किएपछि संसद्मा नेपालको राजनीतिक, आर्थिक स्थितिको प्रतिवेदन दिनेछन् ।

जर्मन संसद्को दक्षिण एसिया समितिका सांसदहरूको टोलीले प्रमुख राजनीतिक दलका नेताहरूसँग भेटवार्ता गरेको थियो । टोलीको नेतृत्वकर्ता जोसेफ विन्क्लरले पत्रकारसँग कुरा गर्दै नेपालको राजनीतिक परिवर्तन सँगसँगै आर्थिक प्रगति पनि गर्नुपर्छ भन्ने मान्यतामा नेताहरूले कुरा गरेको बताए । विकासका निम्ति लगानीको वातावरण बन्नुपर्छ भन्ने कुरा नेपाली नेताहरूसमक्ष राखेको कुरा उनीहरूले सुनाए ।

जर्मन सांसदहरूको टोलीले प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, एमाले महासचिव माधवकुमार नेपाल, माओवादी अध्यक्ष प्रचण्ड लगायतका नेताहरूसँग भेटवार्ता गरेका थिए । पत्रकारसँगको कुराकानीमा विन्क्लरले संविधानसभाको निर्वाचनका लागि आवश्यक राजनीतिक वातावरण बन्नुपर्ने सुझाए दिएको पनि बताए । संविधानसभाको निर्वाचन निर्धारित मितिमा सम्पन्न गर्ने कुराभन्दा नेताहरूले निर्वाचन स्वतन्त्र र निष्पक्ष निर्वाचन कसरी गर्ने भन्ने कुरामा उनीहरूले सुझाव दिएका छन् ।

सांसदहरूले जर्मन सरकारको सहयोगमा निर्माणाधीन मध्यमर्स्याङदी जलविद्युत् आयोजना आगामी वर्षमा निर्माण सम्पन्न भइसक्ने विश्वास पनि व्यक्त गरे । आगामी वर्ष नेपाल-जर्मन सम्बन्ध स्थापनाको ५० वर्ष पुग्ने अवसरमा जर्मन सरकारको संसारकै सबैभन्दा ठूलो लगानी रहेको मध्यमर्स्याङदी निर्माण सम्पन्न हुने कुरामा सांसदहरू विश्वस्त देखिन्थे ।

माओवादी सशस्त्र विद्रोह लगायतका आर्थिक राजनीतिक कारणले मध्यमर्स्याङदी आयोजना निर्धारित समयभन्दा दुई वर्ष ढिला भइसकेको छ भने सुरुमा अनुमानित गरिएको १३ अर्ब ६५ करोडको लगानी बढेर २६ अर्ब पुग्ने स्थिति छ ।

# दिगो फोहर व्यवस्थापनमा कार्यक्रम

**दुई दशकदेखि नेपालमा** कार्यरत बेलायती अन्तर्राष्ट्रिय संस्था 'प्राक्टिकल एक्सन'ले एकीकृत तथा दिगो फोहर व्यवस्थापन कार्यक्रम संचालन गर्ने भएको छ । कार्यक्रम गरिने स्थानहरूमा नेपालगन्ज, भरतपुरजस्ता मध्यमखाले नगरपालिका तथा वीरेन्द्रनगर, व्यास नगरपालिका छन् ।

फागुन ३ मा काठमाडौंमा आयोजित एक औपचारिक कार्यक्रमबीच चारवटा नगरमा दिगो तथा एकीकृत फोहर व्यवस्थापन कार्यक्रमको घोषणा गरियो । युरोपेली संगठनको करिब २ करोड ( २ लाख २२ हजार ६१० युरो)को अनुदान सहयोगमा यो कार्यक्रम संचालन हुन लागेको हो ।

फोहरलाई पनि स्रोतका रुपमा लिएर नगरका गरिबहरूलाई लाभ पुऱ्याउने यसको उद्देश्य छ । फोहर उत्पादन कम गर्ने, उत्पादित फोहर पुनरुत्पादन गर्ने, सिसाजन्य फोहरको पुन:प्रयोग, कम्पोस्ट मल उत्पादन जस्ता व्यवहारिक प्रविधिको प्रयोगबाट फोहरको व्यवस्थापन गरिने कार्यक्रमको लक्ष्य छ । नगरपालिका लगायतका सरोकारवालाहरूसँगको सहकार्यमा आयोजनाले काम गर्ने कुरा घोषणासभामा प्राक्टिकल एक्सनका प्रमुख कार्यकारी निर्देशक सिमोन ट्रासले बताए । अहिलेसम्म चारवटै नगरपालिकामा डम्पिङसाइटको बारेमा सोच बनाइएको छैन ।

सरोकारवालाहरूको क्षमता अभिवृद्ध गर्ने, प्रविधिको विकास र परीक्षण तथा प्रचार-प्रसार गर्ने काम आयोजनाले गर्नेछ । प्राक्लिल एक्सनका प्रोगाम अफिसर विनयराज श्रेष्ठका अनुसार आयोजनाअन्तर्गतका चारवटा नगरपालिकाको फोहर व्यवस्थापन गर्न स्थानीय समुदायलाई समक्ष र प्रभावकारी बनाइनेछ । आयोजनको कार्यकाल २ वर्ष राखिएको छ ।

सानो नै सुन्दर भन्ने मान्यतामा काम गर्ने प्राक्टिकल एक्सन, प्रविधिलाई व्यवहार सहज र सस्तो किसिमले प्रयोगमा ल्याउन परिचित छ । गुरुवाकर्षण रोपवे निर्माण जस्ता चर्चित कार्यक्रमको अगुवा प्राक्टिकल एक्सनले नेपालका गोरखा, धादिङ, मुस्ताङलगायतका जिल्लाका काम गर्दै आएको छ ।


## मकालु यातायातको बस सेवा

कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३५५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट नि:शुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*

# विजानलाई सम्मान



**ताप्लेजुङको हेलिकप्टर** दुर्घटनामा ज्यान गुमाएका युएसएड नेपालमा कार्यरत वातावरणविद् डा. विजान आचार्यलाई 'थोमस जेफर्सन अवार्ड'ले मरणोपरान्त सम्मानित गरिएको छ। युएसएडको नेपालस्थित कार्यालयमा आयोजित कार्यक्रममा अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीले डा. आचार्यको परिवारलाई थोमस जेफर्सन अवाड प्रदान गरेका थिए। अमेरिकी सरकारले कामको सिलसिलामा ज्यान गुमाएकाहरूलाई यो अवार्डले सम्मान गर्छ। दुर्घटनामा ज्यान गुमाएका युएसएड नेपालका सहायक निर्देशक एलेक्सएन्डरलाई पनि संयुक्तरुपमा यो अवार्ड प्रदान गरिएको थियो।

कार्यक्रममा राजदूत मोरियार्टीले विजानको मृत्युले उनको परिवार, साथीहरू र समकक्षीहरूमा ठूलो क्षति पुगेको बताउँदै आफ्नो देशको राजदूतको नाताले उनको परिवारलाई यो अवार्ड दिन पाएकोमा खुसी लागेको उल्लेख गरे। डा. आचार्यले एक दशकदेखि युएसएडमा वातावरणविद्को रुपमा काम गर्दै आएका थिए।

# कोपभाजनको सिकार ?

**दस महिना**देखि गृहमन्त्री कृष्णप्रसाद सिटौलाको राजनीतिक कोपभाजनको सिकार बनाइएका अतिरिक्त प्रहरी महानिरीक्षक राजेन्द्रबहादुर सिंहले फागुन ६ देखि अवकाश पाएका छन्। यसरी अवकाश पाउने उच्च प्रहरी अधिकारीमा उनी पहिलो हुन्। प्रहरी नियमावलीमा तीसवर्षे सेवापछि अनिवार्य अवकाश हुने व्यवस्था भए पनि नियममै दुई वर्ष सेवा थप्न सक्ने प्रावधान छ। मन्त्रिपरिषद्ले दुई वर्ष थप्न सक्ने प्रावधान कार्यान्वयन नगरेर उनलाई अनिवार्य अवकाशको स्थितिमा पुऱ्याइयो। एक दशकपछि सिंह पहिलो पटक म्याद नथपिएर अनिवार्य अवकाश पाउने अधिकारी बन्न पुगे।

लोकतान्त्रिक सरकारको स्थापनापछि निलम्बन र कात्तिक २९ पछि गृह मन्त्रालयमा काजमा थन्काइएका उनको अनिवार्य अवकाश गृहमन्त्री कृष्णप्रसाद सिटौलाको दबाबअनुसार भएको स्रोतको दाबी छ। प्रहरी नियमावलीमा प्रहरी प्रधान कार्यालयले आफ्ना अधिकारीहरूको पदावधि थप गर्न सिफारिस गर्छ र डिआइजीभन्दा माथिल्लो पदमा मन्त्रिपरिषद्ले त्यो सिफारिस सदर गर्ने गर्छ। उनको हकमा भने प्रहरी महानिरीक्षक ओमविक्रम राणाले सिफारिस नै गरेनन्। महानिरीक्षक राणाले आफ्नो नाममा सिफारिस नगरेको थाहा पाएपछि सिंहले गृह मन्त्रालयमा दुईवर्षे प्रावधान थप गर्न आवेदन गरेका थिए। उनको व्यक्तिगत आवेदन गृहमन्त्रीबाट अघि बढेन भने गृहमन्त्रीकै दबाबमा ओमविक्रमले सिफारिस नगरेको बताइन्छ। उनको म्याद थप नभए पनि फागुन ६ कै मितिदेखि ६ जना डिआइजीहरू हेमबहादुर गुरुङ, रमेश श्रेष्ठ, दीपेन्द्र विष्ट, श्यामसिंह थापा, रवि श्रेष्ठ, कृष्णप्रसाद श्रेष्ठ र श्यामसिंह थापाको भने २ वर्षका लागि कार्यकाल थप भएको छ। प्रहरी संगठनमा लोकप्रिय शाहको पजनीलाई राजनीतिक आक्रमणका रूपमा लिइएको छ। ■

# सहारालाई सात लाख

**बेलायतमा काम** गरिरहेका गोर्खालीहरूबाट संकलन गरिएको साढे सात लाख रुपैयाँ पोखराको सहारा क्लबलाई प्रदान गरिएको छ।

बेलायतवासी नवीन गुरुङले उक्त रकम क्लबलाई हस्तान्तरण गरेका हुन्। यसअघि पनि उनले क्लबलाई झन्डै ८ लाख रुपैयाँ र एउटा मोटरसाइकल सहयोग गरिसकेका छन्। यसपालि पनि उनले नगदसँगै खेलकुद सामग्री बोकेर ल्याएका थिए। आफूलाई क्लबका लागि सहयोग बटुल्न नर्वेली नागरिक गुनारले पनि सहयोग गरेको उनले बताए। पोखराको सहारा क्लबले बीसजना अनाथ बालकहरूलाई बटुलेर फुटबल प्रशिक्षणसँगै पढाइलेखाइ र खानपान तथा बसोवासको समेत व्यवस्था गरेको छ। सहाराले गरेको सामाजिक कार्यबाट प्रभावित भएर काठमाडौं घर भएका नवीनले सहयोग थालेका हुन्।

सहारा क्लबले भर्खरै मात्रै ३० रोपनी जमिनसमेत खरिद गरेको छ। नवीनबाट प्राप्त रकम उक्त जमिनमा फुटबल एकेडेमी निर्माणार्थ लगानी गर्ने सोच बनाइएको क्लबका अध्यक्ष विक्रम थकालीले बताए।

# म्यानेजर अफ दि इयर

**बुटवल पावर** कम्पनी लिमिटेडका बोर्ड डाइरेक्टर ज्ञानेन्द्रलाल प्रधान 'म्यानेजर अफ दि इयर अवार्ड-२००६' बाट सम्मानित भएका छन्। नेपाल व्यवस्थापन संघले वर्षभरिका एकजना उत्कृष्ट व्यवस्थापकलाई उक्त अवार्ड प्रदान गर्दै आएको छ। 'वि लाइट दि नेसन' भन्ने नाराका साथ 'गाउँ र देशको विकास जल विद्युत्मार्फत' भन्ने मन्त्रलाई अँगालेको बुटवल पावर कम्पनीले नेपालको जलविद्युत्को विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।






# माओवादीद्वारा स्वर्गद्वारी आश्रममा तालाबन्दी



**अन्तरिम विधायिकामा** आएको पर्सिपल्ट माघ ३ गते दिउँसो १.०० बजेतिर सयौं संख्यामा आएका माओवादीहरूले देउखुरी वनगाउँस्थित स्वर्गद्वारी आश्रममा तालाबन्दी गरेपछि एक महिनाभन्दा लामो समयदेखि आश्रमवासी समस्यामा परेका छन्।

आश्रममा तालाबन्दी गरेपछि माओवादीले भित्र छिर्दा बालेका बत्ती अझै बलिरहेकै छन् भने पंखा पनि चलिरहेकै छन्। आश्रममा छिर्नासाथ उनीहरूले सबैलाई तत्काल बाहिर निस्कन आदेश दिए। जन्डिसले ग्रस्त १३ वर्षीय विद्यार्थी मेघनाथ सुवेदीलाई औषधीसम्म निकाल्न दिएनन्, माओवादीले। सुवेदी भन्छन्, 'मैले आफ्नो ओखती निकाल्न दिनुहोस् भन्दा पनि सुनेनन्।' दम रोगी ६२ वर्षीय हेमबहादुर खत्रीले पनि औषधीसम्म निकाल्न पाएनन्।

आश्रममा तालबन्दी गरिएपछि देउखुरीस्थित विद्यार्थी र गाई सबैलाई यस्तो चिसोमा प्यूठान पठाइएको छ भने अन्नबाली सबै माओवादीको कब्जामा भएकाले आश्रमको दैनिक कार्यसम्पादनमा पनि समस्या उत्पन्न भएको छ।

आश्रम सुचारु गर्न माघ दोस्रो साता दाङमा सर्वदलीय बैठक भएको थियो, जसमा प्रमुख जिल्ला अधिकारी, भूमिसुधार अधिकारी, मालपोत अधिकृत, पत्रकार महासंघ र स्थानीय व्यक्तिहरू सहभागी थिए। सर्वदलीय बैठकमा माओवादीका 'शीतल'ले यसबारे आफूले केही गर्न नसक्ने बताउँदै दुई तीनजनाको टोली बनाउने आश्वासन दिएका थिए। शीतलले विद्यार्थीलाई अप्ठेरो परेको भए तालाबन्दी खोलिने बताए पनि हालसम्म ताला खोलिएको छैन।

स्वर्गद्वारी आश्रमको नाममा रहेको भूमि र सम्पत्ति कब्जा गर्न पटक-पटक प्रयास भइरहेका थिए। यसैक्रममा भू-माफियाहरूको प्रभावमा लागेर आश्रमको जमिनलाई गुठी संस्थानले पनि राजगुठी भनेर जबरजस्ती निर्णय गराउन खोजेको थियो। सर्वोच्च अदालतबाट उत्प्रेषण मिश्रित परमादेश जारी भएपछि भने गुठी संस्थानको प्रयास असफल भएको थियो। उक्त गुठी स्वर्गद्वारी आश्रमका संस्थापक बालतपस्वी महाप्रभु र उनका चेलाहरूले आश्रममा चढाएको भेटीबाट किनेको हुनाले निजी गुठी हो। १९५२ साल वैशाख पूर्णिमादेखि सञ्चालित उक्त आश्रम राज्यको कुनै लगानी नभएको विशुद्ध धार्मिक गुठी हो। आश्रममा पूजा, हवनादि कार्य, गौशाला, ४ सयभन्दा बढी विद्यार्थीको शिक्षादीक्षा, साधुसन्त र तीर्थयात्रुहरूको सेवा प्रबन्ध उक्त भूमिबाट प्राप्त आम्दानीबाट गर्दै आएको छ।

खुसीराम चौधरी समेतका ६३ जनाले मोही जग्गा बाँडफाँडको सन्दर्भ उठाई मुद्दा हालेकोमा सर्वोच्च अदालतले उक्त जग्गा कसैले पनि किनबेच गर्न नपाउने भनी गरेको फैसलाबाट भू-माफियाहरू तिल्मिलाएका थिए। गुठी संस्थानबाट उक्त निर्णय गराउने प्रशासक सेमन्तराज चापागाईं र सह-प्रशासक हेमराज सुवेदी समेतले आफ्नो षड्यन्त्र सर्वोच्च अदालतबाट बदर भएपछि प्रतिनिधिसभा प्राकृतिक स्रोत साधन समितिको टोलीमा सहभागी भई उक्त जग्गालाई निःसर्त रैकरमा परिणत गर्न नयाँ समिति गठन गराउन खोजेको देखिन्छ।

■ डिल्ली आचार्य/काठमाडौं

# छैन तलब

**त्रिभुवन विश्वविद्यालयका** पदाधिकारीहरूको नियुक्तिमा ढिलाइ भएकाले महेन्द्र मोरङ बहुमुखी क्याम्पस, विराटनगरका २ सय ४६ जना प्राध्यापक र कर्मचारीहरूले चार महिनादेखि तलब खान पाएका छैनन्। आंशिक प्राध्यापकका रुपमा कार्यरत ८० जनाले १८ महिनादेखिको करिब ८० लाख रुपैयाँ भुक्तानी पाएका छैनन्।

प्रजातान्त्रिक प्राध्यापक संघ महेन्द्र मोरङ क्याम्पस, विराटनगरका अध्यक्ष कुमार आचार्य भन्छन्, 'तलब नपाउँदा भोको पेट पढाउन आउनु पर्ने बाध्यात्मक स्थिति सृजना भएको छ।' स्थायी प्राध्यापकहरूका लागि तलब खुवाउने रकम क्याम्पसमा भए पनि चेकमा हस्ताक्षार गर्न निमित्त क्याम्पस प्रमुखलाई अख्तियारी नहुँदा यो समस्या परेको आचार्यले बताए।

क्याम्पसको लेखाशाखाले जनाएअनुसार करिब ८० जना आंशिक प्राध्यापकहरूले १८ महिनादेखि पाउनु पर्ने ६० लाख रुपैयाँ र १९ जना करारवालाले पाउनु पर्ने करिब १८ लाख रुपैयाँ भुक्तान हुन बाँकी छ। क्याम्पसमा रकम भएर पनि अख्तियारी नपाउनाले भुक्तान गर्न नपाएकाले एक महिनादेखि क्याम्पसका टेलिफोन लाइन दूरसंचार कार्यालयले काटिदिएको छ भने बिजुलीको लागि विद्युत् प्राधिकरणले पाँच लाख रुपैयाँको ताकेता गरी पत्र पठाएर लाइन काट्ने सूचना जारी गरेको छ।

क्याम्पस प्रमुख गोपाल कार्कीको २०६३ साल जेठ २४ गते म्याद समाप्त भएपछि उनले निमित्त क्याम्पस प्रमुखका रुपमा सहायक क्याम्पस प्रमुख महेन्द्रनारायण यादवलाई जिम्मा दिएका थिए। यादवको सहायक क्याम्पस प्रमुखको अवधि पनि समाप्त भएपछि अर्का सहायक क्याम्पस प्रमुख डा. गोविन्दमानसिंह कार्कीले निमित्त पाए। हालका निमित्त क्याम्पस प्रमुख कार्की भन्छन्, 'त्रिभुवन विश्वविद्यालयको केन्द्रमा पदाधिकारीहरू नभएकाले आर्थिक कारोवारको अख्तियारी नपाएकाले समस्या परेको हो।' केन्द्रले अख्तियारी नदिएपछि फागुन ६ गते क्याम्पसका प्राध्यापक संघ, कर्मचारी संघ, स्वतन्त्र विद्यार्थी युनियन, आंशिक तथा कोर्ष करार संघ लगायतको सर्वपक्षीय भेला गरी तलबका लागि निमित्त क्याम्पस प्रमुखको हस्ताक्षरले काम चलाउन स्वीकृति दिन मोरङका प्रमुख जिल्ला अधिकारीकोमा संयुक्त निवेदन हालेपछि फागुन ७ जिल्ला प्रशासनले तलब मात्र निकासा गर्न पाउने गरी हस्ताक्षर प्रमाणित गरिदिएको छ। क्याम्पसमा बसेको सर्वपक्षीय भेलाले कोर्ष करारको लागि दुई महिनाको तलब र आंशिक प्राध्यापकहरूलाई गरी १० लाख रुपैयाँ क्याम्पस विकास कोषबाट निकासा गर्ने सहमति भएको छ।

आंशिक प्राध्यापकहरूको रकम भने केन्द्रबाट नै निकासा नभएको क्याम्पस प्रशासनले जनाएको छ।

■ **विजयप्रसाद मिश्र/विराटनगर**





# इँटा जति धुलोपीठो

**उत्पादनको अन्तिम** तयारीमा पुगेका करोडौंका इँटा पानीले बिगारेपछि लुम्बिनी अञ्चलका इँटा उद्योगहरू धराशायी भएका छन् ।

गत साता दुई दिनसम्म आएको वर्षाले सबै इँटा उद्योगहरूको बेहाल पारेको हो । इँटा व्यवसायी संघको भनाइमा वर्षाले दुई दिनभित्रै ६ करोडभन्दा बढी इँटा नष्ट गरेको थियो ।

व्यवसायीहरूले झन्डै साठी करोडका इँटा नोक्सान भएको बताएका छन् । अहिलेसम्म इँटाको सरदर मूल्य पाँचदेखि आठ रुपैयाँ थियो ।

'महिनौंको मेहनत, लाखौंको लगानी, सबै डुब्यो', लुम्बिनी इँटा व्यवसायी संघका अध्यक्ष चेतमान श्रेष्ठले बताए, 'अब त्यति इँटा बनाउन महिनौं समय र लाखौं लगानी चाहिन्छ ।'

लुम्बिनी अञ्चलमा ६६ वटा इँटा उद्योग छन् । ती सबैमा इँटा उत्पादन अन्तिम चरणमा पुगेको थियो । संघको भनाइमा तीमध्ये प्रत्येकमा वर्षाले ५ देखि १० लाखसम्मको क्षति पुऱ्याएको छ । रुपन्देही जिल्ला इँटा उत्पादनका लागि नामुद ठाउँ हो । यहाँ उत्पादन हुने इँटाहरू बाहिरी जिल्लाहरूमा पनि प्रशस्त मात्रामा जाने गर्दछ ।

त्यसो त अविरल वर्षाले रुपन्देहीको बुटवल र आसपासका हिउँदे खेतीलाई नराम्ररी क्षति पुऱ्याएको थियो । खासगरी भरखरै पहेंलै पाकेर स्याहार्नै लागेको तोरी पानीले डुबाएर नष्ट गरिदिएको थियो । किसानहरूले गोडेर सुकाएका धेरैजसो तोरीका पाँजा पनि पानीले डुबाएको थियो र बँचेका पाँजासमेत पानीले चुटेर दाना भुइँभरी पारेको थियो । अन्य धेरै क्षेत्रमा क्षति पुऱ्याए पनि लुम्बिनी अञ्चलमा सबैभन्दा क्षति पुगेको इँटा व्यवसाय नै हो । त्यस दिन लुम्बिनी अञ्चलमा सबभन्दा बढी ९८ मिलिमिटर पानी परेको थियो ।

लुम्बिनी इँटा व्यवसायी संघका अनुसार एक मौसममा लुम्बिनी अञ्चलभित्र करिब १५ करोडभन्दा बढीको इँटा उत्पादन हुने गरेको छ । फागुन महिनाको अन्तिम समय इँटा पोल्ने मौसम हो । अहिले वैशाखदेखि मंसिरसम्म तयार पारिएका सबै इँटा माघ महिनाको अन्तिमतिर पोल्न सुकाइएका थिए । एक्कासि आएको अविरल वर्षाले त्यस्ता इँटा सुक्नुअघि नै नोक्सान पुऱ्याइदिएको हो ।

सुकिसकेपछि पोल्न तयार पारेर राखेका इँटा समेत वर्षाले नोक्सान गरेको छ । पोल्न भनेर तयार पारिँदै गरेका इँटा नोक्सान भएपछि आफूहरूलाई कर्जाको सावा ब्याज बुझाउन समेत कठिन हुने इँटा व्यवसायीहरू बताउँछन् ।

'धेरै इँटा व्यवसायीहरू विस्थापित हुने अवस्था भएको छ । यस्तो बेलामा इँटा व्यवसायीहरूलाई सुचारु रूपले व्यवसाय सञ्चालन गर्न सरकारले सहयोग गर्नु पर्ने भएको छ । इँटामाथि लगाउदै आएको कर एक वर्षका लागि मिनाहा गर्नुपर्छ', व्यवसायी भन्छन् ।

करोडौंको नोक्सान भए पनि व्यवसायीहरूले इँटाको मूल्य बढाएर क्षतिपूर्ति निकाल्ने रणनीति अपनाएका छन् । यसबाट वर्षाले इँटामा पुऱ्याएको क्षतिको प्रत्यक्ष मार भने सर्वसाधारणलाई नै परेको छ । किनभने अब इँटाको मूल्य आकासिएको छ । इँटा व्यवसायीहरूको आकस्मिक बैठकले इँटाको मूल्य ३३ प्रतिशत बढाउने निर्णय गरेको छ ।

■ दीपक ज्ञवाली/भैरहवा




# व्यवसायीको विवाद, यात्रुलाई हैरानी




**सुर्खेतस्थित मध्यपश्चिमाञ्चल** यातायात व्यवसायी संघ र सल्यानको भेरी-राप्ती यातायात व्यवसायी संघबीच केही महिनादेखि चर्किएको विवादका कारण त्यस क्षेत्रका यात्रुले निकै हैरानी खेप्नु परेको छ।

बसको 'क्यु'का विषयमा दुई समितिबीच सहमति हुन नसकेपछि झन्डै ३ महिनादेखि त्यस क्षेत्रमा बस चल्न सकेका छैनन्। समितिको विवादका कारण वीरेन्द्रनगर र नेपालगन्जलगायतका ठाउँबाट सल्यानको सल्लीबजार हुँदै सुर्खेतकै औलभ्यामासम्म पुग्ने बसहरू अहिले करिब ४१ किमी वरै बोटेचौरसम्म मात्र पुग्छन्।

यसले गर्दा सुर्खेतको छिन्चु हुँदै सल्यान, जाजरकोट र रुकुम पुग्ने सर्वसाधारणसमेत प्रत्यक्ष प्रभावित भएका छन्। त्यस क्षेत्रका यात्रुहरू मालवाहक ट्रक, ट्याक्टर र जिपहरूमा भेडाबाख्राझैं खाँदिएर आफ्नो गन्तव्यसम्म पुग्नुपर्ने अवस्था छ। सुर्खेत र नेपालगन्जबाट दैनिक डेढ दर्जन बस ओहोर-दोहोर गर्ने छिन्चु-सल्लीबजार सडकखण्ड अहिले सुनसानझैं भएको छ।

विवाद साम्य पार्न सुर्खेत र सल्यानका प्रमुख जिल्ला अधिकारीसमेतको उपस्थितिमा दुवै समितिका पदाधिकारीबीच विभिन्न ठाउँ र चरणमा वार्ता पनि भइसकेका छन्। वार्ताबाट समस्याको निकास नआएपछि दुवै समितिका कर्मचारीबीच पटक-पटक खुकुरी र भालाजस्ता घरेलु हतियारसहित झडप पनि भयो, जसमा दुवै पक्षका केही कर्मचारी घाइते पनि भएका छन्।

विवादको विषयलाई लिएर माघ ३ गते सुर्खेतको छिन्चुमा गरिएको छलफल विनानिष्कर्ष स्थगित भएपछि मध्यसमितिका कर्मचारीहरूले आफूहरूमाथि सांघातिक आक्रमण भएको र आफूहरू त्यहाँबाट भागेर ज्यान जोगाउन सफल भएको भेरी-राप्ती समितिका पदाधिकारीहरू बताउँछन्। मध्यपश्चिम समितिले भने पहिला भेरी-राप्तीका कर्मचारीले आफ्ना कर्मचारीमाथि हातपात र दुर्व्यवहार गरेका कारण त्यसको प्रतिकार गरिएको जनाएको छ।

मध्यपश्चिम समितिबाट सञ्चालित चारवटा गाडी भेरी-राप्ती समितिले नियन्त्रणमा लिई सल्लीबजारदेखि करिब ७ किमी पूर्व नाथेखोलामा राखिएको छ। जसमध्ये दुईवटा गाडीमा क्षति पुगेको छ भने औलभ्यामामा रहेको भेरी-राप्ती समितिको एउटा बसलाई मध्यपश्चिम समितिका कर्मचारीहरूले तोडफोड गरेका छन्। मध्यपश्चिम समितिका कर्मचारीहरूको अवरोधका कारण सल्लीबजारमा अहिले पेट्रोलियम पदार्थको अभाव रहेको बताइएको छ। बोटेचौरमा रहेका मध्यसमितिका कर्मचारीहरूले सल्लीबजार जाने गाडीहरूमा पेट्रोलियम पदार्थ लैजान नदिएको, सल्लीबजार जाने गाडीका ट्यांकीमा पनि दूरीअनुसारको डिजेल, पेट्रोल मात्र लैजान दिने गरेको भेरी-राप्ती समितिको आरोप छ।

■ **गणेशकुमार कार्की/सल्लीबजार, सल्यान** (तस्बिर पनि)


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो। हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

# दबिएका समूहको सभा



वर्षौंदेखि पछि पर्दै आएका पश्चिम नेपालका मुक्त कमैया र थारुहरूले बदलिँदो परिवेशमा हक र अधिकारको माग गर्दै नेपालगन्जमा यसै साता बृहत् सभा सम्पन्न गरेका छन् । सबै नागरिकलाई समान अवसर र समान व्यवहार हुनुपर्ने नाराका साथ ब्याकवार्ड सोसाइटी एजुकेसन (बेस)ले आयोजना गरेको 'दबिएका समूहहरूको सभा' नामको सम्मेलनमा पश्चिम नेपालका बाँके, बर्दिया, कैलाली, कन्चनपुर र दाङका मुक्त कमैया तथा थारू सहभागी थिए ।

अहिलेसम्म राज्यको मूलधारमा आउन नसकेका जातजातिहरूलाई माथि आउन राज्यले सहयोगी भूमिका खेल्नुपर्ने माग गर्दै नेपालगन्ज आइपुगेका मुक्त कमैयाहरूले अब पनि पछि परेका समूहलाई बेवास्ता गरेको खण्डमा सामाजिक आन्दोलनको चेतावनीसमेत दिएका छन् ।

ग्रामीण भेकबाट बच्चाहरूलाई समेत साथमै लिँदै खानाको लागि चाहिने चामल पनि साथमै लिएर आएका महिला र पुरुषहरूले दुई दिनसम्म नेपालगन्जमा जम्मा भएर आफ्ना माग र समस्या सार्वजनिक गर्नुको साथै ती समस्या हल गर्न भावी दिनमा के गर्न सकिन्छ भनेर छलफलसमेत गरेका छन् ।

बेसका अध्यक्ष डिल्लीबहादुर चौधरीका अनुसार लामो समयदेखि पछि पारिँदै आएका थारूका समस्या उजागार गर्ने उद्देश्यले यसपटक दबिएका समूहहरूको भेला आयोजना गरिएको हो । दबिएका समूहको भेलामा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले मुलुक संघीय राज्य हुनबाट कसैले रोक्न नसक्ने जनाउदै संघीय राज्य निर्माणपछि पछि परेका सबै जनजाति राज्यको मूलधारमा आउने बताए । पुस्तौंदेखि दासतापूर्ण जीवन बिताउँदै आएका पश्चिम नेपालका मुक्त कमैयाहरूलाई ५ वर्षअघि सरकारले मुक्त घोषणा गरे पनि अहिले पनि सरकारले उनीहरूको बस्ने व्यवस्थालगायतका प्रतिबद्धता जनाएअनुसार अन्य सुविधा पूरा गर्न नसकेको आरोप लाग्दै आएको छ ।

■ रुद्र खड्का/नेपालगन्ज








हरेक चाडपर्व एवम् सांस्कृतिक परम्पराहरू देशका राष्ट्रिय पहिचान हुन् । यस्ता कुराहरूको अन्त्य हुनु भनेको राष्ट्रिय पहिचान गुम्नु हो । राष्ट्रिय पहिचान जगेर्नाको लागि पनि चाडपर्व एवम् सांस्कृतिक परम्पराको प्रवर्द्धन र संवर्द्धन गर्नु हाम्रो नैतिक दायित्व हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सरकारले माओवादी सेनाको लागि ३५ करोड रुपैयाँ निकासा गरेको छ, तर शिविर व्यवस्थापनका कतिपय न्यूनतम आवश्यकता पूरा भएका छैनन् । माओवादीले भने भौगालिक विकटता समग्र देशको विकासको समस्याले गर्दा आवश्यकता पूरा हुन नसकेको बताएको छ । माओवादीले सरकारले विनियोजन गरेको रकम अपर्याप्त भएका कारण आफ्ना शिविरलाई पूर्णरुपमा व्यवस्थित गर्न नसकिएको बताएको छ ।

# अव्यवस्थित

■ गोविन्द परियार/सिन्धुली (तस्वीरप पनि)

सिन्धुलीको दुधौलिमा राखिएको माओवादीको दोस्रो डिभिजनमा बसोवास, खानेपानीलगायतका न्यूनतम आवश्यकता उपलब्ध नभएका कारण अधिकांश छापामारहरू बारम्बार विरामी हुने गरेका छन् । माओवादी शिविरहरूको भ्रमणपछि संयुक्त राष्ट्रसंघीय नेपाली मिसनका प्रमुख इयान मार्टिनले माओवादी शिविरभित्र रहेका छापामारहरूको अवस्था सन्तोषजनक नभएको बताएका थिए ।

पाँच सय पचास लडाकु राखिएको यो दुई नम्बर डिभिजनमा शुद्ध पिउने पानीको व्यवस्था छैन । माओवादी छापामारहरूले खोलाको पानी पिउँदै आएका छन्, तर पानी परेको समयमा खोलामा धमिलो पानी आउने भएकाले समस्या भोग्नु परेको बताएका छन् । दुधौली गाविसमै खानेपानीको समस्या भएका कारण थप पाँच सय पचास माओवादी लडाकुलाई शुद्ध पिउने पानी उपलब्ध हुन सकेको छैन । माओवादी सेनाको दोस्रो डिभिजनका सहायक कमान्डर प्रमोद भन्छन्, 'शुद्ध पिउने पानी लगायतका न्यूनतम आवश्यकता हामीले उपभोग गर्न पाएका छैनौं ।' रातमाटे सामुदायिक वन क्षेत्रमा राखिएको माओवादीको दोस्रो डिभिजनमा छापामारहरू बस्नको लागि अस्थायीरुपमा त्रिपालका घर बनाइएको भए पनि पानी परेको समयमा त्यहाँ पानी पस्ने र त्रिपाल उडाउने गरेकाले थप समस्या भोग्नु परेको प्रमोदले

▼ सिन्धुली, दुधौलीस्थित माओवादीको २ नम्बर शिविर



समयसँग बताए । उनी भन्छन्, 'पिउने पानी र बसोवास राम्रो नभएका कारण शिविरमा रहेकाहरू बिरामी पर्ने गरेका छन् ।'

सरकारले माओवादी सेनाको लागि ३५ करोड रुपैयाँ निकासा गरेको छ, तर शिविर व्यवस्थापनका कतिपय न्यूनतम आवश्यकता पूरा भएका छैनन् । माओवादीले भने भौगालिक विकटता समग्र देशको विकासको समस्याले गर्दा आवश्यकता पूरा हुन नसकेको बताएको छ । माओवादीले सरकारले विनियोजन गरेको रकम अपर्याप्त भएका कारण आफ्ना शिविरलाई पूर्णरुपमा व्यवस्थित गर्न नसकिएको बताएको छ । दुई नम्बर डिभिजनअन्तर्गतको माओवादी छापामारहरूको दर्ता प्रक्रिया गत हप्ता पूरा भएको छ । माओवादीका सात शिविरमध्ये एक नम्बर शिविर इलामको चुलाचुलीबाहेक सबै ठाउँमा छापामार र हतियार दर्ता प्रक्रिया सकिएको छ ।


## स्थानीयवासी बेखुसी

माओवादी शिविर बस्ने भएपछि खुसी भएका स्थानीय बासिन्दाहरू अहिले भने माओवादीप्रति आक्रोशित देखिएका छन् । 'माओवादी शिविरसहित विकास निर्माणका अन्य कार्यक्रम पनि आउँछ भन्ने सोचेका थियौं, तर त्यो केही पनि भएन', स्थानीयवासी रामशरण कार्की बताउँछन् । माओवादीको पाँच सय पचास लडाकु, संयुक्त राष्ट्रसंघका अनुगमनकर्ता नियमित रुपमा बस्दै आएको दुधौलीको कर्थाको स्थानीय बजारमा भने कुनै परिवर्तन देखिएको छैन । माओवादीले आफूहरूलाई आवश्यक पर्ने सबै सामान ठेक्कामार्फत ल्याउने गरेकाले पनि स्थानीय पसलहरूको व्यापार बढ्ने स्थानीयवासीहरूको आशा पूरा भएन । स्थानीय व्यापारी जयप्रसाद दाहाल भन्छन्, 'माओवादीको शिविरभित्र स्थानीय व्यापारीहरूबाट सामान जाँदैन, उनीहरूले बाहिरैबाट ल्याएका हुन्छन् र उनीहरूको आफ्नै पनि पसल राखिएको छ ।' सुरुमा बजार विस्तार हुने आशामा यहाँका स्थानीय व्यापारीहरू माओवादीको शिविर बस्न आएकोमा गाउँको विकास हुने आशामा हर्षित देखिएका थिए । सामान्य किनमेलसमेत आफ्ना पसलहरूमा नहुन थालेपछि भने स्थानीयवासीहरूले शिविर राखेर आफूहरूलाई कुनै फाइदा नभएको बरु थप झन्झट भएको बताउन थालेका छन् । स्थानीय व्यापारी कृष्णबहादुर बानिया भन्छन्, 'माओवादीहरूले भित्रै पसल खोलेको र अन्य खाद्य सामग्री ठेकेदारमार्फत आपूर्ति हुने गरेकाले स्थानीय व्यापारमा कुनै परिवर्तन आएको छैन ।' त्यसो त स्थानीय स्कुलनजिकै शिविर राखिएकाले विद्यार्थीहरूको पठनपाठनमा असर पुगेको गुनासो स्थानीय बासिन्दाहरूको छ । स्कुलबाटै माओवादीका सबै गतिविधि नियाल्न सकिने हुँदा किशोर विद्यार्थीहरूको मानसिकतामा नकारात्मक असर परेको स्थानीयवासी कार्की बताउँछन् । सैन्य गतिविधिहरू स्कुल क्षेत्रनजिक राख्न नपाइने भए पनि नेपालमा सेना, प्रहरी र माओवादीका शिविरहरू राख्दा यसमा ध्यान दिइएको हुँदैन ।

माओवादीको शिविर बसेपछि स्थानीय विकासमा पनि खासै सुधार नभएको गुनासो स्थानीयवासीको छ । करिब एक किलोमिटर धुले सडकमा 'ग्राभल' बाहेकको भौतिक विकास भएको छैन । बिजुलीको पोल गाडेको धेरै समय बितिसक्दा पनि बिजुली नदिएकोमा माओवादी शिविर बसेपछि बिजुली आउने आशा स्थानीयवासीहरूले गरेका थिए, तर अझैसम्म पनि बिजुली दिने कुनै संकेत नदेखिएको गुनासो स्थानीयवासी वासुदेव कार्की बताउँछन् । उनी भन्छन्, 'माओवादीको शिविरसँगै संयुक्त राष्ट्रसंघको टोलीले पनि अनुगमन गर्ने भएकाले भौतिक विकास हुने आशा हामीले गरेका थियौं, तर यस्तो संकेत अझैसम्म देखिएन ।' उता बिजुली बत्ती नभएका कारण समस्या भोग्नु परेको माओवादीहरूले बताएका छन् । सहायक कमान्डर प्रमोद भन्छन्, 'बिजुली बत्ती नभएका कारण जनेरेटर प्रयोग गरिएको भए पनि त्यसको क्षमताले नभ्याएको कारण जीवनयापनमा समस्या परेको छ ।' ■







# सुध्रिएन चाला

**माओवादी बहुदलीय प्रतिस्पर्धाको राजनीतिमा आए पनि विपक्षलाई नसहने बानी सुध्रिएको छैन। म्याग्दी जिल्ला प्रशासन कार्यालय सामुन्ने नै माओवादी ज्यादती हुँदा प्रहरी मुकदर्शकबाहेक केही बनेन।**

■ **केशव लामिछाने/पोखरा**

**मा**ओवादीहरूले संविधानसभाको चुनावका लागि हतियारहरू कन्टेनरमा थन्क्याए पनि उनीहरूभित्रको हतियार दम्भ अझै नघटेको देखिएको छ। पछिल्लो पटक गण्डकी-धौलागिरीका तीन जिल्लामा लगातार माओवादी ज्यादती देखियो। पछिल्लो पटक म्याग्दीका रुद्रबहादुर केसी माओवादी ज्यादतीको सिकार बने।

लामो समयपछि गत साता आफ्नो गृहजिल्ला म्याग्दीको बेनीबजार पुगेका केसी तत्कालीन राजपरिषद्का सदस्य थिए। माओवादीको युवासंगठन योङ कम्युनिष्ट लिगले केसीलाई कालोमोसो लगाएर बेनी बजार घुमाएर उनलाई कालीगण्डकी नदी कटाएका थिए। जुत्ताको माला लगाएर अनुहारभरि कालो पोतिदिएर केसीलाई आइन्दा जिल्ला नफर्कन चेतावनी दिँदै नदी पार गराइएको थियो।

बहुदलीय प्रतिस्पर्धामा सबैले आफ्नो विचार राख्न पाउने सर्वमान्य सिद्धान्तविपरीत माओवादीले माघ मसान्तको दिन बिहान केसी बसेकै घरमा पुगेर लिगका कार्यकर्ताले नियन्त्रणमा लिएर कालोमोसो लगाइदिएका थिए।

सयौं विद्यार्थीहरूको भीडका माझमा स्तब्ध भएका केसीको उद्दारमा प्रहरी कुनै प्रयास नगरी मुकदर्शक मात्रै बनेको थियो। अझ लिगका कार्यकर्ताहरूले जिल्ला प्रशासन कार्यालयको ठिक सामुन्ने नै औपचारिक कार्यक्रम आयोजना गरी केसीको दोहोलो काढे। माओवादीले गरेको कार्यक्रममा प्रहरीको मौनता त थियो नै अरू दलका भातृ संगठनका कार्यकर्ताहरूले समर्थन गरेर सहयोग गरेका थिए। नेपाली कांग्रेस, एमाले र प्रजातान्त्रिक कांग्रेसका विद्यार्थी कार्यकर्ताहरूले माओवादीले केसीविरुद्ध गरेको कार्यक्रमलाई सम्बोधनसमेत गरे।

बजार परिक्रममा गराएपछि बेनी बजारको सीमानदी कालीगण्डकी कटाएर केसीलाई काठमाडौं फर्काइँदासम्म प्रहरीले रमिते मात्रै बनेको थियो। उसले उनीहरूले त्यसो गरिरहँदा प्रहरी पूरै समयावधि साथसाथै रहेको थियो। किन केसीमाथिको दोहोलो काढाइ प्रहरीले रोकेन त ? एक प्रहरी अधिकृत भन्छन्, 'हामीले सबै दलहरू मिलेर कार्यक्रम गरेको देख्यौं, हस्तक्षेप गर्दा अरू अप्रिय होला भनेर केही गर्न सकिएन।'

यसअघि पनि माघ २७ गते लमजुङमा माओवादीहरूले राप्रपा लमजुङको कार्यक्रममा हस्तक्षेप गरी तीनजनालाई सिकिस्त घाइते बनाइदिएका थिए। तत्कालीन गृहमन्त्री कमल थापाका समर्थक मानिएका हेमजंग गुरुङमाथि आक्रमण भएको हो। उनीहरूलाई उपचारका लागि काठमाडौं लैजानुपरेको थियो। कार्यक्रममाथि हमला गरिएपछि बन्द कोठामा आफ्नो पार्टीको कार्यक्रम गर्नसमेत उनीहरू वञ्चित हुनुपरेको थियो। उता तनहुँमा पनि राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ताहरूमाथि माघको दोस्रो साता कुटपिट भएको थियो।

## घर कब्जा

पटक-पटक जबरजस्त राजनीति गरिरहेको आरोप खेप्दै आएको माओवादीले शान्तिपूर्ण राजनीतिमा प्रवेश गरेको झन्डै १० महिनापछि नेपालगन्जस्थित एक शाही नातेदारको घर कब्जा गरेको छ।

राजा ज्ञानेन्द्रका भाइ धीरेन्द्र शाहकी छोरी शिताष्मा शाहको भनेर चिनिँदै आएको नेपालगन्ज-१३ को तीनतले सुविधासम्पन्न घर कब्जा गरेको घोषणा गरी माओवादीहरूले प्रयोग गरिरहेका छन्। माओवादी बाँके-बर्दिया इन्चार्ज अथकले गत कात्तिकमा सात राजनीतिक दल र माओवादीबीच भएको राजाको सम्पत्ति सरकारीकरण गर्ने सहमतिअनुसार नेपालगन्जको झन्डै तीन करोड मूल्यबराबरको उक्त घर कब्जा गरिएको बताए। कहिलेकाहीँ फाटफुट रुपमा शाही नातेदारहरू आउनुबाहेक विगत लामो समयदेखि उक्त घर प्रयोगमा थिएन।

माओवादीले कब्जामा लिएको घरलाई विस्तारै सरकारीकरण गरिने र शाही परिवारका अन्य सम्पत्ति कब्जा गर्ने अभियान देशभर तीव्र पारिने जनाएको छ। बाँकेमा शाही परिवारको नाममा लक्ष्मी रोजिन टर्पेन्टाइन पनि सञ्चालन हुँदै आएको छ।

■ **रुद्र खड्का/नेपालगन्ज**





तेज बस्नेत

# कार्यान्वयन चुनौतीपूर्ण

**सरकारले विद्यालय शिक्षालाई कक्षा १२ सम्म पुऱ्याउने अवधारणाको कार्यदलमार्फत अध्ययन जारी राखेकै बेला शिक्षा मन्त्रालयले भने यसका लागि फिटिक्क तयारी गरेको छैन ।**

■ **छत्र कार्की/काठमाडौं**

**विद्यालय शिक्षाको** संरचना परिवर्तनसम्बन्धी अध्ययन कार्यदल अवधारणापत्रको अन्तिम खाका प्रस्तुत गर्ने तयारीमा छ । कार्यदलको उक्त अवधारणापत्रमाथिको व्यापक मन्थन भएपछि 'कोर' डकुमेन्ट तयार गरी त्यसैको आधारमा विद्यालय संरचना परिवर्तन गर्ने शिक्षा मन्त्रालयले जनाएको छ । 'एकीकृत कक्षा १-१२ विद्यालय क्षेत्र' नामक उक्त कार्यदलको 'कोर' डकुमेन्टले विद्यालय शिक्षालाई सन् २००९ बाट क्रमिकरूपमा कक्षा १२ सम्म लैजानुपर्ने सुझाव दिने निश्चित छ, तर सरकारले त्यसका लागि केही पनि आधारभूत तयारी गरेको छैन ।

सरकारको काम गर्ने गति र तौरतरिका अहिलेकै अवस्थामा रहने हो भने दस वर्षभित्र पनि विद्यालय शिक्षालाई कक्षा १२ सम्म पुऱ्याउन मुस्किल पर्ने यो क्षेत्रसँग सम्बन्धित विज्ञहरूको भनाइ छ । शिक्षाविद् डा. श्रीराम लामिछाने भन्छन्, 'कक्षा १० सम्म चलेका सम्पूर्ण विद्यालयलाई कक्षा १२ सम्म पुऱ्याउन व्यापक योजना तर्जुमा गरिनुपर्छ । यसो नभए यसअघिका शिक्षा सुधारका अरू प्रतिवेदनको खातमा यो कार्यदलको प्रतिवेदन थन्किनेछ ।'

सरकारले सरकारी विद्यालयको भौतिक, शैक्षिक, आर्थिक विकासको लागि कुनै योजना अघि सारेको छैन । अहिले कक्षा-१० सम्म सञ्चालन भइरहेका मुलुकभरका माध्यमिक विद्यालयको शैक्षिक, भौतिक र आर्थिक विकासका लागि आवश्यक भरथेग गर्न नसकेको शिक्षा मन्त्रालयले कक्षा ११ र १२ को लागि चामत्कारिकरुपमा कुनै कार्य गर्ने अवस्था देखिँदैन । शिक्षा मन्त्रालयका सहसचिव लवप्रसाद त्रिपाठी भन्छन्, 'विद्यालय शिक्षालाई कक्षा १२ सम्म पुऱ्याउने कुरामा कसैको दुई मत छैन, तर यसलाई कसरी अगाडि बढाउने भन्नेबारे कुनै गृहकार्य गरिएको छैन ।' त्रिपाठीका अनुसार केही जिल्लामा यो नमुनालाई परीक्षणका रुपमा लागू गरिएपछि त्यसबाट देखिएका कमीकमजोरीका आधारमा सुधार गरेर मात्र अरू जिल्लामा लागू गरिनेछ । मन्त्रालय तुरुन्त अरू योजना बनाउने सोचमा नरहेको सहसचिव त्रिपाठी बताउँछन् । निश्चय नै यो नमुना अवलम्बन गर्नु सरकारका लागि सजिलो काम अवश्य होइन ।

अहिले कलेजको हवाला दिएर कक्षा ११ र १२



**विद्यालय तहलाई कक्षा १२ सम्म पुऱ्याउने भन्नेबित्तिकै यसका परीक्षा प्रणाली, पाठ्यक्रम, शिक्षक तालिम, अनुगमनलगायत अरू पक्षमा पनि आवश्यक सुधार हुनुपर्ने देखिन्छ ।**

मात्र सञ्चालन गरिएका विद्यालयलाई दुई वर्षको अवधिमा कसरी विद्यालयकै रुपमा समायोजन गर्नेबारे स्पष्टरुपमा उल्लेख गरिएको छैन । उच्च माध्यमिक शिक्षापरिषद्का सहसचिव नारायण कोइरालाका अनुसार कक्षा ११ र १२ मात्र चलाएका उच्च माध्यमिक विद्यालय र क्याम्पसको संख्या २ सय ५० छ । आगामी शैक्षिक सत्रदेखि रसुवा, डडेल्धुरा र कपिलवस्तुमा परीक्षणको रूपमा कक्षा १-१२ विद्यालय शिक्षाको अवधारणा लागू गर्ने तयारीमा रहेको शिक्षा मन्त्रालयले मातहतका निकायको संरचनागत सुधारका लागि अहिलेसम्म केही काम गरेको छैन । कोर डकुमेन्ट नै नबनी तीन जिल्लामा आगामी शैक्षिक सत्रदेखि परीक्षणका रुपमा नयाँ संरचना लागू गर्ने घोषणालाई अपरिपक्वताको संज्ञा पनि दिइएको छ । सरकारले प्रस्ताव गर्न लागेको रसुवा र डडेल्धुरा जिल्ला विद्यालयको भौतिक र शैक्षिक पूर्वाधारको दृष्टिकोण पछि परेका छन् । तसर्थ यी जिल्लामा अब दुई महिनाभित्र विद्यालय तहलाई कक्षा १२ सम्म सञ्चालन गर्नको लागि केही तयारी देखिँदैन ।

विद्यालय तहलाई कक्षा १२ सम्म पुऱ्याउने भन्नेबित्तिकै यसका परीक्षा प्रणाली, पाठ्यक्रम, शिक्षक तालिम, अनुगमनलगायत अरू पक्षमा पनि आवश्यक सुधार हुनुपर्ने देखिन्छ । अहिलेको प्रणालीअनुसार विद्यालय तहको अन्तिम परीक्षाको रूपमा एसएलसीलाई लिइएको छ, जसअनुसार एसएलसीको परीक्षा सञ्चालन, मूल्यांकन र नतिजा प्रकाशनको जिम्मा परीक्षा नियन्त्रण कार्यालयलाई दिइएको छ । त्यसैगरी विद्यालय तहको पाठ्यक्रम निर्माण, शिक्षक तालिम, अनुगमनलगायत कामको छुट्टाछुट्टै निकायको व्यवस्था गरिएको छ । विद्यालय शिक्षाकै अंगको रुपमा गठित उच्चमाध्यमिक शिक्षापरिषद्को परीक्षा, मूल्यांकन, पाठ्यक्रम, अनुगमन, तालिमका लागि पनि अलगअलग संयन्त्र बनाइएको छ । कार्यदलले सुझाएको उपाय व्यवहारमा कार्यान्वयन गर्ने हो भने विद्यालय तहको परीक्षा कक्षा १२ मा हुन्छ र त्यसको लागि एउटै बोर्ड भए काफी हुन्छ । त्यसैगरी सुझाव कार्यान्वयन भएमा पाठ्यक्रम बनाउने कामका लागि सानो ठिमीस्थित पाठ्यक्रम विकास केन्द्र र उच्च माध्यमिक शिक्षापरिषद्को पाठ्यक्रम हेर्ने निकायलाई एउटैमा गाभ्नुको विकल्प देखिँदैन । तर, यसबारेमा अहिलेसम्म कहीँ चर्चा भएको छैन ।

शिक्षा मन्त्रालयका पछिल्ला क्रियाकलाप हेर्दा कार्यदलले तोकेको समयमा विद्यालयको संरचना सुधार हुने छाँटकाट देखिँदैन । साँच्चिकै काम गर्नकै लागि कार्यदलबाट अध्ययन गराइएको हो भने उसले सुझाएका उपायहरू अवलम्बन गर्ने समय धेरै छैन । तर, यसैबीच उच्च माध्यमिक शिक्षापरिषद्को उपाध्यक्षमा डा. उपेन्द्र कोइरालालाई ४ वर्षका लागि नियुक्त गरिएको छ भने रामबहादुर खड्कालाई सहसचिवको जिम्मेवारी दिइएको छ । यसबाट विद्यालय संरचना सुधार दातृ निकायको लागि देखाउने दाँतमात्र भएजस्तो देखिन्छ । विगतदेखि राजनीतिक नियुक्तिको रुपमा रहेको परिषद् उपाध्यक्षमा शिक्षामन्त्री मंगलसिद्धि मानन्धरले एमाले निकट डा. कोइरालालाई ल्याएका हुन् । कथित राष्ट्रवादी शिक्षाको नाममा राजाको सक्रिय शासनकालमा जारी शिक्षा विधेयकले उच्च माध्यमिक शिक्षापरिषद्को उपाध्यक्ष पद खारेज गरेपछि परिषद्को स्वायत्तता खोसिएको थियो । जनआन्दोलनपछि गठित सरकारले शाही शासनकालका सबै विधेयक खारेज गरेपछि पहिलेको प्रावधान पुनःस्थापित भएको थियो ।

विद्यालय शिक्षाको संरचना सुधार गर्ने भनेर हल्लीखल्ली गरे पनि व्यवहारिक पक्ष एकदमै फितलो देखिन्छ । मन्त्रालयअन्तर्गतका विभागका सबै काम परम्परागत ढंगबाटै चलेका छन् । तर, राजनीतिक लोकप्रियता कमाउन मात्र विनातयारी यसको यत्रोविधि प्रचार गरिएको धेरैको टिप्पणी छ । शिक्षाविद् डा. तीर्थ खनियाँ भन्छन्, 'लोकप्रिय बन्नका लागि मात्र अहिले कक्षा १-१२ को अवधारणा ल्याइएको हो । यसमा केही मूलभूत दृष्टिकोण रहेको पाइँदैन ।'

डा. खनियाँ थप्छन्, 'शिक्षामन्त्रालयको संयन्त्र नै कक्षा १० सम्मको सोचबाट बाहिर आउन नसकेको अवस्थामा जस्तोसुकै राम्रो अध्ययन गराए पनि त्यसलाई तत्कालै व्यवहारमा लागू गर्न कठिन छ ।'

## प्रतिबद्धता खै ?

विद्यालय शिक्षालाई कक्षा १-१२ को संरचनामा ढाल्न सरकारलाई ठूलो आर्थिक भार आवश्यक हुन्छ । अहिले माध्यमिक तहको लागि विषयगत शिक्षक नपुगेको अवस्थामा त्यही विद्यालयलाई कक्षा १२ सम्म पुऱ्याउँदा त्यहाँको पठनपाठन गुणस्तरीय बन्न नसक्ने देखिन्छ । अहिले माध्यमिक तह (कक्षा १०) मा पढाइरहेको शिक्षकले कक्षा १२ सम्म पढाउन असम्भव हुने भएकाले थप शिक्षक आवश्यक पर्छ । त्यसैगरी विद्यालय शिक्षालाई कक्षा १२ सम्म पुऱ्याउने हो भने कक्षा १ देखिकै पाठ्यक्रम समायोजन गरिनुपर्ने विज्ञहरूको धारणा छ । शिक्षाविद् डा. लामिछाने भन्छन्, 'अहिलेकै पाठ्यक्रमअनुसार माध्यमिक तहअन्तर्गत कक्षा १० लाई कक्षा १२ मा पुऱ्याउने हो भने त्यसको केही अर्थ हुँदैन ।' लामिछानेका अनुसार विद्यालय संरचना सुधारअन्तर्गत खाली तहमात्र बढाएर केही हुनेवाला छैन । यसका सम्पूर्ण निकाय र अंगलाई गतिशील तथा चुस्त बनाउनुपर्छ ।

विद्यालय संरचना सुधारअन्तर्गत निजी विद्यालयको भूमिका र सुधारका पक्षमा पनि बहस चलिरहेको छ । विद्यालय शिक्षालाई कक्षा १२ सम्म पुऱ्याउने विषयमा निजी विद्यालयहरूबाट सकारात्मक प्रतिक्रिया आए पनि यसका विभिन्न पक्षलाई मिहिनरुपमा केलाउनुपर्ने निजी विद्यालय सञ्चालकहरूले विचार राख्दै आएका छन् । मुलुकका विभिन्न भागमा सञ्चालन भएका मध्यमस्तरका निजी विद्यालयहरूलाई छोटो अवधिमा कक्षा १२ सम्म पुऱ्याउन अप्ठ्यारो पर्ने भएकाले यसतर्फ पनि ध्यान पुऱ्याउनुपर्ने कुरा उठिरहेको छ । मन्त्रालयले अहिलेसम्म निजी विद्यालयको संगठनसँग यसविषयमा कुनै सुझाव लिएको छैन । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) का वरिष्ठ उपाध्यक्ष भोजबहादुर शाह भन्छन्, 'अहिलेकै अवस्थामा कक्षा १२ सम्म चलाउनको लागि धेरै निजी विद्यालयलाई अप्ठ्यारो पर्छ । यो कुरा आत्मसात गर्नुपर्ने हुन्छ ।'

मुलुकमा अहिले संघीय राज्यको अवधारणा पनि चर्को रुपमा आइरहेको छ । संविधानसभापछि बन्ने नयाँ संविधानले पनि मुलुकको आगामी शिक्षा प्रणालीबारे निर्धारण गर्नेछ । प्याब्सनका वरिष्ठ उपाध्यक्ष शाह भन्छन्, 'अहिले तरल राजनीतिक अवस्थामा आम सहमतिविना निर्णय लिन गाह्रो हुन्छ । तसर्थ राजनीतिक दल, सम्बन्धित पक्ष र जनतामाझ यो विषयलाई बहसकै रुपमा अघि बढाउनुपर्छ ।'

त्यसैले पनि एसियाली विकास बैंकको अनुदानबाट गर्न लागिएको कार्यदलको 'कोर' डकुमेन्ट व्यवहारिक रुप लिने कुरामा निश्चित भए पनि सरकारको काम गराइ हेर्दा चाँडै कार्यान्वयन हुनचाहिँ कठिन छ । ■



दसौं पञ्चवर्षीय योजनाकालमा विकास निर्माणका कामहरू अत्यन्त न्यून भए

भाष्कर ओझा

# विकासमा टाट

**योजना आयोगले भर्खरै प्रकाशित गरेको दसौं पञ्चवर्षीय योजना कार्यान्वयन मूल्यांकन र गरिबी निवारण रणनीति समीक्षाले सरकारले सजिलै गर्न सक्ने कामहरूसमेत सरकारको कार्यान्वयन पक्षमा अकर्मण्यताका कारण सफल हुन नसकेको देखाएको छ ।**

■ **ज्योति देवकोटा/काठमाडौं**

सरकारले सन् २००२ मा तर्जुमा गरेको दसौं पञ्चवर्षीय योजनाले न्यूनतम लक्ष्य पनि हासिल नगरेको दसौं पञ्चवर्षीय योजना कार्यान्वयन मूल्यांकन र गरिबी निवारण रणनीति समीक्षा प्रतिवेदनले उल्लेख गरेको छ ।

आगामी साउनमा दसौं पञ्चवर्षीय योजनाको समयावधि अन्त्य हुँदै छ । योजना आयोगले सार्वजनिक गरेको दसौं पञ्चवर्षीय योजनाको प्रगति विवरणले 'मुलुकमा बढेको द्वन्द्वको चापले गर्दा सरकारको दसौं पञ्चवर्षीय योजना अपेक्षाअनुरुप सफल नभएको' बताएको छ ।

'हामीले बनाएका धेरै योजना सफल हुन सकेनन् । सबैभन्दा असफल क्षेत्र भनेको विद्युत् उत्पादन क्षेत्र हो । दसौं पञ्चवर्षीय योजनामा मुलुकभरि ३ सय मेगावाट बिवजुली निकाल्ने भनिएको थियो, जब कि ६० मेगावाट मात्र निकालिएको छ', योजना आयोगका उपाध्यक्ष जगदीशचन्द्र पोखरेल भन्छन् ।

माओवादी समस्यासँगै सुरु भएको दसौं पञ्चवर्षीय योजना माओवादी राजनीतिक मूलधारमा आएपछि सकिने भएको छ, तर लक्ष्यअनुरुप प्रगति भने देखिएको छैन । 'सामाजिक सुधारका क्षेत्रमा योजनानुरूप लक्ष्य हासिल भएको छ, अन्य क्षेत्रमा लगभग शून्य देखिएको छ,' योजना आयोगका पूर्व उपाध्यक्ष डा. शंकर शर्मा भन्छन् ।

'दसौं पञ्चवर्षीय योजना सुरु गर्दा मुलुकमा हिंसाले जरो गाडिसकेको थियो, हिंसा बढ्यो भने

## अन्तरिम योजना

मुलुक संविधानसभाको निर्वाचनमा गएर स्थायी सरकार नबनुन्जेलसम्मका लागि योजना आयोगले तीनवर्षे कार्यकालको नयाँ योजना ल्याउने तयारी गरेको छ । करिब १ खरब ७५ अर्ब बजेटको अन्तरिम तीनवर्षे योजना ल्याउने तयारी गरेको हो, आयोगले ।

'योजना आयोगको दीर्घकालीन योजना मुलुकको गरिबी निवारण गर्ने भए पनि आयोगले बनाएको तीनवर्षे नयाँ योजनाले पुनर्निर्माण, पुनर्संरचना, पुनःस्थापना र समावेशी अवधारणाअन्तर्गतका निर्णयहरू कार्यक्रममा परिणत गरिनेछ', योजना आयोगका उपाध्यक्ष जगदीशचन्द्र पोखरेल बताउँछन् । पाँचौं पञ्चवर्षीय योजनामा धराशायी भएको आर्थिक अवस्था समेट्ने त्रिवर्षीय योजनाको मुख्य उद्देश्य रहने योजना आयोगले बताएको छ । 'दसौं पञ्चवर्षीय योजनाको सबैभन्दा असफल पक्ष भनेको आर्थिक अवस्था धराशायी हुनु हो । यसलाई समेटेर आर्थिक अवस्थालाई पुनर्जीवन दिनु अहिलेको त्रिवर्षीय योजनाको चुनौती हो', योजना आयोगका उपाध्यक्ष पोखरेल बताउँछन् ।

राजनीतिक अवस्थाले तुरुन्तै स्थायित्व नपाउने छाँट देखिएकाले योजना आयागले तीन वर्षका लागि नयाँ योजना ल्याउने तयारी गरेको हो । अस्थायी सरकार नभएको र चुनाव गरेर स्थायी सरकार नबनुन्जेल योजना आयोग हात बाँधेर बस्नु पर्ने अवस्था आएका कारण योजना आयोगले तीनवर्षे कार्यकालको योजना तर्जुमा गर्न लागेको बताउँछन्, योजना आयोगका उपाध्यक्ष जगदीशचन्द्र पोखरेल । सरकारको दसौं पञ्चवर्षीय योजनाको समयावधि आगामी साउनमा सकिँदै छ ।

'तीनवर्षे योजना सफल बनाउनु हाम्रो मुख्य जिम्मेवारी हुनेछ । यही अभियान लगेर ग्रामीणस्तरको अध्ययनपछि नयाँ त्रिवर्षीय योजना सार्वजनिक गर्नेछौं', राष्ट्रिय योजना आयोगका सदस्य भीम न्यौपाने बताउँछन् । राजनीतिक समस्या निराकरण हुन अझै तीन वर्ष लाग्ने अनुमानलाई आधार बनाएर त्रिवर्षीय योजनाको परिकल्पना ल्याइएको बताइएको छ । 'निर्वाचित नयाँ सरकार नबनुन्जेलको संक्रमणकालीन अवस्थालाई सम्बोधन गर्न त्रिवर्षीय योजनाको विकल्प अगाडि सारिएको हो', योजनालाई मूर्तरुप दिन लागी परेका पोखरेल बताउँछन् । ■

हामी लक्ष्यमा पुग्न सक्दैनौं भन्ने नै थियो, बढेको हिंसा दसौं योजना विफल हुने कारक हो', शर्मा अगाडि भन्छन् ।

करिब ६ सय अर्ब रुपैयाँ खर्च गरिएको दसौं पञ्चवर्षीय योजनाले मुलुकलाई पाँच वर्षको अवधिमा नयाँ दिशामा पुर्‍याउने लक्ष्य लिइएको थियो । पञ्चवर्षीय योजना सुरु हुँदा चुलिइसकेको द्वन्द्व नै योजनाहरू विफल हुनुको प्रमुख कारण रहेको बताइएको छ ।

'कार्यक्रमहरू कार्यान्वयन गर्ने स्थानीय निकाय नहुँदा योजनाका लागि गएको लगानीखर्चसम्म हुन सकेन । यसले महत्त्वाकांक्षाका साथ सुरु गरिएको दसौं पञ्चवर्षीय योजना अपेक्षाकृत सफल नभएको हो', डा. प्रकाशशरण महत बताउँछन् ।

दसौं पञ्चवर्षीय योजना लागू हुँदा देशको ३८ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको तथ्यांक सार्वजनिक भएको थियो र यो योजनाले 'गरिबीलाई घटाएर ३२ प्रतिशतमा झार्ने' बताइएको थियो । अहिले सार्वजनिक भएको रिपोर्टले लगभग ३१ प्रतिशतमा झरेको देखाएको छ । बढ्दो द्वन्द्वका कारण विदेशिएका नेपालीहरूले भित्र्याएको रेमिट्यान्सले गरिबी निवारणमा मद्दत मिलेको बताइएको छ । तर, सन् २००४ मा गरिएको सर्वेक्षणले 'नेपालको ३१ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको' बताएको थियो । तीन वर्षपछि भएको दसौं पञ्चवर्षीय योजना कार्यान्वयन सर्वेक्षणले पनि ३१ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको देखाएकाले गत तीन वर्षमा कुनै पनि प्रगति नभएको प्रस्ट्याउँछ ।

सफ्टवेयरका क्षेत्रमा भने पञ्चवर्षीय योजना लक्ष्यलाई भेटाएको छ । बालमृत्युदर, साक्षरता, स्वास्थ्यजस्ता क्षेत्रमा सरकारको पञ्चवर्षीय योजनाभित्र रहेको लक्ष्याअनुसार भएको भए पनि विकासका क्षेत्रमा भने दसौं पञ्चवर्षीय योजना लगभग असफलजस्तै भएको छ ।

सुर्खेत-जुम्ला सडक, रुकुम, जाजरकोट, ओखलढुंगा र मुस्ताङको सडकबाहेकका लक्ष्यहरूमा पञ्चवर्षीय योजनाले केही सफलता हासिल गरे पनि द्वन्द्वकालमा सदरमुकामबाहिर सरकारको उपस्थिति लगभग शून्य भएका कारण अन्य क्षेत्रमा पञ्चवर्षीय योजनाले गरेको विकास लक्ष्य फेल खाएको छ । दसौं पञ्चवर्षीय योजनाकालमा सरकारले आठ जिल्लाका सदरमुकाममा सडक यातायात पुर्‍याउने लक्ष्य राखेको थियो । तर, अहिले बझाङ र दार्चुलालाई मात्र सडक यातायातले छाएको छ । 'कर्णाली राजमार्ग पनि ३ वर्षअगाडि पूरा भइसक्नु पर्ने थियो, अहिलेसम्म पूरा भएको छैन', योजना आयोगका उपाध्यक्ष पोखरेल अगाडि भन्छन् ।

'सामाजिक विकासमा राम्रो प्रगति देखिएको छ, गत चार वर्षमा स्वास्थ्य र शिक्षामा लगानी पनि ३ गुणाले वृद्धि भएको । द्वन्द्वले सामाजिक विकासमा प्रभाव पारेको छैन, तर विकास निर्माणमा भने दसौं पञ्चवर्षीय योजना असफल भएको मान्नु पर्छ', शंकर शर्मा भन्छन् । द्वन्द्व भएपछि सरकारले सुरक्षाखर्चमा गरेको अत्यधिक वृद्धिले पनि पञ्चवर्षीय योजनालाई प्रत्यक्ष असर पारेको बताइन्छ ।

निजी क्षेत्रको लगानीमा देखिएका निराशाले पञ्चवर्षीय योजनालाई सबैभन्दा बढी धक्का दिएको छ । 'पर्यटन व्यवसाय, होटल व्यवसायजस्ता क्षेत्रले भोग्नुपरेको दुर्दशा पनि दसौं पञ्चवर्षीय योजना असफल हुनुका कारक मानिन्छन् । 'यसले आर्थिक वृद्धिदरमा ठूलो धक्का पुग्यो', पूर्व अध्यक्ष शंकर शर्मा बताउँछन् । उनी अगाडि थप्छन्, 'विकास खर्च बढाउने र निजी क्षेत्रको विकास गर्ने लक्ष्यमा यो योजना कमजोर देखियो ।'

दसौं योजना बनाउने बेला 'यसको प्रभावकारिताका लागि मध्यकालीन खर्च योजना तर्जुमा गर्ने, गरिबी निवारण गर्नका लागि छुट्टै सूचकांक तयार गर्ने' जस्ता काम घोषणा गरिएका थिए, तर ती कुनै पनि काम हुन सकेनन्', योजना आयोगका उपाध्यक्ष जगदीशचन्द्र पोखरेल बताउँछन् । उनी अगाडि भन्छन्, 'सरकारी निकाय ठाउँमा पुगेर काम गर्न नसक्नु दसौं पञ्चवर्षीय योजनाको असफलता थियो ।'

२०५२ देखि मुलुकमा माओवादी समस्या सुरु भए पनि दसौं पञ्चवर्षीय योजना अवधिमा सबैभन्दा बेसी भौतिक पूर्वाधार ध्वस्त भएका थिए । विकासमा नयाँ फड्को मार्ने दसौं पञ्चवर्षीय योजनाको लक्ष्य भए पनि मुलुकमा देखिएको राजनीतिक अस्थिरताले यो सफल हुन नसकेको विश्लेषकहरूको भनाइ छ । ■





तस्बिरहरू : भास्कर ओझा

**राजनीतिक दलहरूले जेठमा निर्वाचित हुने संविधानसभाको पहिलो बैठकमा राजसंस्था र राजा ज्ञानेन्द्रको भाग्य निर्धारित गर्ने फैसला गरेका छन् । तर, प्रजातन्त्र दिवसको ५७ औं वर्षगाँठमा राजा ज्ञानेन्द्रले एउटा स्पष्ट सन्देश दिए– 'त्यो मलाई मान्य छैन ।'**

# खतरनाक आँट

■ **विशेष संवाददाता/काठमाडौं**

**फागुन ७ गतेले** नेपालको राजनीतिमा 'प्रजातन्त्र' स्थापनाका साथै राजा र दलहरूबीचको सहयोगात्मक सम्बन्धलाई पनि दर्शाउँछ, अवधारणात्मक रुपमा । खासगरी माघ १९ को घटनापछि दलहरू र राजाबीचको सम्बन्ध अत्यन्तै नराम्रो त छँदै छ । त्यसमा सुधार आउने कुनै संकेत पनि देखापरेको छैन । राजनीतिक दलहरूले जेठमा निर्वाचित हुने संविधानसभाको पहिलो बैठकमा राजसंस्था र राजा ज्ञानेन्द्रको भाग्य निर्धारित गर्ने फैसला गरेका छन् । तर प्रजातन्त्र दिवसको सन्ताउन्नौं वार्षिकोत्सवमा राजा ज्ञानेन्द्रले एउटा स्पष्ट सन्देश दिए– 'त्यो मलाई मान्य छैन ।'

विगत आठ महिनादेखि एकतर्फीरुपमा लगातार खप्की र आलोचना खाँदै आए पनि 'म मर्यादित रुपमा नै रहन्छु' भनी प्रधानमन्त्री तथा अन्य केही नेताहरूलाई सन्देश दिँदै आएका राजा अचानक देशवासीलाई अर्कै रुपमा सम्बोधन गर्न पुगे । माघ १९ गतेपछिको १५ महिने प्रत्यक्ष शासनकालका सफलता र असफलताका 'नैतिक जिम्मेवारी' लिने र जनताको सर्वोच्चता तथा उनीहरूमा सार्वभौमसत्ता निहित रहेको वर्तमान तथ्य स्वीकार गरेर आफूलाई जनताको निर्णय स्वीकार हुने संकेत दिए पनि राजा ज्ञानेन्द्रले माघ १९ गतेको कदमलाई राजनीतिक दलहरूको असफलताबाट उत्पन्न जनचाहनामा आधारित रहेको दाबी गरेका छन् ।

वैशाख ११ गते सत्ताबाट हटेपछि सबै किसिमले राजकीय हैसियत गुमाउन पुगेका राजा ज्ञानेन्द्रले सेना प्रमुख रुक्मांगत कटवाल र आफ्ना ज्वाइँ मोहन शाहीका नजिकका नातेदार प्रहरी प्रमुख ओमविक्रम राणासँग कुनै गोप्य भेटघाट नगरेको आधिकारिक स्रोतले दाबी गरेको छ । तर, राजाको यो कदममा 'सैनिक सत्ता पलट'को गन्ध देखेका छन्, उपप्रधानमन्त्री अमिक शेरचनले । 'नेपाली सेना वैधानिक सरकारको आदेश र खटनमा मात्र चल्छ', राजाको सम्बोधनलगत्तै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई भेट्न गएका कटवालले भने ।

राजाको फागुन ७ गतेको सम्बोधन लगातार दरबार सचिवालयकै जिम्मेवारी रहँदै आएको छ । ०४६ सालपछि पनि त्यसमा मन्त्रिपरिषद्ले कुनै रुपमा हस्तक्षेप नगर्दा त्यो परम्परा जारी नै रह्यो । के यसपल्ट राजाले कसैसँग परामर्श गरे त ? फागुन ६ गते राति राजदरबारका एकजना वरिष्ठ पदाधिकारीले प्रधानमन्त्रीलाई 'श्री ५ को सानो सन्देश' आउन थालेको सूचित गरेका थिए । यसबीच राजालाई भेटी प्रधानमन्त्रीसँग सुमधुर सम्बन्ध राख्न र कुनै पनि निर्णयमा नहतारिन राजालाई सुझाव दिने पूर्व प्रधानमन्त्री सूर्यबहादुर थापाले पनि सन्देश आउने, तर त्यसको विवरण नपाएको राजनीतिक सूत्रहरू बताउँछन् ।

यसबीच एक वक्तव्य प्रकाशित गर्दै राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष थापाले भनेका छन्, '२०६१ माघ १९ को कदम त्रुटिपूर्ण एवं संविधान र प्रजातन्त्रमाथिको अतिक्रमण थियो । यसलाई गल्तीको रुपमा आत्मसात गरिनुबाहेक अन्य कुनै विकल्प हुन सक्तैन ।'

राति ९ बजे सञ्चारमाध्यममा इमेल तथा फ्याक्सबाट पठाइएको सन्देशमा ००७ सालमा राजाले जनभावनाअनुसार प्रजातन्त्र ल्याएको र जनभावनाअनुरुप चल्ने परम्परालाई आफूले पनि



महाशिवरात्रिका दिन पशुपतिनाथमा राजा चढेको गाडीमाथि ढुंगा प्रहार गरेपछि बचाउन सुरक्षा घेरा हाल्दै सुरक्षाकर्मीहरू

स्वीकार गर्ने सन्देश दिए पनि त्यो मन्तव्यले उनको राजनीतिक महत्त्वाकांक्षा नसेलाएको देखाइएको छ।

माघ १९ को कदमको बचाउका साथै तराईमा जारी आन्दोलन र दलित तथा अन्य पहाडी र हिमाली भेगमा देखापरेका आन्दोलनका संकेतलाई स्वभाविक घटनाका रुपमा प्रस्तुत गरी आफूलाई उत्पीडित र वञ्चितहरूसँग नजिक देखाउने सन्देश पनि स्पष्ट छ, उक्त सम्बोधनमा।

शान्ति प्रक्रियामा आ-आफ्नो हिसाबले व्यवधान पुऱ्याएका वा इमानदारीपूर्वक त्यसको परिपालन नगरेका माओवादी, सात दल तथा सरकारका अधिकांश पक्षले राजाको षड्यन्त्रको नांगो रुपको चित्रण मात्र गरेका छैनन्, संविधानसभा निर्वाचनपूर्व नै नेपाललाई गणतन्त्र घोषित गर्नुपर्ने माग राखेका छन्। राजाको सन्देशका अवसरमा विराटनगरमा राजनीतिक अभियानमा रहेका माओवादी नेता प्रचण्ड र बाबुरामले त्यसलाई स्पष्टरुपमा अभिव्यक्त गरेका थिए।

फागुन ८ गतेदेखि नै काठमाडौंमा साथै चितवन, नवलपुरमा राजाको अभिव्यक्तिविरुद्ध जुलुसहरू निस्किए भने अपेक्षितरुपमा काठमाडौंमा नागरिक समाजले पनि धर्ना कार्यक्रम संचालन गऱ्यो।

राजा ज्ञानेन्द्रले यसपल्ट राष्ट्रको नाममा सम्बोधन देलान् भनेर सम्भवतः कसैले सोचेको थिएन। राजनीतिक दलहरूबीचको विवाद, माओवादीले कोइराला सरकारलाई व्याधा बनाएको परिस्थिति र जेठमा संविधानसभाको निर्वाचनबारे बढ्दै गएको अनिश्चितताले अन्ततोगत्वा राजालाई पुनः लोकप्रिय नबनाए पनि आठ दललाई अलोकप्रिय बनाउने सम्भावना छँदाछँदै राजाले सक्रियता देखाउनु गल्ती भएको राजावादीहरूमध्येका नरमपन्थी बताउँछन्।

शिवरात्रिमा पशुपतिनाथको दर्शन गरी फर्कन लाग्दा राजामाथि भएको आक्रमणलाई सरकारको असफलता मात्र हैन, उसको मिलेमतोमा भएको मान्नेहरू पनि निकै छन्। 'प्रहरी मुख्यालयमा राजामाथि सम्भावित आक्रमणबारे बिहानदेखि नै सूचना प्राप्त भए पनि त्यसलाई गृहमन्त्रालयले हल्कारुपमा लिएको' एकजना डिआइजी बताउँछन्। त्यो घटनाबाट उत्पन्न आक्रोशलाई राजनीतिक रुप दिने अन्दाज पनि राजावादीहरूले लगाएको देखिन्छ।

विश्वहिन्दु महासंघका अध्यक्ष भरतकेशर सिंहले नेपाल हिन्दु वा धर्मनिरपेक्ष राज्य कुनै हैसियतमा रहनुपर्ने, त्यसको निर्क्योल 'जनमत'बाट हुनुपर्ने धारणा अगाडि सारेर स्वभावतः धार्मिक आस्थाको नेपाली समाज र राजालाई एकै देखाउने अभियानको थालनी पनि गरेका छन्। यसबाट हुने राजनीतिक क्षति र बदनामीलाई सम्भवतः सरकारले त्यति गम्भीरतासाथ लिने आवश्यकता देखेन। आफ्नो आठ महिनाको अस्तित्वमा भन्डै त्यति नै छानबिन आयोग गठन गर्न भ्याएको सरकारले पशुपति घटनाको छानबिन सबभन्दा तल्लोस्तरमा गृह मन्त्रालयका एकजना सहसचिवलाई गर्न दियो। 'संसद्मै हतियार लिएर माओवादी घुस्दा केही गर्न नचाहने सरकारले के पशुपतिमा उनीहरूको संलग्नता देखिएमा केही गर्ला भनी सोच्नु आवश्यक छ ?', राष्ट्रिय प्रजातान्त्रिक पार्टीका एक नेताले प्रतिक्रिया दिए।

सरकारबारे अनेक शंका, आशंकाका ठाउँ भए पनि राजाको घट्दो लोकप्रियताका कारण उनको बचाउमा कोही आएका छैनन्। यद्यपि, राजाको पक्षमा खुलेर लागेका रवीन्द्रनाथ शर्माको नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टीले केन्द्रीय समितिको बैठक गरी राजाको सन्देशको स्वागत गरेको छ। 'आफ्ना कमी कमजोरी लुकाउने उद्देश्यले दलहरू राजाको विरुद्ध सडकमा आएका हुन्', केन्द्रीय समितिको बैठकपछि पार्टीको आधिकारिक वक्तव्य भन्छ। 'राजाको सम्बोधन विधिसम्मत छ', शर्मा भन्छन्।

उक्त सन्देशलाई कतिले राजा र प्रधानमन्त्रीबीचको समझदारीपछि जारी भएको शंका गर्दै कोइरालाले आधिकारिक रुपमा सरकारको भनाइ सार्वजनिक गर्नुपर्ने माग नेकपा एमालेले गरेको छ। बुधवार संसद्मा वक्तव्यले उत्पन्न गरेको विवाद र चर्काचर्कीपछि प्रतिपक्षविहीन प्रतिनिधिसभाले राजाविरुद्ध खेद व्यक्त गरेको छ। 'यो सन्देश अनधिकृत हो र यसले सरकारलाई कुनै पनि रुपमा प्रतिनिधित्व गर्दैन', यसबारे गृहमन्त्री कृष्णप्रसाद सिटौलाले भने।

राजाले भविष्यलाई लिएर नेपालीहरूले संविधानसभामार्फत गर्ने निर्णयलाई आफूले स्वीकार गर्ने आश्वासन भारत, बेलायत, संयुक्त राज्य अमेरिकाका साथै विभिन्न मुलुकहरूले सार्वजनिक रुपमा भन्दै आए पनि राजनीतिक दलहरू र राजाबीच सिर्जित नयाँ समीकरणले राजनीतिलाई कुन रुपमा प्रभावित गर्ला भन्ने बहस चर्कने निश्चित देखिन्छ।

फागुनको पहिलो साता भारतको संस्थापन पक्षसँग नजिक मानिने अन्नपूर्ण पोस्ट दैनिकले प्रकाशित गरेको एक मत सर्वेक्षणमा अझै पनि ४२ प्रतिशत नेपालीले राजालाई 'विष्णुको अवतार' र थप सात प्रतिशतले राजाको पक्षमा आफू रहेको देखाएको छ। त्यो मत सर्वेक्षण र वर्तमान सरकारले तराईमा आन्दोलनकारीहरूलाई राजाका पक्षधरका रुपमा प्रस्तुत गर्दा पनि राजाले आफ्नै हिसाबले सक्रियता देखाउने अवसर पाएको अड्कलबाजी पनि राजनीतिकवृत्तमा हुन थालेको छ। जे भए पनि भावी दिनहरूमा खासगरी संविधानसभाको निर्वाचनसम्म राजा र राजसंस्था बेवास्ता गर्न नसकिने राजनीतिक एजेन्डाका रुपमा देखापरेका छन्। ■


सिन्धुली दुधौलीस्थित माओवादी शिविर

गोविन्द परियार

# धरापमा शान्ति सम्झौता

■ रमेश पौडेल/चितवन

**मधेस, आदिवासी, जनजाति र विभिन्न पेसा तथा व्यवसायिक क्षेत्रबाट आन्दोलनको प्रहार भोग्दै आएको सरकारले आठ दल गठबन्धनको प्रमुख घटक माओवादीबाट पनि अब दबाब र प्रहार भोग्नुपर्ने भएको छ ।**

**सरकारले भरणपोषणका** लागि पर्याप्त रकम उपलब्ध नगराएको बताउँदै माओवादी सेनाले अस्थायी शिविर छाड्नथालेपछि सरकार र माओवादीबीचको शान्ति सम्झौता अन्योलग्रस्त बनेको छ । माओवादी सेनाको पछिल्लो निर्णयले संयुक्त राष्ट्रसंघको संलग्नतामा भएको माओवादी सेना र हतियारको दर्ता प्रक्रिया अलपत्र परेको छ भने छिट्टै हुने भनिएको माओवादी सेना र हतियारको प्रमाणीकरणसमेत अनिश्चित बनेको छ । सेना र हतियार दर्ता तथा प्रमाणीकरणपछि माओवादी अन्तरिम सरकारमा सहभागी हुने सात दल, सरकार र माओवादीबीचका सम्झौताहरूमा उल्लेख छ ।

माओवादी सेनाको पछिल्लो कदमले सबै क्षेत्रबाट दबाब र अप्ठ्यारो भोग्दै आएको सरकार थप दबाब र संकटमा परेको छ । मधेस, आदिवासी, जनजाति र विभिन्न पेसा तथा व्यवसायिक क्षेत्रबाट आन्दोलनको प्रहार भोग्दै आएको सरकारले आठ दल गठबन्धनको प्रमुख घटक माओवादीबाट पनि अब दबाब र प्रहार भोग्नुपर्ने भएको छ । सरकारमाथि दबाब बढाउन र सडक आन्दोलन चर्काउन माओवादीले फागुन ९ गते नै आफूसम्बद्ध १७ जातीय तथा क्षेत्रीय संघहरूको मोर्चा बनाएको घोषणा गरेको छ । विधायक तथा माओवादी केन्द्रीय

सचिवालय सदस्य देव गुरुङको अध्यक्षतामा बनेको उक्त मोर्चाले आन्दोलनका लागि दससूत्रीय मागहरू पनि सार्वजनिक गरेको छ। एमाले नेताहरूले माओवादीको यो व्यवहार शान्ति सम्झौताको विपरीत भएको र यसले शान्ति प्रक्रियामा खलल पुऱ्याउने बताएका छन्।

चितवनको शक्तिखोरमा रहेको अस्थायी शिविरबाट तीन हजारभन्दा धेरै माओवादी सैनिक फागुन ९ गते शिविर छाडेर बाहिर निस्किएपछि अन्य शिविरबाट पनि माओवादी सेना निस्किने क्रम सुरु हुने निश्चित छ। किनभने सरकारले आफ्नो सैनिकको भरणपोषण र शिविरको व्यवस्थापनमा बेवास्ता गरेको माओवादी नेताहरूले बताइसकेका छन् र आफ्नो सेनाको पछिल्लो कदमलाई पनि उनीहरूले जायज ठहऱ्याएका छन्।

माओवादी नेता र सेनाले सरकारबाट पर्याप्त खर्च नपाएको गुनासो गरे पनि सरकारले भने अहिलेसम्म ३५ करोड रुपैयाँ माओवादी सेना र उनीहरू बस्ने शिविरको व्यवस्थापनका लागि निकासा भएको बताएको छ। माओवादीले लगेको रकमको बिल अझै फर्स्योट नभएको अर्थ मन्त्रालयको भनाइ छ।

### धान्नै सकिएन

माओवादीको तेस्रो डिभिजन कमान्डर विविधले फागुन ८ गते संचारकर्मीहरूलाई बताएअनुसार शक्तिखोरमा रहेका डिभिजनमा बस्ने ६ हजार सैनिकको खानाका लागि मात्र एक महिनामा सवा करोड तथा प्रत्येक सेनालाई महिनाको पाँच सय रुपैयाँका दरले दिइने भत्तामा थप ३०-३२ लाख रुपैयाँ खर्च हुन्छ। 'यो शिविरका लागि हामीलाई सरकारले दिएको साढे चार करोड रुपैयाँ मात्र हो, त्यसले यत्रो महिना कसरी धान्नु ?' कमान्डर विविध भन्छन्, 'शिविरको पूर्वाधार निर्माण र खानपानका लागि चार करोड रुपैयाँ त हामीले ऋण लिइसकेका छौं।' चितवनको शक्तिखोरमा माओवादी सैनिकहरू मंसिर पाँच गतेदेखि नै बस्न थालेका हुन्। माओवादीका सैनिकहरू अस्थायी शिविरमा बस्न थालेका हुन्।

माओवादी सेनाको शिविरहरूमा अत्यावश्यक सुविधा नभएको संयुक्त राष्ट्रसंघका नेपाल प्रतिनिधि इयान मार्टिनले पनि बताइसकेका छन्। विविधका अनुसार सरकारले बेवास्ता गरिरहे शिविर छाडेर बाहिर निस्किने चेतावनी उनले गृहमन्त्री कृष्णप्रसाद सिटौलालाई माघ १९ गते नै पत्रमार्फत दिएका थिए। समस्या समाधान गर्न नसक्ने हो भने शिविरबाहिर गएर श्रम गर्ने अनुमति दिन माघ २५ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई पनि पत्र पठाएको उनले बताए। यद्यपि, ती पत्रहरूमा माग पूरा गर्न समयसीमा भने नतोकेको उनले उल्लेख गरे।

शिविर छाडेर अधिकांश सेना बाहिर निस्के पनि शिविरलाई रित्तै भने नपारिने विविधले सञ्चारकर्मीहरूलाई बताए। उनका अनुसार शिविर र कन्टेनरको सुरक्षाको लागि १५ सय सैनिक सधैं शिविरमै बस्नेछन्। श्रम गर्न चितवन जिल्ला बाहिर नजाने पनि विविधको भनाइ थियो। ■

# तराईको तातो



मधेसी आन्दोलनका नाइके उपेन्द्र यादव

समय

**माघ २४ मा** प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मधेसमा सल्किएको आगो निभाउने प्रमुख उद्देश्यले राष्ट्रका नाममा दिएको सम्बोधनमा भनेका थिए, 'संघीय लोकतान्त्रिक राज्यप्रणाली निर्माण गरी शासन प्रणालीमा मधेसी दलित, आदिवासी, जनजाति, महिला, पिछडिएको क्षेत्र र वर्ग लगायतका सबै जनताको सहभागिता गराइनेछ।'

आठ राजनीतिक दलको सहमतिपछि आएको प्रधानमन्त्रीको सम्बोधनलाई संस्थागत गर्न सरकारी वार्ताटोली सक्रिय छ भने अन्तरिम संविधानमा संशोधन गरेर मधेस, जनजाति र आदिवासीका प्रमुख माग पूरा गर्ने प्रक्रियाले गति लिँदै छ। तर, आठ दलको राजनीतिक समस्या समाधान गर्ने प्रयत्नका बाबजुद विभिन्न मोर्चाका नाममा शान्तिपूर्ण आन्दोलन, बन्द, आमहड्ताल कार्यक्रमहरू सार्वजनिक गरिएका छन् र गरिँदै छन्।

मोर्चामा आबद्ध कतिपय संगठनहरूका सतहमा उनीहरूका बेग्लाबेग्लै आन्दोलनका कार्यक्रम छन्, तर उनीहरूबीच भित्रभित्रै कार्यगत एकता देखिन्छ। सरकार कमजोर पार्ने र संविधानसभाको निर्वाचनअघि नै आफ्ना माग पूरा गर्न दबाबमूलक कार्यक्रम घोषणा गरिएबाट मुलुकको राजनीति जटिलतातर्फ उन्मुख देखिन्छ।

मधेस आन्दोलनको आह्वानकर्ता मधेसी जनाधिकार फोरम औपचारिक रुपमा गृहमन्त्रीको राजीनामा र मधेसमा भएका क्षतिको छानबिन गर्न न्यायिक आयोग बनाउने सर्त राखेर वार्ताबाट टाढिएको छ। मधेसमा सशस्त्र विद्रोह संचालन गरिरहेको तराई जनतान्त्रिक मुक्तिमोर्चा (ज्वाला समूह) वार्ताको टेबुलमा आउन तयार देखिन्छ भने तराई जनतान्त्रिक मुक्तिमोर्चा (गोइत समूह) भारतीय भूमिबाट बेग्लै राज्यको राजनीतिक नारा दिँदै वार्ताबाट पन्छिरहेको छ। गोइतले सरकारी वार्ताटोलीले विभिन्न माध्यमबाट पठाएका पत्र पनि बुझेनन् भने सरकारी वार्ताटोलीका सदस्यको टेलिफोन सम्पर्कमा आउन चाहेनन्। सरकारको वार्ताको आह्वान र प्रयासलाई बेवास्ता गर्दै तीन दिन तराई बन्द गराएका छन्, उनले। यद्यपि मधेसी जनाधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव प्रधानमन्त्रीको आग्रहमा मधेस आन्दोलन १० दिनका लागि रोकेको तर सरकारले त्यसलाई कमजोरीका रूपमा लिएको बताउँछन्। 'तर, सरकारले यसको महँगो मूल्य चुकाउनुपर्ने हुन्छ,' यादव भन्छन्।

काठमाडौंमा मधेसी जनाधिकार फोरमका अध्यक्ष यादव संयोजक तथा बृहत् लोकतान्त्रिक गणतान्त्रिक मोर्चाका अध्यक्ष परशुराम तामाङ सहसंयोजक रहेको 'आदिवासी जनजाति, दलित, मधेसी संयुक्त संघर्ष समिति' गठन गरिएको छ। सहसंयोजक तामाङका अनुसार आदिवासी, जनजाति, दलित र मधेससम्बन्धी ५ दर्जनजति संघसंस्था र राजनीतिक संगठनहरूको साझा मोर्चाले साझा एजेन्डा तय गर्ने, संयुक्त संघर्ष चलाउने तथा वार्ताका माध्यमबाट समाधान हुने स्थिति आएमा संयुक्त वार्ताटोली गठन गर्ने नीतिगत निर्णय गरेको छ। फोरमले तीन चरणका कार्यक्रम सार्वजनिक गरेजस्तै तामाङ अध्यक्ष रहेको मोर्चाले पनि प्रचार-प्रसार, आमसभा जस्ता कार्यक्रम तथा बन्द र आमहड्तालको कार्यक्रम सार्वजनिक गरेको छ। फोरम र तामाङको मोर्चाले अहिलेसम्म घोषणा गरेका कार्यक्रमअनुसार फागुन दोस्रो साता फोरमको नाममा मधेस बन्द र हड्ताल गरिनेछ भने बृहत् लोकतान्त्रिक गणतान्त्रिक मोर्चाका नाममा पहाडी तामाङ क्षेत्र बन्द गर्ने कार्यक्रम छन्।

मधेसी जनाधिकार फोरमका वरिष्ठ नेता एव वार्ताटोलीका संयोजक सीतानन्दन राय मधेस, जनजाति, दलित, आदिवासी र मधेसीका मागहरू पूरा गर्नेतर्फ सरकार नलागेकाले आन्दोलनका कार्यक्रम घोषणा गरिएको दाबी गर्छन्। राय गृहमन्त्री सिटौलाको राजीनामा र तराई घटनाको सम्बन्धमा छानबिन गर्ने आयोग बनाएको स्थितिमा सरकारी टोलीसँग वार्ता हुने बताउँछन्। राय भन्छन्, 'गृहमन्त्रीको राजनीमा र आयोग गठन गर्ने काम भयो भने हामी वार्तामा बस्छौं, वार्ताकै टेबुलमा अन्य माग प्रस्तुत गर्छौं।' तर, रायले भनेजस्तो सरल स्थिति देखिँदैन। फोरमका अध्यक्ष यादव र तामाङको नेतृत्वमा बनेको 'आदिवासी जनजाति, दलित, मधेसी संयुक्त संघर्ष समिति' राजीनामा भन्दा अगाडि छ। तामाङ लोकतान्त्रिक गणतन्त्रको घोषणा, आत्मनिर्णयको अधिकारसहितको जातीय तथा क्षेत्रीय स्वायत्त शासनमा आधारित संघीय राज्य, जाति, लिंग, भाषिक, सांस्कृतिक समुदायको जनसंख्याको आधारमा सूची, समानुपातिक निर्वाचन प्रणालीको घोषणा, निसर्त राजनीतिक दल खोल्न पाउनुपर्ने तथा राज्यका सबै क्षेत्रमा आदिवासी, जनजाति, मधेसी, महिला र पिछडिएको वर्गको जनसंख्याको आधारमा प्रतिनिधित्व गर्ने नीतिको घोषणा गरेपछि मात्र संविधानसभा निर्वाचनको मिति घोषणा गर्नुपर्ने

एजेन्डा अघि सार्छन्।

सरकारी वार्ताटोलीले आफूहरूलाई वार्ताका लागि महत्त्व नदिएको उल्लेख गर्दै तामाङ भन्छन्, 'सरकार वार्ताप्रति गम्भीर, संवेदनशील र सकारात्मक छैन।' प्रधानमन्त्रीको दोस्रो सम्बोधनले पनि मधेस, आदिवासी, जनजाति र पिछडिएका वर्गको माग पूरा नभएको तामाङ दाबी गर्छन्।

उता माघ १ मा जारी भएको अन्तरिम संविधान जलाउन काठमाडौंको माइतीघरमा भेला भएका यादव बृहत् मधेसी संघर्ष समितिका एक नेता थिए र उनका समर्थकमा सद्भावना पार्टी (मण्डल) तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय नेताहरू सहभागी थिए, माइतीघरमा। अहिले राजनीतिक समीकरण बदलिएको छ। यादव तामाङसँग सहकार्य गर्न पुगेका छन् भने माइतीघर मण्डलामा संविधान जलाउने बद्री मण्डल र अन्य मधेसी नेताहरूले 'संयुक्त मधेसी मोर्चा' स्थापना गरेका छन्। सद्भावनाका उपाध्यक्ष लक्ष्मणलाल कर्णका अनुसार मोर्चामा राप्रपाकी रेणु यादव, रामचन्द्र यादव, अजयप्रताप साह तथा मधेसी लोकतान्त्रिक मोर्चाका वर्मानन्द उपाध्याय छन्। कर्णका अनुसार मोर्चाले फागुन दोस्रो साता नेपालबन्द कार्यक्रम राखेको छ।

नयाँ बनेको संयुक्त मधेसी मोर्चाका अगुवा नेताहरू माघ २३ देखि २५ सम्म भारत भ्रमणका सदस्यमध्ये हुन्। भ्रमणबाट फर्किएपछि मोर्चा गठन भएको कर्ण बताउँछन्। भन्छन्, 'प्रधानमन्त्रीको घोषणाबाट मधेसको समस्याको सम्बोधन भएको छैन। संघीय संरचना भनिएको छ, तर स्वरुपबारे व्याख्या गरिएको छैन।' सतहमा फोरमबाट छुट्टिएर बेग्लै मोर्चा गठन भएको देखिए पनि संयुक्त मधेसी मोर्चाको प्रमुख मागमा गृहमन्त्रीको राजीनामा र आयोग गठन छन्। कर्ण फोरमसँग सहकार्य नभएको स्पष्टीकरण दिन्छन् भने फोरमका नेता राय पनि कार्यक्रम र एजेन्डा मिले पनि सहकार्यको स्थिति नरहेको दाबी गर्छन्। कर्णहरूले भारतमा भाजपाका नेता लालकृष्ण आडवाणी लगायतका प्रतिपक्षी नेताहरूसँग भेट गरेका थिए। भारत यात्रामा फोरमका केन्द्रीय सदस्य चन्द्रिका यादव पनि सामेल थिए।

सुरुका दिनमा फोरमसँग काँध मिलाउने सद्भावना (बद्री मण्डल)का नेताहरू र राप्रपाका नेताहरूले बेग्लै मोर्चा गठन गर्नुले मधेसी आन्दोलन तीव्र ध्रुवीकरणतर्फ उन्मुख भएको देखाउँछ। जनाधिकार फोरमभित्र यादवको राजनीतिक सोच र व्यवहारप्रति असन्तोष जनाउँदै पलायन हुनेहरूको संख्या पनि उल्लेख्य छ। मधेसका मागहरूप्रति सहानुभूति जनाउँदै भित्रभित्रै सहयोग पुऱ्याउँदै आएका कतिपय प्रमुख राजनीतिक दलका मधेसी नेताहरू अहिले अन्तरिम संविधानमा संशोधन गरेर अघि बढ्ने अभ्यासमा जुटेका छन्। पार्टीसँग आबद्ध जिम्मेवार नेताहरू फोरम र मोर्चाका नाममा अब मधेसको आन्दोलन नजम्ने विश्लेषण गर्दै छन्।

कांग्रेस सहमहामन्त्री डा. रामवरण यादव भन्छन्, 'लोकतन्त्र र नेपाल सिंगो राष्ट्र चाहनेहरूले टेबुलबाट समाधान खोज्नुपर्छ। प्रधानमन्त्रीको सम्बोधनपछि मधेस, जनजाति र आदिवासीको ९९ प्रतिशत माग पूरा भएको छ। वार्ताको टेबुलबाट पछि हटेर गरिने आन्दोलन र बन्दले राजनीतिक अस्थिरता चाहने प्रतिगामीलाई फाइदा पुग्छ।'

गृहमन्त्रीको राजीनामाका सन्दर्भमा यादव घुमाउरो जवाफ दिन्छन्, 'मधेसको आन्दोलन गर्नेका ९९ प्रतिशत माग पूरा भएका छन्, बाँकी माग वार्ताको टेबुलबाट टुंगो लगाउनुपर्छ।'

माओवादी मधेसी मुक्तिमोर्चाका अध्यक्ष मातृका यादव लोकतान्त्रिक गणतन्त्रको घोषणा एक मात्र राजनीतिक समाधान ठान्छन्। भन्छन्, 'मधेसको नाममा आन्दोलन गर्नेहरू समस्या समाधान गर्न नचाहने प्रतिगामी र दरवारिया तत्त्व हुन्। तीविरुद्ध यथाशीघ्र लोकतान्त्रिक गणतन्त्र घोषणा गर्नुपर्छ।'

एमाले अहिले नयाँ संगठन स्थापना गरेर मधेसको राजनीतिमा प्रवेश गर्ने जमर्को गर्दै छ। गत साता मात्र उसले 'लोकतान्त्रिक मधेसी संगठन' खोल्यो। सगठनका संयोजक रघुवीर महासेठ अन्तरिम संविधान संशोधनबाट मधेसका समस्या समाधान गर्ने बाटो खुल्ने स्थिति भए पनि गृहमन्त्रीको राजीनामा नभए मधेसमा आन्दोलन चर्कन सक्ने खतरा औंल्याउँछन्। वार्ता गर्न सरकार गम्भीर बन्न नसकेको उल्लेख गर्दै महासेठ भन्छन्, 'मधेसलाई शान्त गर्न गृहमन्त्रीले राजीनामा दिनुपर्छ।' एमालेको नयाँ मधेस विभागको पहिलो कार्यक्रमबाटै गृहमन्त्रीको राजीनामा माग गरिएको सुनाउँदै महासेठ भन्छन्, 'राजीनामा नदिए प्रधानमन्त्रीले बर्खास्त गर्न सक्नुपर्छ, गृहमन्त्रीको राजीनामा नआएमा समस्या आउँछ।'

नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)का महासचिव राजेन्द्र महतो पनि महासेठको विचारसँग नजिक छन्। गृहमन्त्रीको राजीनामाको माग केन्द्रीय समितिले उठाएको बताउँदै महतोले भने, 'संघीय शासन र जनसंख्याका आधारमा प्रतिनिधित्वजस्ता महत्त्वपूर्ण माग पूरा भएको छ। यसले संविधानसभामा जाने बाटो खोलेको छ। बाँकी कुरा संविधानसभाबाट समाधान खोज्नुपर्छ।'

मोर्चाबन्दी राजनीतिक वातावरणमा चार महिनाअघि गठन भएको नव जनवादी मोर्चा संगठन विस्तारको क्रममा छ। मोर्चाका अध्यक्ष पुराना गणतन्त्रवादी नेता रामराजाप्रसाद सिंह मधेसी र पहाडमा जनजाति एक भएमा राज्यसत्ता कब्जा गर्न सकिने विश्वासमा देखिन्छन्। सिंहको नव जनवादी मोर्चामा माओवादीबाट अलग भएका वा टाढिएका जातीय संगठनहरूको बाहुल्य देखिन्छ।

■ **विश्वमणि पोखरेल/काठमाडौं**



भास्कर ओझा

# उठ्यो फोहर

**दुई सातादेखि** थुप्रिएको राजधानीको फोहरको समस्याले तत्काललाई निकास पाएको छ। सरकार र ओखरपौवा सिसडोल ल्यान्डफिल साइट प्रभावित गाविसका स्थानीयवासीबीच ससर्त सहमतिपछि दुई सातादेखि थुप्रिएको राजधानीको फोहर उठ्न थालेको हो।

काठमाडौं र ललितपुरमा प्रतिदिन उत्पादन हुने पाँच सय मेट्रिक टन फोहरलाई तह लगाउन सरकारले २०६१ सालदेखि सिसडोल ल्यान्डफिल प्रयोग गर्दै आइरहेको छ। सिसडोलमा फोहर थन्काएबापत सरकारले स्थानीय विकास निर्माणलाई मद्दत पुऱ्याउने भने पनि ती वाचा कागजमा सीमित राखेको भन्दै स्थानीय बासिन्दाले पटक पटक फोहर लान अवरुद्ध पुऱ्याउने गरेका छन्।

दुई सातासम्म राजधानीको फोहर नउठेपछि समस्या समाधान गर्न स्थानीय र केन्द्रीयस्तरमा आठ दलको बैठकबाट समेत पहल भएको थियो। स्थानीय विकासमन्त्री राजेन्द्र पाण्डेको अध्यक्षतामा बसेको बैठकले उपत्यकाको फोहरको समस्या तुरुन्तै निराकरण गर्न राजनीतिक दल र नागरिक समाजका तर्फबाट पहल गरिने तथा स्थानीय बासिन्दाको मागलाई तत्कालै सम्बोधन गर्ने सहित नौबुँदे समझदारी गरेको छ।

'फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निष्कासन गर्ने काममा अवरोध आउन नदिन राजनीतिक दल, नागरिक समाज तथा सरोकारवाला सबैले आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त भएको छ', मन्त्रालयका प्रवक्ता सूर्यप्रसाद सिलवालद्वारा ९ गते जारी विज्ञप्तिमा छ।

पौने तीन वर्षदेखि फोहर व्यवस्थापन थालिएको सिसडोलका आसपासका स्थानीय बासिन्दाहरूसँगको सम्झौता बेवास्ता गर्दै आएको भन्दै साउनपछि मात्र उनीहरूले तीन महिना ल्यान्डफिल साइट बन्द गरिसकेका छन्। साइट बन्द गर्ने र केन्द्रलाई दबाब दिने दोहोरो भूमिकामा माओवादी सक्रिय भएका थिए। ८ गते माओवादी काठमाडौं नगर कमिटीले केही ट्रक फोहरसहित स्थानीय विकास मन्त्रालय घेरा हाल्न गएपछि समाधानको लागि दबाब उत्पन्न भएको भन्दै उनीहरू जस लिन तम्सेका छन्।

■ **ज्योति देवकोटा/काठमाडौं**

# उस्तै छ अभाव

**माघ महिनाभरि मधेसमा आन्दोलन चर्किंदा राजधानीमा तेलको चर्को अभाव झेलेका उपभोक्ताले मधेसमा पुनः आन्दोलन भड्किने संकेत पाउनासाथ तेल सञ्चय गर्न थालेका छन् ।**

■ मधुसूदन पौडेल/काठमाडौं

**मधेसमा पुनः** आन्दोलन चर्किने संकेतसँगै राजधानीमा पेट्रोलियम पदार्थको अभाव सुरु भएको छ । उपभोक्ताहरू घन्टौंको लाइन छिचोलेर मात्रै तेल लिन सक्ने अवस्थामा छन् । तर, राजधानीमा तेल आपूर्तिको ढोका मधेसमा आन्दोलन चर्किनासाथ राजधानीमा पेट्रोलियम पदार्थ र दैनिक उपभोग्य सामग्रीको पनि अभाव हुने निश्चित देखिएको छ ।

मधेसमा गडबडी सुरु हुनासाथ राजधानीका तेल उपभोक्ता धेरै हदसम्म सचेत देखिएका छन् । अहिले तेलको अभाव हुनुको मुख्य कारण यही भएको दाबी नेपाल आयल निगमको छ । प्रवक्ता इच्छाविक्रम थापा भन्छन्, 'निगमले पहिलेभन्दा धेरै परिणाममा तेल बजारमा पठाएको छ । तर, उपभोक्ता आगामी दिनका लागि पनि तेलको सञ्चय गर्न तल्लीन रहेकाले अभाव देखिने गरेको छ ।' माघ महिनाभरि मधेसमा आन्दोलन चर्किंदा राजधानीमा तेलको चर्को अभाव झेलेका उपभोक्ताले मधेसमा पुनः आन्दोलन भड्किने संकेत पाउनासाथ तेल सञ्चय गर्न थालेका छन् । यसले गर्दा पेट्रोल पम्पहरूमा घन्टौं छिचोल्न नसकिने लाइन लागिरहेका छन् । राजधानीमा मुख्य रुपमा पेट्रोलको अभाव बढी देखिएको छ । अधिकांश सवारीसाधनले प्रयोग गर्ने यो पदार्थको अत्यधिक संचय भएको र व्यापारीहरूले आगामी दिनमा तेल आपूर्ति नहुने देखेपछि लुकाउन थालेको आशंका निगमको छ ।

निगमले काठमाडौंमा सामान्यतया प्रतिदिन १ लाख ८० हजार लिटर पेट्रोल वितरण गर्दै आएको छ, तर बजारमा पेट्रोलको मागमा वृद्धि भएपछि निगमले पेट्रोल आपूर्तिमा पनि व्यापक वृद्धि गरिएको दाबी गरेको छ । प्रवक्ता थापाका अनुसार यो साता प्रतिदिन २ लाख ९० हजार लिटरसम्म पेट्रोल बजारमा पठाइएको छ । तैपनि बजारमा पेट्रोलको थप माग रोकिएको छैन । बिक्रीका लागि दिइएको तेल व्यापारीहरूले लुकाएको र काठमाडौंमा आपूर्तिमा समस्या आउनासाथ 'कालो बजारी' सुरु गर्ने उनीहरूको दाउ रहेको आशंका सरकारी अधिकारीहरूको छ, तर यो विषयमा सरकार खासै संवेदनशील हुन सकेको छैन । निगमले भने तेल वितरणको अवस्थाको अनुगमन सुरु गर्ने बताएको छ ।

निगमको कमजोरी व्यापारीहरूले राम्रैसँग बुझेका छन् । किनभने भारतीय आयल निगम (आइओसी)लाई तेल खरिदको रकम भुक्तानीमा


राजधानीमा पेट्रोलियम पदार्थको अभाव अझै उस्तै देखिएको छ

सन्तुलन कायम गर्न नसक्दा निगमले त्यहाँबाट आफ्नो क्षमता जति पनि तेल स्टकमा राख्न सकेको छैन । निगम अधिकारीहरूका अनुसार गत अगस्तमा आइओसीको दबाबमा उसलाई तिर्नु पर्ने रकमको ठूलो हिस्सा भुक्तानी गरिएपछि पुनः तेलको स्टक गर्न सकिएको छैन । त्यसपछि राजधानीमा क्षमताको आधामात्रै तेल स्टकमा रहने गरेकोमा माघको आन्दोलन र अहिलेको चर्को मागका कारण त्यो स्टकको अवस्था पनि अरू बिग्रिएको छ । यसले गर्दा भारतबाट तेल आपूर्तिमा सामान्य समस्या आउनासाथ राजधानीमा तेलको चर्को समस्या थपिनेछ । यो वास्तविकता बुझेका व्यापारीले निगमबाट तेल उठाउने र बिक्री गर्नुको सट्टा लुकाउने गरेको निगमका अधिकारीहरू बताउँछन् । सरकारीस्तरमा संचालित पेट्रोल पम्पबाहेकका अधिकांश पेट्रोल पम्पहरूले पेट्रोल बिक्री गरेका छैनन् । राजधानी आपूर्तिको मुख्य स्रोत अमलेखगन्जको तेल डिपोमा पनि तेलको स्टकको अवस्था धेरै कमजोर रहेको प्रवक्ता थापा बताउँछन् ।

तेल माथि हुँदै आएको राजनीतिका कारण नेपालमा पेट्रोलियम पदार्थको मूल्य अन्तर्राष्ट्रिय बजार मूल्यका आधारमा समायोजन गर्न सकिएको छैन । गत अगस्तमा गरिएको मूल्यवृद्धिसँगै माओवादीको चर्को विरोधपछि वृद्धि गरिएको मूल्य फिर्ता गर्न सरकार बाध्य भएको थियो । अहिले पनि निगमले आइओसीलाई ६ अर्ब रुपैयाँ ऋण तिर्न बाँकी छ । एकातिर ऋणको बोझ र अर्कोतर्फ जति धेरै तेल बिक्री गऱ्यो, त्यही अनुपातमा नोक्सान वृद्धि हुने भएका कारण निगमले सीमित मात्रामा मात्रै तेल आयात गर्दै आएको छ । ऋण तिर्नकै लागि नेपालका बैंकहरूबाट लिएको साढे ५ अर्ब रुपैयाँसहित निगमले साढे ११ अर्ब रुपैयाँको ऋण तिर्न बाँकी छ । तेल स्टकमा राख्न नसक्नुमा निगमसँग वित्तीय संकट मुख्य समस्याका रुपमा विद्यमान छ ।

आन्दोलन गरिरहेको मधेसी जनाधिकार फोरमले फागुन १४ देखि एक साताका लागि तराईमा यातायात र भन्सार नाकाहरू बन्द गरिने जानकारी गराएको छ भने जनतान्त्रिक तराई मुक्तिमोर्चाले पनि तराई बन्द लगायतका आन्दोलनका कार्यक्रम अगाडि सारेको छ । यो आन्दोलनले तराईलाई अशान्त त पार्ने नै छ, राजधानीका लागि अत्यावश्यक आपूर्तिमा पनि संकट ल्याउनेछ । यसै पृष्ठभूमिमा राजधानीमा पेट्रोलियम पदार्थको अभाव सुरु भएको छ ।

पेट्रोलसँग खाना पकाउने ग्याँसको अभाव बढिरहेको छ, जसले राजधानीवासीको दैनिकीमा समस्या पारेको छ । यही मौका छोपेर ग्याँसको 'कालो बजारी' पनि चलिरहेको छ, तर सरकार नियन्त्रण गर्न असफल देखिएको छ । तेल आपूर्तिको संकट र सडक अवरोधका कारण दैनिक उपभोग्य सामग्रीको मूल्यमा पनि भारी वृद्धि भएको छ । यो समयमा दाल, चामल, तरकारी र तेल लगायतका उपभोग्य वस्तुमा १० प्रतिशतभन्दा बढीले मूल्यवृद्धि भएको छ । ■

# फलामको च्यूरा

**जेठमा संविधानसभाको चुनाव गर्न हुनुपर्ने पूर्वतयारीहरू र समयसीमा**

| | |
|---|---|
| १. ऐन, नियम निर्माण तथा स्वीकृति | माघ पहिलो - फागुन पहिला |
| २. निर्देशिका र आचार संहिता तयारी तथा उत्पादन | माघ तेस्रो - फागुन अन्तिम |
| ३.१. मतदाता नाम संकलन र अद्यावधिक गर्ने | माघ तेस्रो - फागुन दोस्रो |
| ३.२. जिल्लामा प्रशोधन (नामावली) | फागुन तेस्रो - चैत पहिलो |
| ३.३ मतदाता नामावली एकिकृत गरी अन्तिमरुप दिने | फागुन चौथो - बैशाख दोस्रो |
| ३.४ मतदाता नामावली जिल्लामा पठाउने | चैत तेस्रो - बैशाख दोस्रो |
| ४. राजनैतिक दलदर्ता कार्यक्रम | फागुन तेस्रो - चैत चौथो |
| ५. मतदाता सचेतना कार्यक्रम | माघ पहिलो - जेठ तेस्रो |
| ६. निर्वाचन सामग्री आपूर्ति व्यवस्था | माघ पहिलो- जेठ तेस्रो |
| ७. निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना | चैत तेस्रो- बैशाख पहिलो |
| ८. निर्वाचन कार्यक्रम प्रकाशन | बैशाख दोस्रो |
| ९. उम्मेदवारी दर्ता र प्रशोधन | बैशाख तेस्रो |
| १०. निर्वाचन सामग्री प्याकिङ तथा ढुवानी | बैशाख पहिलो- जेठ तेस्रो |
| ११. मतपत्र छाप्ने तथा ढुवानी | बैशाख चौथो- जेठ तेस्रो |
| १२. निर्वाचनका लागि कर्मचारी व्यवस्थापन र तालिम | बैशाख चौथो- जेठ तेस्रा |
| १३. निर्वाचन अनुगमन तथा पर्यवेक्षण | फागुन पहिलो- जेठ चौथो |
| १४. मतदान | जेठ चौथो |
| १५. मतगणना | जेठ चौथो |
| १६ निर्वाचन सम्वन्धि कार्यकालागि सुरक्षा व्यवस्था | माघ तेस्रो- जेठ चौथो |



■ **किरण भण्डारी/काठमाडौं**

**जेठभित्र संविधानसभाको** चुनाव गर्न निर्वाचन आयोगले समयसीमासहित चरणबद्ध गरेका कार्यक्रमहरूको सम्पादनमा ढिलाइ भएको उपर्युक्त तालिकाले देखाएको छ। कुनै पनि कार्यक्रम समयसीमाभित्र हासिल नहुने छाँटले जेठमा संविधानसभाको निर्वाचन सम्पन्न हुने कुरामा ठूलो द्विविधा सृजना भएको छ।

दर्जनौं ऐन नियम निर्माण तथा स्वीकृति र मतदाता नाम संकलन र अद्यावधिक फागुन दोस्रो साताभित्र सम्पन्न भइसक्नुपर्नेमा यसतर्फ खासै उपलब्धि भएको छैन। निर्वाचन कार्यक्रमको प्रस्थानविन्दुका रुपमा रहेका यी चरणमा ढिलाइ भएकाले यति बेला सुरु भइसक्नुपर्ने मतदाता सचेतना कार्यक्रम र निर्वाचन अनुगमन तथा पर्यवेक्षणको सुरसार समेत भएको छैन।

प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले संसद्मा प्रतिनिधित्व गर्ने माओवादीसहित दलहरूका शीर्षस्थ नेताहरूसमक्ष माघ २८ गते प्रस्तुत गर्दै उक्त तालिका अनुसरण नगर्ने हो भने जेठ अन्तिमसम्म संविधानसभाको निर्वाचन सम्पन्न गर्न मुस्किल हुने धारणा व्यक्त गरेको दुई सातासम्म पनि निर्वाचनसम्बन्धी आधारभूत कानुनको समेत निर्माण हुन सकेको छैन।

प्रमुख आयुक्त पोखरेलले संविधानसभाको निर्वाचन र दल दर्तासम्बन्धी कानुनमा दलहरूले तत्काल परामर्श नदिने हो भने आयोगले संविधान मस्यौदा समिति जस्तै विभिन्न विकल्पसहित कानुन मस्यौदा गरी संसद्मा पठाउने बताएका छन्। फागुन ९ गते राजनीतिक दलहरूसँग आयोगमा भएको बैठकका क्रममा पोखरेलले चेतावनीयुक्त भनाइ पुनः दोहोर्‍याएका हुन्।

संविधानसभाको निर्वाचन समयमै नभएम हुने अपजस आयोग र आफ्नो थाप्लामा नपरोस् भनी सचेत पोखरेलले विभिन्न उपाय सुझाए पनि मधेस, जनजाति, आदिवासी, दलित, कर्णाली, हिमाली क्षेत्र लगायतबाट यससम्बन्धी विभिन्न कोणबाट उत्पन्न दबाबको भुमरीमा परेको सरकार भने अनिर्णयको बन्दी बनेको छ।

संविधानसभाको निर्वाचनको आधारभूत सर्तको रुपमा यसको निर्वाचनसम्बन्धी कानुन हो। निर्वाचन प्रणाली र मतपत्रसम्बन्धी व्यवस्थामाथि पुस २७ गतेदेखि नै दलहरूबीच छलफल आरम्भ भए पनि अहिलेसम्म निष्कर्ष निस्कन नसकेकाले त्यो कानुनसमेत बन्न सकेको छैन।

'चुनाव प्रणालीबारे निष्कर्ष ननिस्किएसम्म मतदाता सचेतना कार्यक्रमसमेत सुरु गर्न सक्ने अवस्था छैन', पोखरेलले समयसित भने, 'दलहरूले आवश्यक कानुन निर्माण गरेर ढोका नखोल्दिएसम्म आयोगले मात्र केही गर्न सक्दैन।'

मघ २८ गतेको प्रस्तुतिमा पोखरेलले आफूले जागिरको जोगाउनकै लागि पूर्ववर्तीले जस्तै चुनावको नाटक मात्र रच्न नसक्ने पनि बताएका थिए। 'निर्वाचनमा जान कुनै ढोका नखोलिदिएसम्म हामी कसरी अघि बढ्ने ?', उनले प्रश्न गरेका थिए।

मूलधारको राजनीतिका अग्रपंक्तिका खेलाडीहरूले जेठमा कुनै हालतमा निर्वाचन गराएरै छोडिन्छ भन्ने धारणा व्यक्त गर्ने क्रम जारी भए पनि त्यसका लागि आवश्यक आधारभूत कानुनहरूको निर्माणमा अझै केही समय गुज्रने निश्चित छ।

मधेसका आन्दोलनकारीहरूसँग संविधान संशोधन गरी उनीहरूको मागलाई सम्बोधन गर्न सरकारले स्वीकृति जनाएपछि निर्वाचनको दृष्टिकोणबाट मुलुक अहिले अन्तरिम संविधान जारी भएको माघ १ भन्दाअघिको अवस्थामा छ। संविधान संशोधन नगरी अन्य कानुन निर्माणका दिशामा अघि बढ्न सकिँदैन।

निर्वाचनसम्बन्धी व्यवस्था खारेज गरी मधेसका आन्दोलनकारीको माग अनुकूल जनसंख्याका आधारमा क्षेत्र निर्धारण र निर्वाचन प्रणालीबारे संविधान संशोधनबाट टुंगो लगाउनु पर्छ। 'संविधान टुंगो नलागी संविधानसभाको निर्वाचनसम्बन्धी कानुन बन्दैन', पोखरेल भन्छन्।

अन्तरिम संविधानप्रति असहमति जनाएर विभिन्न स्वरुपको आन्दोलनम सरिक भइरहेका मधेसी, जनजाति, आदिवासी, दलित र महिलाहरूको माग समाधान गर्नु जरुरी छ। अन्तरिम संविधान र निर्वाचन प्रणालीप्रति असन्तुष्ट सबै समुदायसँग वार्ता गर्न महन्थ ठाकुर समिति गठन भए पनि त्यसले दुई सातासम्म कुनै गति लिन सकेको छैन।

विभिन्न मधेसी समुदाय र जनजाति आदिवासी महासंघले संघर्षका कार्यक्रम जारी राखेका छन्।

जनजाति महासंघले सरकारको अनुरोधमा वार्ता समिति बनाएको दुई साता हुन लाग्दासम्म बोलावट नभएको भन्दै आक्रोश व्यक्त गरेको छ ।

संविधान र निर्वाचन प्रणालीबारे बीसबुँदे माग अघि सारेको महासंघका वार्ताटोली सदस्य डा. कृष्णबहादुर भट्टचन भन्छन्, 'सरकार वार्ताबाट समस्या समाधान गर्न इच्छुक नभएको देखिएको छ ।' कतै वार्ताको नाटक मात्र रचिएको त होइन भन्ने आशंका आफूहरूलाई भएको उनले बताएका छन् ।

जनसंख्याको आधारमा मधेसमा सिट बढाउने र उत्तरी भेगमा कटौती हुन लागेकोप्रति हिमाली र उच्च पहाडी भेगका बासिन्दाले आपत्ति प्रकट गरेका छन् । जनसंख्यालाई मात्र आधार मानेर कर्णाली लगायत हिमाली क्षेत्रको भाग खोस्न पाइँदैन भन्दै राजनीतिक दलका नेताहरू र सांसदहरूले अभियान सुरु गरेका छन् । एमालेका डिल्ली महत, कांग्रेसका दीनबन्धु श्रेष्ठ र कांग्रेस प्रजातान्त्रिकका जीवनबहादुर शाहीले हालै कर्णाली अञ्चललाई अन्याय नगर्न प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमक्ष ज्ञापन दिएका छन् । कर्णालीका सांसदहरू गोरखबहादुर बोगटी, चन्द्रबहादुर शाही र देवीलाल थापाले पनि उपप्रधानमन्त्री अमिक शेरचनमार्फत प्रधानमन्त्रीलाई यही मागसहित स्मरणपत्र दिएका छन् ।

'जनसंख्याको आधारमा मात्र विश्वको कुनै पनि प्रजातान्त्रिक मुलुकमा सिट बाँडफाँड हुँदैन', एमाले वैकल्पिक सदस्य डिल्ली महत भन्छन्, 'धेरै टाढा जानु पर्दैन, भारतमै ४० हजार जनसंख्या र ४० लाखबराबर १ सिट भएका प्रदेशहरू छन् ।'

मधेस, जनजाति, आदिवासी, दलित कर्णाली सबैको असन्तुष्टिलाई सम्बोधन गरेरै पनि संविधानसभाको निर्वाचन जेठभित्रै गर्न सकिने दाबी दलका जिम्मेवार नेताहरूले गरेका छन् । जेठमा संविधानसभाको निर्वाचन नगर्ने हो भने वर्षातले गर्दा कात्तिकमा मात्र सम्भव हुने बताउँदै ती नेताहरूले यति लामो अवधिमा पुनरुत्थानवादीहरूको चलखेलले लोकतन्त्रमाथि आक्रमण हुन सक्ने भएकाले पनि तिथि सार्न नहुने बताएका छन् ।

'विचार, विमर्श र छलफलका आधारमा आठ दलले दृढतापूर्वक निर्णय लिएमा संविधानसभाको निर्वाचन प्रक्रिया अघि बढ्छ', एमाले स्थायी समिति सदस्य झलनाथ खनालले समयसित भने ।

कांग्रेस नेता अर्जुननरसिंह केसीले मुलुकमा विद्यमान विविध जातजाति, क्षेत्र र वर्गको आवाजलाई अन्तरिम संविधान जारी गर्दा समग्रमा सम्बोधन नगरिएकाले अहिलेको गतिरोधले जन्म लिएको दोषारोपण गरेका छन् । 'अब टुक्रे ढंगले हैन, समग्र रुपमा समाधान गरेर संविधानसभाको लक्ष्य हासिल गर्न राजनीतिक निकास निकाल्नु पर्छ', केसीले भने ।

राज्यले शान्ति सुरक्षाको प्रत्याभूति नगर्ने र माओवादीले आफूलाई राजनीतिक शक्तिमा रुपान्तरण नगर्ने हो भने संविधानसभा निर्वाचनसम्मको राजनीतिक प्रक्रिया जोखिमपूर्ण हुने उनको विश्लेषण छ । ■

## ठप्प उच्च शिक्षा




समय

**राजनीतिक भागबन्डा** नमिलेका कारण सात दलको गठबन्धन सरकारले १० महिनासम्म त्रिभुवन, नेपाल संस्कृत, पूर्वाञ्चल र पोखरा विश्वविद्यालयमा उपकुलपति, रजिस्टार, शिक्षाध्यक्षलगायत उच्च पदाधिकारीको नियुक्ति गर्न नसक्दा मुलुकको उच्च शिक्षा अन्योलग्रस्त भएको छ । उच्च पदाधिकारीको अनुपस्थितिमा नीतिगत निर्णय नहुँदा ती विश्वविद्यालयका शैक्षिक, आर्थिक, प्रशासनिक, योजनालगायत काम प्रभावित बनेका छन् । त्रिभुवन विश्वविद्यालयका वरिष्ठ प्रशासकीय अधिकृत भोला ढकाल भन्छन्, 'वार्षिक योजना तर्जुमासम्बन्धी कुनै निर्णय हुन नसक्दा कर्मचारीलाई तलब खुवाउनेबाहेक केही काम हुन सकेको छैन ।' त्रिभुवन विश्वविद्यालयको पचास वर्षको इतिहासमा यस्तो स्थिति कहिल्यै नआएको ढकाल बताउँछन् ।

गत कात्तिकमा संशोधन भएको शिक्षा ऐनले त्रिभुवन विश्वविद्यालयको कुलपति पद राजाबाट प्रधानमन्त्रीमा हस्तान्तरण गरेको छ । संशोधित ऐनअनुसार उपकुलपति चयन गर्न शिक्षामन्त्रीको अध्यक्षतामा तीनसदस्यीय सिफारिस समिति बनाउने अधिकार प्रधानमन्त्रीलाई प्रत्योजन गरिएको भए पनि अहिलेसम्म उक्त समिति बन्न सकेको छैन । यतिका समय बितिसक्दा पनि समिति नबन्नुको पछाडि प्रधानमन्त्री कोइरालालाई आफ्नो पार्टी समर्थकलाई उपकुलपतिमा ल्याउन विभिन्न तहबाट व्यापक दबाब परेको बताइन्छ । त्यसो त प्रधानमन्त्री कोइरालाले शिक्षामन्त्री मंगलसिद्धि मानन्धरलाई पदाधिकारी नियुक्तिको प्रक्रिया मिलाउन जिम्मेवारी नदिई सञ्चारमन्त्री दिलेन्द्रप्रसाद बडुलाई दिएका छन् । विभागीय मन्त्रीको सट्टा अर्कै मन्त्रीलाई जिम्मेवारी दिनुबाट पनि विश्वविद्यालयमा पदाधिकारी नियुक्ति हुन नसक्नुमा राजनीति दाउपेचबाहेक अरू कुनै कारण नभएको स्पष्ट छ । अहिलेको अवस्थामा विश्वविद्यालयको नेतृत्वविहीन अवस्थाको अन्त्य गर्न बल प्रधानमन्त्रीको कोर्टमा छ ।

विश्वविद्यालय कार्यकारिणी परिषद् यति लामो समयसम्म पदाधिकारीविहीन रहेकाले पनि विश्वविद्यालय अस्तव्यस्त बन्न पुगेको हो । विश्वविद्यालयका जति पनि नीतिगत निर्णय हुन्छन्, ती सबै कार्यकारिणी परिषद्बाट नै हुन्छन् । उक्त परिषद्मा उपकुलपति अध्यक्ष, रेक्टर, दुई डिन, दुई प्राध्यापक र सदस्यसचिवमा रजिस्टार गरी सातजना सदस्य हुने व्यवस्था छ । उपकुलपति, शिक्षाध्यक्ष र रजिस्टार नै नभएको अवस्थामा परिषद् मृत जस्तै भएकाले निर्णय तहका कुनै पनि काम हुन सकेका छैनन् । ढकाल भन्छन्, 'प्राध्यापक तथा कर्मचारीको अध्ययन बिदा, ऋण सुविधा, लामो बिदा स्वीकृति, आंगिक क्याम्पसलाई निकासा गरिने बजेटलगायत भौतिक र शैक्षिक विकासका योजना ठप्प छन् ।' परीक्षाफल प्रकाशन, समकक्ष निर्धारण, विदेश जाने विद्यार्थीको लागि चाहिने माइग्रेसनलगायत कुनै काम हुन सकेका छैनन् ।

विश्वविद्यालयका अरू निकाय निष्क्रियप्रायः रहेका अवस्थामा परीक्षा नियन्त्रण कार्यालयले भने परीक्षा सञ्चालन, परीक्षाफल प्रकाशनलगायत काम गर्दै आएको छ । कामु परीक्षा नियन्त्रकको रुपमा विपिनध्वज कार्कीले कार्यभार वहन गर्दै आएका छन् । विश्वविद्यालयको शैक्षिक तालिका नै प्रभावित भएपछि आगामी परीक्षा कहिले सञ्चालन हुने भन्नेमा अन्योल कायम छ । साविक शैक्षिक तालिकाअनुसार मंसिर अन्तिम सातादेखि सुरु हुनुपर्ने स्नातकोत्तर तह प्रथम वर्षको परीक्षा माघ दोस्रो साताबाट गरिने तालिका सार्वजनिक गरिएको भए पनि मधेस आन्दोलनका कारण स्थगित गरिएको थियो । मधेसी जनाधिकार फोरमले फेरि फागुन पहिलो सातादेखि आन्दोलन जारी राख्ने निर्णय गरेको अवस्थामा परीक्षा नियन्त्रण कार्यालयले उक्त परीक्षा कहिले सञ्चालन गर्नेबारेमा निर्णय लिन सकेको छैन । स्नातकोत्तर तह प्रथम वर्षको परीक्षा सरेपछि प्रमाणपत्र तह र स्नातक तहका परीक्षा पनि गत वर्ष निर्धारण भएको समयमा नहुने निश्चित देखिएको छ ।

■ **छत्र कार्की/काठमाडौं**

# असफल शासन



■ किरण भण्डारी/काठमाडौं

**मानवअधिकार** आयोगका अध्यक्ष, दुई सदस्य र चौध राजदूत नियुक्तिका लागि सरकारले झन्डै साढे दुई महिनाअघि गरेको सिफारिसको अवस्थाबारे यस विषयमा चासो राख्नेहरूले समेत लगभग भुलिसकेका छन् ।

संवैधानिक परिषद् र मन्त्रिपरिषद्को पुस ३ गतेको बैठकले ती निकायमा गरेको नियुक्ति सिफारिस माओवादीको चर्को विरोधपछि थाती बसेको थियो । कात्तिक २२ को शान्ति सम्झौता र अन्तरिम संविधान टुंग्याउने क्रममा भएको सहमतिलाई उल्लंघन गर्दै सरकारले एकपक्षीय निर्णय गरेको भन्दै दलका नेताहरूले समेत व्यापक आलोचना गरेका थिए ।

आयोग र राजदूतमा भएको सिफारिसको कानुनी हैसियतबारे सरकारका अधिकारीहरूसमेत ठोस जवाफ दिन सक्ने अवस्थामा छैनन् । राजदूतको सिफारिस संसदीय विशेष सुनुवाइ समितिमा थन्किएको छ भने आयोगका पदाधिकारीमा भएको सिफारिस गुमनाम भएको छ ।

राजदूत सिफारिसमा प्रमुख सत्तासाझेदार कांग्रेस, एमाले र प्रजातान्त्रिक कांग्रेसबीच भागबन्डामा असहमति भएको थियो भने सत्तारोहणको तयारीमा रहेको माओवादीले समेत आफूहरूलाई बाइकट गरिएको भन्दै चर्को विरोध जनायो । सिफारिसमा परेका केही व्यक्तिहरूको पृष्ठभूमिका कारण विवाद झनै चर्किएको हो ।

प्रधानमन्त्री कार्यालय तथा मन्त्रिपरिषद् सचिवालयका सहसचिव नेत्रबहादुर कार्कीका अनुसार राजदूत सिफारिसमाथि सुनुवाइका लागि संसदीय समितिमा पठाएको दुई महिना नाघिसकेको छ । 'संसदीय समितिको अध्यक्ष नतोकिएकाले नियुक्ति प्रक्रियामा गतिरोध आएको हो ।'

मन्त्रिपरिषद्ले राजदूत वा संवैधानिक पदमा सिफारिस गरेको व्यक्तिलाई संसदीय सुनुवाइ समितिले अनुमोदन गरेपछि मात्र अन्तिम नियुक्ति हुने प्रावधान छ । अन्तरिम व्यवस्थापिका संसद्ले समितिलाई यथावत् राखेको भए पनि सदस्य र अध्यक्ष नतोकिएकाले काम सुरु गरेको छैन ।

संसदीय समितिमा थन्किएको सिफारिसअनुसार शैलजा आचार्य-भारत, टंक कार्की-चीन, बलबहादुर कुँवर-पाकिस्तान, डा. सुरेश चालिसे-अमेरिका, गणेश योञ्जन-जापान, भगीरथ बस्नेत- बेलायत, सूर्यकिरण गुरुङ-रूस छन् । त्यसैगरी साउदी अरेबियाका राजदूतमा हमिद अन्सारी, प्रमेश हमाल-बेल्जियम, नवीनप्रकाशजंग शाह-थाइल्यान्ड, सूर्यकान्त मिश्र-कतार, प्रदीप खतिवडा-बंगलादेश, गुणलक्ष्मी शर्मा (विश्वकर्मा)-म्यान्मा र दिनेश भट्टराई-जेनेभा छन् ।

कानुनद्वारा स्थापित आयोगलाई अन्तरिम संविधान २०६३ ले संवैधानिक हैसियत प्रदान गरेकाले अध्यक्ष र सदस्य पदमा भएको सिफारिसको हैसियतबारे अन्योल उत्पन्न भएको छ । पुस ३ गतेको निर्णयले आयोगका अध्यक्षमा पूर्व प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय, सदस्यहरूमा सिविनका गौरीभक्त प्रधान र पूर्व कर्मचारी डा. लीला पाठकलाई नियुक्ति गर्ने सिफारिस गरेको थियो ।

आफूसँग परामर्श नगरी राजनीतिक भागबन्डाका आधारमा सदस्यहरू रोजेको भन्दै आपत्ति प्रकट गरेपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला स्वयं नियुक्ति स्विकार्न अनुरोध गर्न उपाध्यायनिवास पुगेपछिको शृंखला ओझेलमा परेको छ ।

'मानवअधिकार ऐन र २०६३ अन्तरिम संविधानमा पदाधिकारी नियुक्तिको प्रक्रिया र विधिबारे अन्तर भएकाले सिफारिसको हैसियत के हुन्छ भनी भन्न सकिने अवस्था छैन', मन्त्रिपरिषद्का एक सचिवले नाम उल्लेख नगर्ने सर्तमा भने, 'संवैधानिक परिषद्का सदस्यहरूले यसबारे सोचेका होलान् ।'

राजदूत वा आयोग पदाधिकारी नियुक्ति मात्र हैन, सरकारले १९ मन्त्रालय र निकाय सचिवविहीन छन् । राजस्व, शिक्षा, श्रम, सञ्चार, स्थानीय विकास, परराष्ट्र, पाँच क्षेत्रीय प्रशासन जस्ता महत्त्वपूर्ण निकाय कायम मुकायम सचिवले नेतृत्व गरिरहेका छन् । वन मन्त्रालय, निर्वाचन, लोकसेवा आयेग र पूर्वाञ्चल क्षेत्रीय प्रशासनमा कायम मुकायम नेतृत्वसमेत छैन, निमित्तको पोल्टामा छ ।

शाही शासनकालमा अध्यादेशबाट भएको संशोधनको म्याद असारमा सकिएपछि उत्पन्न रिक्तता पुनःस्थापित प्रतिनिधिसभाले ऐन संशोधन गरी पूर्ति गर्नुपर्नेमा कानुन बनाउन संसद् असमर्थ भएकाले प्रशासनका सबै पदपूर्ति रोकिएको छ ।

अध्यादेशको म्याद सकिएको ६ महिनासम्म पनि संशोधन अध्यादेश पारित गर्ने सहमति कायम हुन नसकेकाले प्रशासनमा तदर्थवाद र शून्यता हावी भएको हो । ऐनको अभावले एक हजारभन्दा बढी अन्य पदपूर्ति पनि रोकिएको सामान्य प्रशासन सचिव युवराज पाण्डले समयसित बताएका छन् । लोकसेवा आयोगले लिने खुला परीक्षा र बढुवा पनि असारदेखि रोकिएको छ ।

'रिक्तताको सबैभन्दा मार हुलाकमा परेको छ', पाण्डे भन्छन्, 'देशभरका अधिकांश हुलाक कार्यालय प्रमुखविहीन बनेका छन् ।' पदपूर्ति प्रक्रिया अवरुद्ध भएकाले वन, जिल्ला विकास, शिक्षा, मालपोत, भूमिसुधार कार्यालयका साथै केही जिल्लामा प्रमुख जिल्ला अधिकारी समेत कायम मुकायमले चलाएका छन् ।

प्रत्येक सम्बोधनमा सुशासनको नारालाई प्रधान रुपमा उठान गर्दै आएको सरकार व्यवस्थापकीय रुपमा नालायक देखिएको मात्र हैन, सेवा प्रवाहको गुणस्तरमा समेत कुनै सुधार ल्याउन सकेको छैन । १९ दिन लामो जनआन्दोलन-२ मा अपार जनसहभागिता र सहिदको बलिदानबाट स्थापित लोकतान्त्रिक व्यवस्थाले युगान्तकारी राजनीतिक परिवर्तन ल्याए पनि सरकारी संयन्त्रमा त्यसको कुनै छाप देखिएको छैन ।

सरकारी सेवा सुविधामा गुणात्मक रुपमा कुनै सुधार आउन नसकेको विज्ञहरूको धारणा छ । आम समुदायले राज्यको प्रतिमूर्तिको रुपमा हेर्ने मालपोत, भूमिसुधार, जिल्ला प्रशासन, अदालत वा जनसम्पर्कका सरकारी कार्यालयको कार्यशैली यथावत् रहेकाले पनि परिवर्तनको सन्देश तल्लो तहसम्म पुगेको छैन ।

'सेवा सुविधालाई जनमुखी, सर्वसुलभ, छिटो, छरितो तुल्याउन समेत नसकिएकाले आमजनताले परिवर्तनको अनुभूति गर्न पाएका छैनन्', पूर्व मुख्यसचिव डा. विमलप्रसाद कोइराला भन्छन्, 'सुधार त परको कुरा बरु आन्दोलनमा लगानी गरेको दाबीसहित लाभांश लिने होडबाजी कर्मचारीहरूमा देखिएको छ ।'

राजनीतिक हिसाबले २०४६ सालको भन्दा ठूलो परिवर्तन भए पनि जनआन्दोलन-२ पछि समग्र प्रहरी प्रशासनमा सुधारको तस्बिर देखिएको छैन न त ती निकायमा व्याप्त ढिलासुस्ती, अनियमितता र भ्रष्टाचारको मात्रामा कुनै कमी आएको छ। 'शासन सुधारोन्मुख भएको भान समेत पार्न सकेको देखिँदैन', शासन व्यवस्थाका सूचकहरूबारे उल्लेख गर्दै कोइराला भन्छन्, 'संस्थागत सुधार सरकारको प्राथमिकतामा नपरेकाले उही संस्था, उही मानिस र उस्तै कार्यशैलीले जनताको अपेक्षा पूरा नभएको हो।' जनआवाज र उत्तरदायित्व, राजनीतिक स्थिरता र हिंसारहित अवस्था, सरकारको प्रभावकारिता, विधिको शासन र भ्रष्टाचार नियन्त्रण शासन व्यवस्थाको सूचक भएको उल्लेख गर्दै उनले भने, 'समग्रतामा यी सबै सूचकमा कुनै सुधार आउन सकेन।'

संक्रमणकालमा सेवा प्रवाहमा व्यापक सुधार गरी परिवर्तनको अनुभूति दिलाउन सम्भव नहुने धारणा अन्य विज्ञहरूको छ। नीतिगत परिवर्तन नभई नवीन सेवा, सुविधाको रचना नहुने हुँदा त्यो सम्भव नभए पनि कु-व्यवस्था सच्याउन भने ९-१० महिनाको समय प्रशस्त अवधि भएको उनीहरूको धारणा छ। 'संक्रमणमा रातारात सेवा प्रवाहमा सुधार ल्याउन सम्भव छैन', पूर्वसचिव श्रीकान्त रेग्मी भन्छन्, 'तर विद्यमान सेवा सुविधा सुचारु गराउन र कानुन पालना गराउनसमेत सरकार असमर्थ भएको छ।'

## राजप्रासाद सेवा जस्ताको तस्तै

जनताविरुद्ध राजा उक्साउने निकाय ठहर गरी त्यसको विघटन गर्नुपर्ने जनआन्दोलन-२ को मागलाई आत्मसात गर्दै प्रतिनिधिसभाले राजप्रासादलाई निजामती सेवाको अंग बनाउने घोषणा गरेको ९ महिना बितिसक्दा पनि कार्यान्वयन भएको छैन।

प्रमुख मुख्य सचिव, प्रमुख सचिव, सचिवदेखि राजाका सल्लाहकार र कर्मचारीमा पुरानै अनुहार यथावत छन्। दरबारका कर्मचारीलाई निजामतीभित्र 'नेपाल राजप्रासाद सेवा' खडा गरी समायोजित गर्न प्रतिनिधिसभा घोषणापत्र कार्यान्वयन सुझाव समितिले सिफारिस गरेको थियो। तर, राजप्रासादअन्तर्गतका सैनिक सचिवालय र त्यसको तजबिजी सुरक्षा व्यवस्था यथावत् छ। 'जनताको चाहना र प्रतिनिधिसभाको घोषणाअनुसार राजप्रासाद सेवाको रुपान्तरणबारे हामीले दिएको सुझाव अहिलेसम्म सिन्को भाँचिएको छैन', प्रतिनिधिसभा घोषणापत्र कार्यान्वयन सुझाव समितिका सदस्य श्रीकान्त रेग्मीले ढिलाइप्रति असन्तोष व्यक्त गर्दै भने।

संसद्-व्यवस्थापिकामा विचाराधीन निजामती ऐनको संशोधन विधेयकमा राजप्रासादसम्बन्धी व्यवस्था प्रस्ताव नगरिएकाले ९ सय कर्मचारी अझ लामो अवधि पूर्ववत् रहने देखिएको छ। वार्षिक १५ करोड हाराहारीको बजेट खर्च हुने राजप्रासादलाई 'जनताले तिरेको करबाट पोसेर दरबार धाउन' दिइरहने हो भने यिनीहरूले राजालाई उक्साउँछन् भन्ने आवाज पटक पटक संसद्मा उठिरहे पनि कुनै सुनुवाइ भएको छैन। ■

# आयोगै आयोग

**जनआन्दोलनको** बलमा संसद् पुनःस्थापना भएर सरकार गठन भएदेखि सरकारले विभिन्न क्षेत्रसँग सम्बन्धित करिब एक दर्जन आयोग गठन गरेको छ। यस्ता आयोगहरू तत्कालको आक्रोश मत्थर गर्नमात्र बनाउने प्रवृत्ति सरकारको देखिएको आरोप कानुनविद्हरूको छ। कानुनविद् नीलाम्बर आचार्य भन्छन्, 'सरकारले आयोग गठन गरेर सम्बन्धित क्षेत्रको समस्या समाधान गर्ने र न्याय दिलाउनेभन्दा पनि तत्कालको आक्रोश साम्य पार्ने प्रवृत्ति देखाएकाले गर्दा अधिकांश यस्ता आयोगका प्रतिवेदन थन्किएर बसेका छन्।'

सरकारले गठन गरेका आयोगहरूमध्ये केहीले प्रतिवेदन सरकारलाई बुझाइसकेका छन् भने केहीको म्याद थप गरेर काम गरिरहेको सरकारले बताएको छ। तर, सरकारले गठन गरेका यस्ता जाँचबुझ तथा छानबिन आयोगहरूका अधिकांश प्रतिवेदन थन्किएर बसेका छन्। सरकार गठन भएलगत्तै बनेको बहुचर्चित कृष्णजंग रायमाझी आयोगको प्रतिवेदन कार्यान्वयन गर्न चौतर्फी दबाब आए पनि त्यसको कार्यान्वयन सरकारले अझै सुरु गरेको छैन। रायमाझी आयोगको प्रतिवेदन कार्यान्वयन गर्न उपप्रधानमन्त्री केपी ओलीको संयोजकत्वमा गठित समितिले आयोगले दोषी ठहर गरेका केही व्यक्तिलाई कारबाही गर्न प्रधानमन्त्रीलाई सुझाव दिए पनि त्यसको कार्यान्वयनको थप अनुसन्धानको लागि सरकारले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको छ। सरकारको यो घुमाउरो कार्यान्वयन प्रक्रियाले सरकार प्रतिवेदन कार्यान्वयन गर्ने पक्षमा नदेखिएको आरोप कानुनविद्हरूको छ।

राजाको प्रत्यक्ष शासनकालमा भक्तबहादुर कोइरालाको संयोजकत्वमा गैरकानुनीरुपमा गठित भ्रष्टाचार नियन्त्रण शाही आयोगका बारेमा छानबिनको लागि बनाइएको पुनरावेदन अदालतका न्यायाधीश माधवप्रसाद ओझाको संयोजकत्वमा गठित आयोगको प्रतिवेदन पनि सरकारले दराजमा थन्काएको छ। ओझा आयोगले शाही आयोग प्रचलित ऐन कानुनविपरीत गठन भएको ठहरसहितको प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाएको थियो। सरकार गठन भएपछि बनाइएका यस्ता अधिकांश आयोगहरूको प्रतिवेदन कार्यान्वयन नगरेर सरकारले राष्ट्रिय ढुकुटी खर्च गर्ने मात्र गरेको आरोप लागेको छ। सरकारले विभिन्न घटनाबाहेक विभिन्न क्षेत्रको विकासको लागि पनि सम्बन्धित क्षेत्रको सुझाव लिन र सोअनुरुप ऐन कानुन र नियम परिवर्तन गर्न आयोग गठन गर्ने गर्दछ। त्यसको कार्यान्वयन पक्षमा पनि सरकार फितलो देखिएको छ। आचार्य भन्छन्, 'सरकारले यस्ता आयोगका प्रतिवेदनलाई प्रतिवेदनमा मात्र सीमित राखेर क्षणिकरुपमा आन्दोलन मत्थर गर्ने गरेको छ।'

कुनै पनि घटनामा ऐन कानुनको बर्खीलाप भएर धनसम्पत्ति तथा मानवीय क्षति भएको देखिएमा त्यसको आधारमा आयोगले सरकारलाई प्रमाणसहितको सुझाव दिन्छ। यसरी दिएका अधिकांश आयोगका सिफारिसहरू सरकारले कार्यान्वयन गरेको छैन। गृह मन्त्रालयका प्रवक्ता वामनप्रसाद न्यौपाने भन्छन्, 'सरकारले बनाएका आयोगले प्रचलित ऐन कानुन पालना भए-नभएको हेर्ने हो र त्यसको आधारमा सरकारले प्रचलित नियम कानुनको आधारमा कारबाही र क्षतिपूर्तिको व्यवस्था गर्ने भएकाले केही कार्यान्वयनको प्रक्रियामा र केही आयोगको प्रतिवेदन नआएकाले कार्यान्वयन नभएको हो।'

सरकारले नेपालगन्जमा भएको दंगाको छानबिन गर्न पुनरावेदन अदालत बुटवलका न्यायाधीश पुरुषोत्तम पराजुलीको संयोजकत्वमा नायव महानिरिक्षक द्रोणराज रेग्मी र राष्ट्रिय अनुसन्धान विभागका अतिरिक्त महानिरीक्षक सुखचन्द्र झा सदस्य रहेको आयोग गठन गरेको छ। तर, यसले पनि तोकिएको समयमा प्रतिवेदन बुझाउन सकेको छैन। नेपालगन्जमा भड्किएको हिंसाले करोडौंको धनमाल नष्ट भएको थियो।

सिराहाको लाहानमा भएको घटनाको सत्य तथ्य बुझ्न गठित पुनरावेदन अदालत पाटनका न्यायाधीश जनार्दनबहादुर खड्काको संयोजकत्वमा गठित तीनसदस्यीय समितले पनि काम गरिरहेको बताएको छ। तराईमा भइरहेको आन्दोलनको बीउ मानिएको लाहान घटनामा माओवादी कार्यकर्ताको गोली प्रहारबाट एकजनाको मृत्यु भएको थियो। यो घटनापछि भड्किएको तराई आन्दोलनका कारण २७ जना मानिसको ज्यान गएको छ, तर घटनाको छानबिन गर्न बनेको समितिले भने अझै पनि प्रतिवेदन बुझाउन सकेको छैन।

आयोगहरू गठन गरे पनि आयोगले बुझाएका प्रतिवेदन कार्यान्वयन नगरेको गुनासो कानुनविद्हरूको छ। विभिन्न समयमा भएका घटनाबाहेक सरकारले मिडिया क्षेत्रको विकासको लागि उच्चस्तरीय मिडिया आयोग गठन गरेको थियो। यो आयोगले आफ्नो प्रतिवेदन सरकारलाई बुझाइसकेको छ। सञ्चार मन्त्रालयले भने मिडिया आयोगको प्रतिवेदनका केही पाटा कार्यान्वयनको प्रक्रियामा रहेको र अन्य पक्षलाई पनि चाँडै कार्यान्वयन गर्ने बताएको छ।

■ **गोविन्द परियार/काठमाडौं**

# अहिले दलहरूले गर्नुपर्ने काम

**अन्तरिम अवधिमा रहेको आजको नेपाल भयानक चपेटामा परेको छ। मधेसी, पहाडिया, हिमाली, जनजाति, दलित, खस-ब्राह्मण, क्षेत्री भनेर नेपाली मात्रलाई विभाजन गर्न खोजिएको छ। यो सर्वथा गलत प्रवृत्ति हो। मूल कुरो त मधेसी-पहाडिया- हिमाली-जनजाति-दलित-महिला-पुरुष वा खस ब्राह्मण वा क्षेत्री सबै एकै जाति हुन्।**

■ लोककृष्ण भट्टराई

### मधेसी आन्दोलन र राज्यको व्यवहार

जनआन्दोलन-२ बाट प्राप्त लोकतन्त्रले जनताका समस्यालाई सम्बोधन गर्न सकेन। यसको कारणबारे न खोजी न दलहरूबाट भएको छ न त बुद्धिजीवी वा अन्य तप्काबाट। विगत २३८ वर्षमा राणा र शाह दुई परिवारले नेपाली स्रोत साधनको सम्पूर्ण उपयोग गरे। यीविरुद्ध जनताले ठूलो संघर्ष गरे, तर तिनले आफ्नो रीतिस्थितिअनुसार समानतामा आधारित समाज सृजना गर्ने नेता पाएनन्। नेपाली जनताले धोका पाउँदै आए। आज मधेसी, जनजाति, दलित, पहाडिया, हिमाली वा कर्णालीवासीको जतातते आवाज उठेको छ। यो विकास निर्माण र आर्थिक उत्पादनमा वितरणको समस्याले उब्जाएको समस्या हो।

राज्यले हमेसा मोजमस्तीवादको सिद्धान्त अपनाएको र जाति, धर्म, भाषाको असमानता सृजना गरी भयानक र अन्यायपूर्ण शोषण गरेकाले र आफूलाई मार्क्सवादी वा गान्धीवादी भन्नेहरूले पनि मार्क्स र गान्धीको आर्थिक असमानता हटाई मानिसको बाँच्न पाउने जीवनस्तरतर्फ ध्यान नदिँदा जातीय आन्दोलन उठ्छ र वर्गीय आन्दोलन ओझेलमा पर्छ। आज विश्वमा 'वसुधैव कुटुम्बकम्'को नारा होस् र विश्वमा हुने र नहुनेका बीचमा मात्र संघर्ष हुनुपर्नेमा विभिन्न धर्मावलम्बी वा जाति भनेर संघर्षमा लाने काम केवल विश्व पुँजीवाद (लेनिनको शब्दमा भन्ने हो भने पुँजीवादको अन्तिम रुप साम्राज्यवाद)ले गरेको छ।

आज नेपाल अन्तरिम अवधिमा भयानक चपेटामा परेको छ। मधेसी, पहाडिया, हिमाली, जनजाति, दलित, खस-ब्राह्मण, क्षेत्री भनेर नेपाली मात्रलाई विभाजन गर्न खोजिएको छ। यो सर्वथा गलत प्रवृत्ति हो। मूल कुरो त मधेसी-पहाडिया-हिमाली-जनजाति-दलित-महिला-पुरुष वा खस ब्राह्मण वा क्षेत्री सबै एकै जाति हुन्। यी सबै जातमा शोषक, सामन्त र फटाहा छन्। यी सबै जातमा शोषित पीडित र मर्माहत जनता छन्। राष्ट्रिय समस्याको पहिचान भनेको शोषक र शोषित वर्ग मात्र छुट्याएर शोषितको पक्षमा आन्दोलनको उठान गर्नुपर्छ। हाल उठेका जातीय आन्दोलनलाई आफूलाई वर्गीय आन्दोलनको मसिहा ठान्ने कम्युनिस्ट पार्टीहरूले मार्क्सवादको चुरो नबुझी ठूलो पार्टी बनाउने नाममा गरिएका हावादारी विश्लेषण हुन्। त्यस अरिरिक्त कम्युनिष्ट आन्दोलनभित्र आएका जातजाति, ती मधेसी जनजाति वा दलितका योग्य कार्यकर्तालाई नीति निर्धारण गर्ने अंगमा बस्न नदिएर केवल दास बनाउने हेतुले तलका कार्यकर्तामा मात्र बस्न भनेकाले हिजोका अगुवा जातिको विरोधमा विद्रोह भएको हो। नेपालकै सन्दर्भमा भन्ने हो भने नेपालमा पार्टीहरू खुल्न थालेपछि पार्टीहरूमा नीति निर्धारण तहमा सबै जात र तप्काका मानिस लगेको पाइन्छ।

नेपालको लोकतान्त्रिक आन्दोलनका मसिहा भनेका युगपुरुष भनेका विपी कोइराला र पुष्पलाल हुन्। यिनले पार्टी बनाउँदा महेन्द्रनारायण निधि, जयगोविन्द शाह, नारदमुनि थुलुङ, निर्मल लामा, चित्रबहादुर गुरुङ, रामप्रसाद राई, एकदेव आले मगर, दुःखीलाल चौधरी, महेन्द्रविक्रम शाह, भीमदत्तपन्त, मोतीदेवी, कामाक्षदेवी, मंगलादेवी सिंह, गणेशमान सिंह, नोना कोइराला, रूपलाल विश्वकर्मा, हरिहर यादव जस्ता समाजका प्रत्येक अंग प्रत्यंगलाई दलको नीति निर्धारक संस्थामा राखे र काम गरे। यी दुई नेता छउन्जेल राजा महेन्द्रले विपी र पुष्पलालको विरुद्ध जातीय आन्दोलन जति भड्काए पनि कांग्रेस र कम्युनिस्टहरूका पछाडि लोकतन्त्र र वर्ग समानताको सिद्धान्त भएकाले सबै जातका नेपालीहरू लागिरहे।

विपी र पुष्पलालले आर्थिक असमानता हटाउने प्रमुख लक्ष्य आन्दोलनका नारा बनाएकाले जातीय र क्षेत्रीयवादको कुरा यिनको जीवनकालमा उठेन। यी दुई नेताको अवसानपछि दर्शन, मानवशास्त्र, अर्थशास्त्र र समग्र समाजको अग्रगामी विकासको कार्यक्रम र आचरण भएको नेता नेपालमा निस्केन। खालि समस्या मात्र उजागर गर्ने देखिए र समाधानको बाटो देखाउने कुनै पार्टीको नेता निस्केनन्। जात भनेको सबै खाले दार्शनिकहरूको शब्दमा- आइमाई जात र लोग्नेमान्छे जातमात्र हो। राष्ट्रको भूगोल पनि बेला बेलामा परिवर्तन हुन्छ। आजको ब्राह्मण जात भोलि विश्वकर्मा हुनसक्छ। पहाडिया खस भनेका जात र मधेसी दुवै भारतीय मूल जो अफगानिस्तानको हिन्दुकुश पर्वतबाट मुसलमान राजाले लखेटेपछि र भारतलाई पनि पारसी मुसलमान राजाले कब्जा गरेपछि यो पहाडी भू-भागमा लखेटिएका हुन्। तराईको समतल मैदानमा भारतीय भाषाको प्रयोग नजिक भएकाले तराई र पहाडका जनताको भाषा अलगअलग भएको हो। भाषा भनेको त एक-अर्काको समस्या बुझ्ने र बुझाउने माध्यम मात्र हो। त्यसैले यो जातीय र क्षेत्रीय मामलाको उठान भनेको समस्या नै होइन। समस्या भनेको त आर्थिक उत्पीडनको हो। आन्दोलन भनेको त हुने र नहुनेका बीचमा हुनुपर्छ। पुष्पलाल र विपीपछि आएका कांग्रेस र कम्युनिष्ट पार्टीहरूको दृष्टिविहीन दम्भले यी समस्या आएका ज्वलन्त छ। हिजो राज्यले राजाको शासन व्यवस्थामा मधेसीलाई जुन उत्पीडन दिए। दलीय व्यवस्था आएपछि पनि त्यो कायमै रह्यो। विगतमा राजाले पुनः निरंकुशता लादेपछि भएको दलहरूको सम्झौतामा अब समानुपातिक प्रणालीको निर्वाचनमा जाने र सार्वभौमसत्ता सम्पन्न जनतालाई सार्वभौम बनाउने प्रण आन्दोलनरत दलहरूले गरेकाले जनआन्दोलन-२ सफल भएको हो। त्यो सफलतापछि समस्त देशका सबैखाले उत्पीडित वर्ग सीमान्तीकृत जनताको समानुपातिक निर्वाचन र संघीय राज्य प्रणालीमा जाने भनी आन्दोलन गर्ने अनि संविधानमा यी कुरा नराखेपछि विरोध हुने नै भयो। शासक भएपछि शक्तिको भाषा मात्र बुझ्ने प्रवृत्तिले आज त्यत्रो ठूलो आन्दोलन तराईका जनताले गरेका हुन्। हिजो साम्यवादी समाज निर्माणार्थ हिँडेका- उपेन्द्र यादव वा सीतानन्दन राय वा जयकृष्ण गोइत वा नागेन्द्र पासवानहरूलाई आफूलाई साम्यवादी भन्ने पार्टीहरूले तिरस्कार गरेपछि उनीहरू जातीय आन्दोलनमा लागे। विगतमा रूसमा पनि यही भयो। त्यसबाट पाठ सिकेर साम्यवादी आन्दोलन हाँक्ने नेतृत्वले बेलैमा सोच्नुपर्थ्यो। अझै समय भड्किसकेको छैन। सबै जातजाति, भाषाभाषी, लिंग र क्षेत्रका मानिसलाई बलको भाषाबाट होइन, संवादको माध्यमबाट राजनीतिको मूलधारमा ल्याउनु राज्यसत्ताको कर्तव्य हुन आउँछ।

### आर्थिक असमानता हटाउनुपर्छ

देश विकासको र लोकतन्त्रको संस्थागत विकासको शत्रु भनेको आर्थिक असमानता र सत्तामा बस्नेको हेपाहा प्रवृत्ति हो। सत्ता भनेको त्यो राज्यसत्ता होस् कि पार्टी सत्ता यी दुवै अलिकति तलमाथि भए पनि एकै हुन्। इतिहास साक्षी छ, राज्यसत्तामा बस्नेहरू वा पार्टीसत्तामा बस्नेहरूले भिन्न मतमाथि विभेद गरी अन्यायपूर्ण व्यवहार गरेकाले विगत १२-१५ वर्षमा सबै दल फुटे। दलको घोषणापत्र एकातिर, व्यवहार अर्कातिर गर्नाले र सत्तामा बस्नेहरूले सहिष्णु संस्कृति

नअपनाएकाले देशको आर्थिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक अवस्था अस्तव्यस्त हुँदै गयो। हिजो राज्यसत्ताले सानो पार्टी भनेर माओवादीलाई हेप्दा आज त्यो देशको ठूलो पार्टी बन्न पुग्यो। त्यत्रो जनधनको क्षति भयो। राजाले निरंकुशता लादे। यी सबै आर्थिक असमानता र असहिष्णु संस्कृतिका फल हुन्। जनवाद वा लोकतन्त्र अथवा राजनीतिक व्यवस्था टिकाउनु भनेको आर्थिक अराजक र भ्रष्टाचार नियन्त्रण गरी समाजलाई चाहिने वस्तु सुलभ मूल्यमा उपलब्ध गराउनु हो। पार्टीसत्ता वा राज्यसत्ताले जनताको चौतर्फी विकास (गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार)लाई सुनिश्चितता गर्ने अर्थतन्त्रको निर्माण नगरी कुनै पनि राज्य यन्त्र वा राजनीतिक व्यवस्था दिगो हुन सक्दैन। यी कुरा राज्यले दिन नसकेपछि समाजमा चरम विद्रोह र रक्तपात हुन्छ। क्रान्तिपछिको जिम्बाबे, सुडानजस्ता देशको इतिहास नपढ्नाले ०४६ को परिवर्तनपछि सत्ता संचालन गर्ने दलहरू असफल भए र माओवादी विद्रोह जन्मियो। अब पनि माओवादीसहित आठ दलले सबैखाले विचारका साना दलहरूलाई सँगै लिएर अग्रगामी आर्थिक सुधार नगर्ने हो भने मधेसको जस्तो विद्रोह अन्यत्र सल्कन सक्छ। राष्ट्रपतिको हैसियतले चीनमा सन् १९४९ मा तियानमेन चोकबाट जनगणतन्त्रको घोषणा गरेपछि माओको ध्यान सबभन्दा पहिला भ्रष्टाचार नियन्त्रण, सदाचार र उत्पादनमूलक अर्थव्यवस्थाको निर्माणमा गएको थियो। जनगणतन्त्र घोषणा गरेको ६ महिनामा आर्थिक समानता र उत्पादनमूलक उद्योगधन्दाको विकासमा ३५% ले वृद्धि भएको थियो। त्यस्तै माओले १९५५ मा देश विकासका दस प्रमुख सम्बन्धको सिद्धान्त र व्यवहार दुवैमा महान् छलाङ ल्याउने घोषणा गरे। चीनको जर्जर सामन्ती अर्थतन्त्रलाई औद्योगिक अर्थतन्त्रमा परिणत गराए। सम्पूर्ण दलहरू, संघसंस्था र नागरिक समाजको पूर्ण सहयोग लिन उदार दिलले समस्त चीनलाई एकताबद्ध बनाए। उनकी श्रीमती चियाङ-चिङको पार्टीमा उदय र हावी भएपछि सांस्कृतिक क्रान्तिको नाराममा भने माओलाई धब्बा लाग्यो।

उता भारतमा पं. जवाहरलाल नेहरूले रूसमा स्तालिनले लिएको आत्मनिर्भर अर्थतन्त्र, पूर्वाधार विकास, ठूला उद्योगको विकासको नारा र गान्धीको साना तथा चर्खा उद्योगलाई एकसाथ अगाडि बढाउने नारा लगाए र कार्यरुपमा पनि परिणत गर्दै लगे। आज भारत नेहरूको राजनीतिक आर्थिक तथा सांस्कृतिक आधारशिला र चीन माओको राजनीतिक, आर्थिक, सांस्कृतिक आधारशिलालाई पक्रँदै अखण्ड रुपमा विश्वकै आर्थिक शक्तिका रुपमा अगाडि बढ्दै छन् र यिनको आर्थिक वृद्धिदर झन्डै ९-१२% छ। यी दुई राष्ट्रको आर्थिकवृद्धि र सामरिक विकासले पश्चिमा पुँजीवाद विशेष गरी अमेरिकी दादागिरी पुँजीवाद त्रस्त छ। हामी भने विपी र पुष्पलाललाई बिर्सदै छौं। माधव, प्रचण्ड, प्रकाश, सिपी, बिजुक्छेले पुष्पलाल र उनको आर्थिक राजनीतिक सांस्कृतिक आधारशिला बिर्सेका छन्। यिनीहरू कांग्रेस पार्टीको हाराहारीमा आफ्नो इतिहास

**हामी विपी र पुष्पलाललाई बिर्सदै छौं। माधव, प्रचण्ड, प्रकाश, सिपी, बिजुक्छेले पुष्पलाल र उनको आर्थिक राजनीतिक सांस्कृतिक आधारशिला बिर्सेका छन्। यिनीहरू कांग्रेस पार्टीको हाराहारीमा आफ्नो इतिहास राख्न र अन्तर्राष्ट्रिय कम्युनिष्ट वा लोकतान्त्रिक आन्दोलनमा समेत पुष्पलालको नाम भएकाले कहिलेकाहीँ अन्तर्वार्ता दिँदा सम्झन्छन्। यिनले लिएको रणनीति र कार्यनीति हमेसा असफल भएको छ र अन्त्यमा पुष्पलालले लिएको रणनीति र कार्यनीतिले नेपाली अधिनायकवादी राजतन्त्र झुकेको वा धराशायी भएको छ।**

राख्न र अन्तर्राष्ट्रिय कम्युनिष्ट वा लोकतान्त्रिक आन्दोलनमा समेत पुष्पलालको नाम भएकाले कहिलेकाहीँ अन्तर्वार्ता दिँदा सम्झन्छन्। यिनले लिएको रणनीति र कार्यनीति हमेसा असफल भएको छ र अन्त्यमा पुष्पलालले लिएको रणनीति र कार्यनीतिले नेपाली अधिनायकवादी राजतन्त्र झुकेको वा धराशायी भएको छ। जनआन्दोलन-२ ले त राजतन्त्र अवसान हुनै लागेको छ। उता कांग्रेसीहरू विपीको फोटो त राख्छन्, तर सबै नेपालीलाई मध्यम वर्ग बनाउने उनको सपना बिर्सन्छन् र अमेरिकी अर्थतन्त्रको पक्षपोषण गर्ने विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषको आज्ञा पालन गर्छन् र राष्ट्र चलाउन अमेरिकामा पढेका केही कमिसनखोर अर्थशास्त्रीको सल्लाहमा भीख माग्छन् र काठमाडौं र मोफसलका सहरहरूमा ठूलाठूला महल बनाउँछन्, लाखौं पर्ने पजेरो किन्छन्। उता पुष्पलालका अनुयायीहरू लाखौं पर्ने गाडी चढ्छन्। यसले परिवर्तन उन्मुख गराउँछ ? आज हुम्ला-कालिकोटको शेर्पा, पहाडको मगर, राई वा खस वा तराईको थारू वा यादव वा पासवानको न खुट्टामा जुत्ता छ न त आङमा लुगा छ। यस्तो अवस्थामा कसरी लोकतन्त्र सुदृढ गर्न सकिन्छ ?

## अब के गर्ने ?

यसो भए पनि नेपाल हाँक्ने यिनै दल र यिनै नेता हुन्। यिनले आफूलाई मोजमस्तीको संस्कृतिबाट सदाचार संस्कृतिमा फर्काउनुपर्छ। मानिस फस्न सक्छ। फसेपछि फेरि नफस्ने गरी पाठ सिक्नुपर्छ। हिजो आफ्नो प्रभाव बढाउने नाममा दिएको सस्तो जातीय मुक्तिको नारा सही थिएन भन्ने कुरा पुनर्मूल्यांकन गर्नुपर्छ र समाजको आमूल आर्थिक-सामाजिक रुपान्तरणका लागि वर्गीय समानताको आन्दोलन सबै नागरिक समाज र राजनीतिक दलहरूले अघि सार्नुपर्छ र व्यवहार-आचरणमा पनि त्यसै गर्नुपर्छ। सबै सुकुमवासीले घर-घडेरी र जग्गा पाउनुपर्छ र साथै उसको आय-आर्जन र रोजगारी दिन सक्नुपर्छ। सिँचाइ, जलविद्युत्, उद्योग, वैदेशिक व्यापारमा आर्थिक आत्मनिर्भर नीति बनाएर घोषणा गर्नुपर्छ र व्यवहारमा लागू गर्नुपर्छ। कर्मचारीतन्त्रमा भएको भ्रष्टाचार र ढिलासुस्तीलाई विनामोलाहिजा नियन्त्रण गर्नुपर्छ। खालि संविधानको रटले मात्र पुग्दैन। संसद् भित्र र बाहिरका सबै परिवर्तनकामी अग्रगामी राष्ट्रिय तथा क्षेत्रीय दलहरू नागरिक समाज सबैको आर्थिक विकासको रणनीति एकै हुनुपर्छ र व्यवहारमा लागू गर्नुपर्छ। हाल सरकार र सबै दलहरूको हिँड्ने शैली चिप्लेकिराको जस्तो छ। आन्दोलन गरे मात्र माग पूरा गर्ने शैली भनेको अलोकतान्त्रिक शैली हो। यत्रो ठूलो बलिदानी र वि.सं. १९९६ सालदेखि आजसम्म बगेको सबैखाले आन्दोलनको रगत बगेपछि मात्र कुनै पनि कुराको सम्बोधन गर्ने शैली त्याग्नुपर्छ। सबै प्रकारका बुद्धिजीवी नागरिक समाज दलहरूले नेपालले एकात्मक राज्यव्यवस्थाले विगत २३८ वर्षमा प्रगति गर्न सकेन भनेर बुझेका छन्। सीमान्त वर्ग उत्पीडित जाति, भाषा र क्षेत्रलाई राष्ट्रिय विकासको (जो राजनीतिक आर्थिक, सांस्कृतिक) मूलधारमा ल्याउन सकेन भनेर नै गत वर्ष विशाल आन्दोलन भएको हो। आठ दलबीच बाह्रबुँदे सहमति भएपछि जनता स्वतस्फूर्त रुपमा उत्रिएका हुन्। आन्दोलन सफल भएपछि बनेको अन्तरिम संविधानमा हिजो प्रधानमन्त्रीले गरेको वाचा पहिले राखेको भए मधेसमा २७ जनाको ज्यान जाँदैनथ्यो। अब भोलि पहाडमा उठ्ला। आदिवासी, जनजाति वा किराँत वर्कर्स पार्टी वा मधेसका सबै प्रकारका संगठन र सीमान्त जाति वा वर्गका संगठनसँग समेत वार्ता र संवादको माध्यमबाट टेबलमा बसेर संविधान संशोधन गर्नुपर्छ र त्यो संशोधन गर्दा राजनीतिक वा जातिगत मात्र नभएर आर्थिक असमानता हटाउन राज्यको सम्पत्तिको समान वितरण र सम्पत्तिको सिलिङ, आर्थिक, सांस्कृतिक उन्नतिका कुरा पनि राख्नुपर्छ। त्यति मात्र नभएर अब पहाडिया, हिमाली, मधेसी, दुर्गम क्षेत्रवासी वा ब्राह्मण, क्षेत्री, राई, लिम्बू, मगर, तमाङ, शेर्पा, नेवार, यादव, थारू, झाँगड, राजवंशी, मुसलमान, साह, खत्वे, बाँतर, मुसहर, पासवान वा दमाई, कामी, सार्की, थकाली भन्नेजस्ता एक्काइसौं शताब्दी अनुकूल अशोभनीय नारा त्याग्न जरुरी छ। अब त पूर्व मेचीदेखि पश्चिम काली, उत्तर भोटदेखि दक्षिण भारतसम्मका सबै नेपालीमात्र हौं भन्ने नारा लाग्नुपर्छ। अझ दलहरूले मधेसबाट पहाडियालाई जिताउनुपर्छ र पहाडबाट मधेसीलाई जिताउनुपर्छ। एक जात र अर्को जात घुलमिल गराउन सकेमात्र राष्ट्रियता र जनतन्त्र सुदृढ हुन्छ। यसतर्फ संसदीय दलहरू संसद्बाहिर रहेका परिवर्तनकामी दलहरू र नागरिक समाजले एक चित्तले सोची त्यसलाई व्यवहारमा उतार्नुपर्छ। ■

हिमालदेखि तराईसम्म र पूर्वदेखि पश्चिमसम्मको नयाँ नेपालको भविष्यको खाका कोर्ने दायित्व मधेसीको समेत हो । यो दिइने र माग्ने विषयभन्दा पनि साधिकार सबै पक्ष बसेर आम सहमतिको वातावरण निर्माणद्वारा निरुपण गर्ने कुरा हो ।



■ रामचन्द्र पोखरेल

# तराईमा उठेको असन्तुष्टि

**नेपाल राष्ट्रको** नक्सामा तराईको भूभाग र यस क्षेत्रमा सदियौंदेखि बसोवास गर्दै आएका मधेसी आदिवासी केवल पूरक होइनन्, राष्ट्रियताको भावना जगाउने मूलधारको ठूलो हिस्सा हुन् भन्ने वास्तविकतालाई सबै जिम्मेदार पक्षले बुझ्नुपर्छ । केही वर्षदेखि देशको राष्ट्रियता र एकीकरणको इतिहासलाई केवल २ सय ३७ वर्षयता मात्र सीमित गर्दै अनेक चर्चा र परिचर्चा भइरहेका छन् । यसै प्रसंगमा फादर लुडविङ स्टिलरको नेपाल राष्ट्र निर्माणको रोचक वर्णनहरू भएको पुस्तक 'द राइज अफ द हाउस अफ गोर्खा'मा उल्लिखित घटनाक्रमको प्रस्तुतिलाई लिन सकिन्छ ।

हाम्रो राष्ट्र निर्माणको इतिहासमा फादर स्टिगलरले नेपालको भौगोलिक क्षेत्रको सुरक्षा कवचका रुपमा प्रकृतिका दुई महत्त्वपूर्ण किल्लाको योगदानलाई नै विशेष वरदान मानेर यस विषयलाई प्रमुख महत्त्वका साथ प्रस्तुत गरेका छन् । उत्तरमा पूर्वपश्चिम फैलिएको बाह्रै काल हिउँले ढाकिरहने अजंगको हिमालय पर्वतमाला र अर्को बाह्रैकाल हिंस्रक वन्यजन्तु घातक औलो (याटाल मलेरिया बेल्ट)को प्रकोप भएको र घना चारकोसे झाडीको मेचीदेखि महाकाली नाघेको लामो पेटिकाले अभेद्य किल्लासरह वर्तमान राष्ट्रको भौगोलिक स्वरुपलाई निर्धारण गर्ने योगदान पुऱ्याएको उल्लेख रोचक ढंगले गरेका छन् उनले । तर, सूक्ष्म तरिकाले त्यसपछिको वर्णनलाई विश्लेषण गर्दा जसरी भौगोलिक रुपमा तराईको चारकोसे झाडीको पेटिका प्रकाशमा आएको छ, त्यसबाहिर पर्ने भौगोलिक क्षेत्रबाट भएको योगदान लुकेको छ । बोलीचालीमा चारकोसे झाडीबाहिरको भू-भागलाई तराई भनेर वर्णन गर्नु र चारकोसे झाडीबाहिरको समतल भू-भाग र त्यहाँका निवासीको योगदानलाई कम महत्त्व दिइएको त्यस प्रकारको विवरणले तराईलाई बाहिर पारेको अनुभव सहजै गर्न सकिन्छ । उनीभन्दा अघिका पुराना पश्चिमा लेखकहरू कर्कप्याट्रिक, ह्यामिल्टन आदिको इतिहास पुस्तक लेखनमा पनि नेपालसम्बन्धी चर्चा गर्दा काठमाडौं उपत्यका र यसै आसपासका ऐतिहासिक महत्त्वका स्थलहरू टाढामा गोरखासम्म जसरी पुगेको पाइन्छ, त्यसैगरी अन्य भागको इतिहास ओझेलमा परेको छ । केवल सात सालको जनक्रान्ति र राणा शासनको समाप्तिपछि मात्र औपनिवेशिक कालको सीमित ज्ञानको दायरा फराकिलो बनाउन मधेस र पहाड दुवैतर्फका नेपालीहरूबाटै प्रारम्भ भएको पाउँछौं । त्यसका बाबजुद पनि हामी त्यही पुरानो औपनिवेशिक कालको सीमित ज्ञानले भरिएको लेखन र इतिहासका आधारमा उल्लिखित तथ्य अगाडि सारेर नयाँ नेपालको नक्सा निर्माण गर्ने जमर्को गर्दै छौं ।

राष्ट्रको पुनर्संरचना जस्तो गहन एवं जटिल विषयको कुरा गर्दा २३७ वर्षको सीमित इतिहास कालमा मात्र जोड दिनु र त्यसैलाई अति महत्त्व प्रदान गर्नु एउटा उदाहरण हो । यसबाट हाम्रो पाँच हजार वर्ष प्राचीन राष्ट्रियता र स्वतन्त्रताको इतिहासलाई बिर्सेको हुनेछ । लेखिएको इतिहासलाई पुनरावलोकन र अलिखित अध्यायको खोजी गरी नयाँ पाना थप्दै जाने काम सारभूत रुपमा हुन सकेको छैन । बरु पाश्चात्य एवं विदेशी विद्वान्हरूले लेखेको सजिलो र धेरै सतही गोरेटोबाट हिँड्ने बानीले हामीलाई हाम्रो राष्ट्रियताको विकासको वास्तविक इतिहासको तथ्यबाट टाढा बनाएको छ ।

हाम्रो देशको भू-भागीय एकीकरण प्रयासको इतिहास गोरखाबाट मात्र प्रारम्भ भएको होइन । त्यसअघिको एउटा बृहत् प्रयास पाल्पाले गरेको थियो । पाल्पाली राजा मणि मुकुन्द सेन (मगर हुन् वा क्षत्रीय किटान छैन)ले आफ्नो राज्य पूर्वमा टिस्टा, पश्चिममा गुल्मी-अर्घाखाँची, उत्तरमा मुक्तिनाथ (हिमालय) र दक्षिणमा भारतको हाजिपुर-सोनपुर (जुन पटना नजिक पर्दछ) सम्म विस्तार गरेको इतिहासमा भेटिन्छ । यो भू-भाग वर्तमान नेपालभन्दा ठूलो थियो । यसरी नै त्यसअघिको इतिहासलाई हेर्‍यौं भने किराँत राज्य, मानदेवको प्रभाव क्षेत्र र मल्ल राज्य पनि कम थिएन । हाम्रो इतिहासमा गौरवमय इतिहास बोकेको मिथिला राज्य र राजा जनकको यश र कीर्ति, लिच्छवी राज्य तथा कपिलवस्तुका शाक्यहरूका साथै राजा शुद्धोधन एवं उनका पुत्र गौतम बुद्धको विश्वव्यापी प्रभाव नेपाली जाति समग्रको इतिहासमा सगरमाथाको शिखर जत्तिकै उच्च रहेको छ । त्यसैले हाम्रो देशको इतिहास हेर्दा कुनै एक जाति र भौगोलिक क्षेत्रहरूलाई मात्र मूल केन्द्र मानेर यस राष्ट्रको विस्तृत स्वरुप, गहिराइ र उचाइ नाप्न सकिँदैन । त्यसैले नयाँ नेपालको परिकल्पनालाई साकार बनाउन एउटा बृहत् सोच र विचार अगाडि सार्नु पर्दछ ।

विविध भौगोलिकता र जातीय विविधतायुक्त सुन्दर देश नेपालको काठमाडौं केन्द्रित राज्यसत्ताले पाश्चात्य विद्वान्हरूकै कलमलाई आधार मिल्दो गरी कुनै समय मधेसतिर जान र मधेसतिरबाट आउन 'राहदानी' (अनुमति)को व्यवस्था लागू गरेको थियो । भारतमा शक्ति जमाएको तत्कालीन साम्राज्यवादी शासनबाट बच्ने दृष्टिबाट त्यसो गरेको भए सन् १८१६ को सुगौली सन्धिपश्चात् रक्सौलमा सीमास्तम्भ कायम भएपछि त्यस्तो व्यवस्था आवश्यक पर्दैनथ्यो, तर त्यसो भएन । त्यो नै मधेस र मधेसीप्रतिको भेदभावपूर्ण व्यवहारको एउटा प्रथम नमुना थियो । त्यस्तै प्राचीन कालदेखि बाह्य सम्पर्क माध्यम भाषाका रुपमा समेत तराईको मैथिलीको प्रयोग रहेको तथ्य इतिहासमा ताजा छ । मैथिलीमार्फत नै मुगलकालमा फारसी दुनियाँ र पछि अंग्रेजी भाषाको राज्यसम्मको नेपाल राज्यको पहुँच सम्भव गराउने मैथिली भाषाको महत्त्व पछिल्लो एकीकरणपश्चात् पूर्णतः उपेक्षित रह्यो । ००७ सालको क्रान्तिपछि पनि रेडियो नेपालमा हिन्दी र अंग्रेजीले स्थान पाउन सके, तर तराईको स्थानीय जनजिब्रो बनेर रहेको मैथिली र भोजपुरीले रेडियो नेपालमा स्थान पाउन २०४८ को निर्वाचनपछि बनेको प्रथम जननिर्वाचित सरकारको पालासम्म कुर्नु पऱ्यो ।

यसका बाबजुद ००७ सालको परिवर्तनले नेपालको राष्ट्रिय राजनीतिको इतिहासमा एउटा अपूर्व अध्याय थपेको छ । यस परिवर्तनका लागि भएको जनक्रान्तिमा पहाडी, मधेसी र काठमाडौं उपत्यकाका आदिवासी जनता सबैको उत्तिकै सहभागिता रहेको थियो । त्यसैले नै पहाडी र मधेसी समुदायबीच हामी 'नेपाली' भन्ने भावना स्वस्फूर्त रुपमा जागृत गरायो । अन्यथा त्यसअघिको अवस्थामा राष्ट्रिय भावनाको वर्तमानस्वरुप विकसित भइसकेको थिएन । राणाकालको अन्त्यसम्म पनि सुदूर पहाडी गाउँहरूबाट एक्का-दुक्का मात्र जो एकपल्ट काठमाडौं पुगेर फर्कन्थे, तिनीहरूको नामसँगै 'नेपाले' र महिला भए 'नेपाली' जोडिन्थ्यो । किनभने नेपाल शब्द काठमाडौं उपत्यकाको जस्तो गरी चल्ती चलन गरिन्थ्यो । अर्थात् पहाडी र मधेसीका बीच मात्र त्यो विभेद सीमित नभई पहाडीहरूबीच पनि विद्यमान रहेको थियो भन्ने कुराको प्रमाण पश्चिम र पूर्वी खण्डमा अध्ययन गर्दा पाउन सकिन्छ । त्यसलाई हटाउन पहिलो र

सरल माध्यममध्ये उपत्यका, पहाड र मधेसका चेतनशील समुदायको सक्रिय सहभागितामा बनेको एक पुरानो राष्ट्रिय पार्टी 'नेपाली कांग्रेस' र यसको जनमुक्ति सेनाको संगठन र अभिवादन 'जयनेपाल'को ठूलो योगदान रहेको छ । अन्यथा त्यसअघिको २८१ वर्षले कुनै साझा राष्ट्रियताको भावना आजको जस्तो आमजनतामा विकास गर्न सकेको थिएन । यहाँसम्म कि गोर्खाली सैन्य आधिपत्यलाई नै आधार मान्दै उपनिवेश कालको भारतीय ब्रिटिस फौजमा यस हिमाली राज्यबाट भर्ती हुन पुगेका सबैलाई नेपाली नभनी 'गोरखाली' भन्ने र ती फौजमा भर्ती भइसकेपछि 'गोरखा राइफल्स'का जवानका रुपमा चिनिने गरेको तथ्य त्यस बेलादेखि अद्यापि पनि रहेको छ ।

२००७ सालको राजनीतिक परिवर्तनपछि राष्ट्रियताको साझा भावना विकासको अवरोध हट्न प्रारम्भ भएको हो । विस्तारै 'पहाडे' र 'मधिसे'जस्ता शब्दावली हट्दै गएका छन् । राष्ट्रिय राजनीतिक दलहरूले गरेको संगठन, शिक्षण संस्थाहरूको सेवा, सरकारी सेवा, व्यापार, संस्कृति र कलाको विकास तथा जनस्वास्थ्यका कार्यकर्ताहरूको ग्रामीण दूरस्थ ग्रामीण इलाकाहरूमा पुगेको सेवाले गर्दा यो विभेदका साथै सबै भौगोलिक क्षेत्रमा लैंगिक र जातिय विभेद समेत धेरै हट्दै गएको छ । वास्तवमा भन्ने हो भने मौलिक हकको बहालीका साथै आमजनतामा चेतनाको विकाससमेत निकै भइसकेकाले समाजमा विद्यमान असमानता, उपेक्षा र विभेदका विरुद्ध पहिलेको तुलनामा बढी उठ्न थालेको हो । वर्तमान तराईको आन्दोलनलाई यसै सन्दर्भमा हेर्न सकिन्छ । त्यसैले आवाज उठाउनु चेतनामा आएको प्रगति पनि हो ।

नेपाल राष्ट्रको इतिहासमा शान्त तराई पहिलोपल्ट अप्रत्याशित रुपमा अशान्त भएको छ । लोकतन्त्रको बहालीसँगै तराईमा सुरु भएको हलचलले एकाएक हिंसात्मक स्वरूप लिन खोजेको छ । नेपालगन्ज र सिराहाबाट प्रारम्भ भएका पछिल्ला घटनाक्रमहरूबाट प्रारम्भ हिंसात्मक गतिविधिको परिणाम करिब दुई दर्जनले ज्यान गुमाइसकेका छन् र थुप्रै घाइते भएका छन् । त्यसैले सर्वप्रथम अब यस प्रकारको हिंसा र क्षति दोहोरिन नदिन सबै पक्ष प्रतिबद्ध भएर लाग्नु पर्दछ । त्यसपछि नै वार्ताले सकारात्मक स्वरूप लिनेछ ।

यसैबीच तराई आन्दोलनको संवेदनशीलताको सम्मान गर्दै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २०६३ माघ २४ को मध्यरातसम्म बसेर गरेको राष्ट्रको नामको सम्बोधन महत्त्वपूर्ण छ । प्रमुख रुपमा मधेसी जनताको चाहनालाई सम्बोधन गर्ने उद्देश्य राखिएको यस सम्बोधनले धेरै हदमा मधेसी समुदायको मनको घाउको दुखाई शान्त बनाएको छ । तैपनि यही नै पर्याप्त छैन । असन्तुष्टि जारी छ, तर समस्या समाधानको प्रतिबद्धतासहित संवादको आग्रह र वार्ताको निरन्तरताको आवश्यकता रहन्छ । अब सबैभन्दा जटिल संघीय प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको घोषणालाई व्यवहारमा कसरी उतार्ने भन्ने कुरा अत्यन्त महत्त्वको विषय बनेर आएको छ ।

हिमालदेखि तराईसम्म र पूर्वदेखि पश्चिमसम्मको नयाँ नेपालको भविष्यको खाका कोर्ने दायित्व मधेसीको समेत हो । यो दिइने र माग्ने विषयभन्दा पनि साधिकार सबै पक्ष बसेर आम सहमतिको वातावरण निर्माणद्वारा निरुपण गर्ने कुरा हो । त्यसैले आजको वातावरणमा यसलाई समस्या होइन, समाधानको लागि अवसरका रुपमा हेरिनु पर्दछ । किनभने यो अवसर इतिहासमा लामो संघर्षपश्चात् बल्ल यसपटक आएको छ । यस अवसरको महत्त्व र मूल्यलाई पहिचान गर्दै अवसरको अत्युत्तम उपयोग गर्न सक्नु पर्दछ अनि मात्र हामीले नयाँ नेपालको निर्माण गर्न सक्नेछौं । १२ वर्षको हिंसात्मक द्वन्द्वपश्चात् भर्खर शान्ति प्रक्रियातिर लम्किरहेको हाम्रो जस्तो सानो मुलुकले लामो अन्तरिम अवस्था थेग्न सक्दैन । त्यसैले देशको नाजुक भूराजनीतिक स्थिति र राजनीतिक स्थितिको तरलतालाई दृष्टिगत गर्दा लामो समयको अन्योल र अस्थिरताको वातावरण देशको लागि खतरापूर्ण हुनेछ । त्यसैले सबै मिलेर यस्तो वातावरणको निर्माण गरौं, जसमा सबै नेपालीले आत्मसम्मान र स्वाभिमानका साथ विकासपथमा लम्कने अवसर पाउन सकून् ताकि यस देशका तराई, मधेस र मधेसीहरूले समेत उपेक्षित भएको अनुभव कहिल्यै गर्न नपरोस् । ■




**संघात्मक शासन प्रणालीमा केन्द्रीय सरकारसँग शक्तिको बाँडफाँड हुन्छ। शक्तिको बाँडफाँडबाट धेरै राज्यसहित अर्ध स्वतन्त्र क्षेत्रीय सरकार बन्छन्। प्रान्तीय सरकार र भौगोलिक सरकारको निर्माण हुन्छ।**



■ चन्द्रकान्त ज्ञवाली

# कस्तो संघीय शासन प्रणाली ?

**तराईमा** जारी आन्दोलनले उठाएका मागमाथि अन्तरिम संविधान तत्काल संशोधन गरी मुलुकलाई संघीय लोकतान्त्रिक शासन प्रणालीमा लैजाने, तराईमा निर्वाचन क्षेत्र बढाइने गरी प्रधानमन्त्रीबाट सम्बोधन भएको छ। उक्त सम्बोधनमा संविधानसभाका लागि मिश्रित निर्वाचन प्रणाली अपनाउने र तराई क्षेत्रलाई जनसंख्याको समानुपातिक आधारमा ४९ प्रतिशत सिट दिने सहमतिसमेत उल्लेख गरिएको छ। यो सम्बोधनबाट अन्तरिम संविधानले परिकल्पना गरेको राज्यको अग्रगामी पुनर्संरचनालाई सहयोग पुऱ्याएको छ। वर्गीय, जातीय, भाषिक, लैंगिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभाव अन्त्य गर्न राज्यको समावेशी लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गरिनेछ भन्ने संवैधानिक परिकल्पनाबमोजिम राज्यको ढाँचा संघात्मक हुने गरी संविधानको तत्काले संशोधन गर्ने भनी प्रधानमन्त्रीको सम्बोधन आएको हो। त्यसैले नेपालको भौगोलिक विशिष्टता, सामाजिक र सांस्कृतिक संरचना, आर्थिक अवस्थामा यसले दीर्घकालीन असर पार्ने नपार्नेमा व्यापक अध्ययन, अनुसन्धान एवं बहस गर्नुपर्ने बेला भएको छ, यतिखेर। मुलुकमा के कस्तो शासन प्रणाली अपनाउने भनेर विश्वमा स्थापित विभिन्न शासन प्रणालीको अध्ययन एवं अनुसन्धान गरी निर्क्योल गर्नुपर्ने बेला भएकाले विश्वका प्रचलित शासन प्रणालीलाई यहाँ चर्चा गर्ने प्रयत्न गरिएको छ। विश्वको परिप्रेक्ष्यमा हेर्ने हो भने शासन प्रणाली दुई किसिमको देखिन्छ : प्रजातान्त्रिक र निरंकुश शासन प्रणाली।

## निरंकुश शासन प्रणाली

यो प्रणालीमा सैनिक बलका आधारमा राज्यका अंगहरूमाथि कब्जा जमाउने काम हुन्छ। राज्यको सबै संयन्त्रहरूमा सैनिकहरूकै बाहुल्य हुन्छ। मानवअधिकार, प्रेस स्वतत्रता, कानुनी शासनको अभाव हुन्छ। हतियारको बलमा निरंकुश शासन व्यवस्था लादिन्छ। विश्वकै सन्दर्भमा हेर्ने हो भने यस किसिमको शासन प्रणाली लिबिया, माउरीतानिया, म्यान्मा, पाकिस्तान, सुडान र थाइल्यान्डमा देख्न सकिन्छ। सैनिक शासन प्रणाली नभए पनि एकदलीय शासन प्रणाली जहाँ कम्युनिष्ट पार्टीको शासन प्रणालीले राजनीतिक शक्ति प्राप्त गर्छ, निरंकुश सरकारकै अर्को रूप हो। यसमा चीन, क्युबा, इरिट्रेरा, कोरिया, लाओस, सिरिया, तुर्कमिनिस्तान, भियतनाम आदि पर्छन्। त्यस्तै धार्मिक आस्थाको आधारमा हुने शासन प्रणाली इरान र भेटिकन सिटीमा छ। राज्य धार्मिक प्रणालीको आधारमा चल्ने, धार्मिक उच्च पदमा पुगेको व्यक्तिलाई राज्यको कार्यकारी प्रमुखमा नियुक्ति गर्ने प्रचलन यसमा हुन्छ। यसलाई समेत अप्रजातान्त्रिक शासन प्रणालीकै संज्ञा दिइन्छ। त्यस्तै सोमालिया विश्वको एकमात्र यस्तो राष्ट्र छ, जुन राष्ट्रलाई संक्रमणकालीन राष्ट्रको रूपमा राखिएको छ, जसलाई असफल राष्ट्रको रूपमा समेत लिइन्छ। यी सबै राष्ट्रहरूलाई निरंकुश शासन पद्धतिकै संज्ञा दिइन्छ।

## प्रजातान्त्रिक शासन प्रणाली

प्रजातान्त्रिक शासन प्रणालीमा मानवअधिकार, प्रजातन्त्र र कानुनी राजको परिकल्पना गरिन्छ। त्यस्ता मुलुकहरू पनि दुई किसिमका छन्। प्रजातान्त्रिक गणतान्त्रिक र संवैधानिक राजतन्त्रात्मक शासन प्रणाली। यस्तो शासन प्रणाली पनि दुई किसिमको हुन्छ, संसदीय र गैरसंसदीय। त्यस्तै संवैधानिक राजतन्त्रात्मक मुलुकमा समेत संसदीय वा गैरसंसदीय शासन प्रणाली हुन्छ। प्रजातान्त्रिक र संवैधानिक राजतन्त्रात्मक शासन प्रणाली दुवैमा एकात्मक र संघात्मक राज्य प्रणाली अँगालिएको पाइन्छ।

### क) एकात्मक शासन प्रणाली

एकात्मक राज्य प्रणाली अँगाल्ने मुलुकहरू सबैभन्दा बढी झन्डै १ सय ४० छन्, नेपाल, बंगलादेश, फ्रान्स, बेलायत, जापानलगायत। एकात्मक शासन प्रणालीमा पनि केन्द्रले स्थानीय तहमा अधिकार प्रदान गर्ने विकेन्द्रीकरणको माध्यमबाट चल्ने शासन प्रणाली र अधिकार पूर्ण रूपमा प्रत्यायोजित गर्ने गरी दुई खालका छन्। यसलाई डिभोल्युसन प्रणाली भन्ने गरिन्छ, जुन प्रणाली अँगाल्ने मुलुकहरूमा स्पेन, जहाँ १७ वटा स्वायत्तता प्राप्त भएका (अटोनोमस) समुदायहरू छन् र बेलायत जहाँ स्कटल्यान्ड, नर्थन आयरल्यान्ड, वेल्समा केन्द्रीय सरकारको नियन्त्रण रहेका तर स्वायत्त प्राप्त भएका राज्यहरू छन्। त्यस्तै क्षेत्रीय एकात्मक राज्य भएका मुलुकहरू पनि छन्। यसमा केन्द्रीय सरकारले क्षेत्रीय सरकारलाई शक्ति प्रत्यायोजन गर्दछ। त्यस्ता मुलुकहरूलाई क्षेत्रीय सरकारको मुलुक पनि भन्ने गरिन्छ।

नेपालले हालसम्म एकात्मक राज्यको नीति अपनायो। विकेन्द्रीकरणको माध्यमबाट स्थानीय स्रोत र साधनलाई स्थानीय जनशक्ति सीप र साधनलाई उचित ढंगसँगै उपयोग गर्न सकेन। नेपालको भौगोलिक अवस्था, सामन्ती सोचाइ, वर्गीय चिन्तनले सामाजिक, आर्थिक, राजनीतिक र क्षेत्रीय विभेद हट्न सकेन। शक्ति, स्रोत र साधनमा न्यायिक विभाजन हुन सकेन। यसै कारणले गर्दा माओवादीको १० वर्षे जनयुद्ध, २०६३ को दोस्रो जनआन्दोलन र हालको तराईको जारी आन्दोलनबाट अब मुलुक एकात्मक शासन प्रणालीबाट संघात्मक शासन प्रणालीमा पर्दापण गर्ने पूर्वसन्ध्यामा पुगेको छ। अन्तरिम संविधानमा संघात्मक शासन प्रणाली अपनाउने गरी संशोधन भएमा संघात्मक शासन प्रणालीमा मुलुकले अभ्यास गर्नेछ।

### ख) संघात्मक शासन प्रणाली

संघात्मक शासन प्रणालीमा केन्द्रीय सरकारसँग शक्तिको बाँडफाँड हुन्छ। शक्तिको बाँडफाँडबाट धेरै राज्यसहित अर्ध स्वतन्त्र क्षेत्रीय सरकार बन्छन्। प्रान्तीय सरकार र भौगोलिक सरकारको निर्माण हुन्छ। केन्द्रीय सरकारले नै क्षेत्रीय सरकारको सिर्जना गर्छ। केन्द्रीय सरकारमा देशको मुद्रा, सेना, सुरक्षा, युद्धको घोषणा, सुपुर्दगी, विदेश नीति आदि रहने र अन्य सबै अधिकार केन्द्रीय सरकार सरहका क्षेत्रीय, प्रान्तीय र भौगोलिक सरकारलाई प्राप्त हुन्छ। त्यस्तो प्रणालीलाई संघात्मक शासन प्रणाली भन्ने गरिन्छ। विश्वमा यस किसिमको शासन प्रणाली २५ राष्ट्रले अपनाएका छन्। यी मुलुकहरूमा समेत कुनैमा प्रान्त मात्र, कुनैमा राज्य र भौगोलिक एवं स्वायत्तता प्रदान गरे पनि सबै मुलुकले एकै खाले संघात्मक शासन प्रणाली अपनाएको पाइँदैन।

संघात्मक शासन प्रणाली वास्तवमा जनतालाई क्षेत्रीय तथा जिल्लास्तरमै स्रोत, साधन र शक्तिमा सहभागी गराउने प्रक्रिया हो। यस्तो किसिमको अधिकारलाई जनताको आत्म निर्णयको अधिकार पनि भन्ने गरिन्छ। जनता स्थानीयस्तरको सरकारमा भाग लिई देशको राजनीतिक, आर्थिक मूल प्रवाहमा सहभागी भई सामाजिक र आर्थिक, राजनीतिक विभेदको अन्त्य गर्ने प्रयास गरिन्छ। स्थानीयस्तरको स्रोत साधनको बढी मात्रामा उपयोग गराई स्थानीय

स्रोत साधनको उपयोग र उपभोग गर्न स्थानीय तहमा जनतालाई आत्मनिर्णय गर्ने अधिकार प्रदान गरिन्छ। भौगोलिक बनावट, सामाजिक तथा सांस्कृतिक ढाँचा, क्षेत्रीय, जातीय, जनजातीय दलित मधिसे महिला अल्पसंख्यकको इच्छा, आकांक्षा परिपूर्ति गर्न संघीय शासन प्रणाली बढी उपयुक्त देखिन्छ।

यो प्रणालीमा राज्य सरकारलाई केन्द्रीय सरकारले विशेष रूपमा प्राप्त गर्ने विदेश नीति, मुद्रा, सुपुदर्गी, सुरक्षा आदि बाहेक स्थानीय राज्यका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको संविधानले नै प्रत्याभूति गरिदिई शक्ति सन्तुलन र शक्ति पृथकीकरण गरिदिने हुँदा स्थायी सरकार केन्द्र र स्थानीयमा रहने गर्छन्। बजेट बनाउने, राजस्व उठाउने खर्च गर्ने, विकास निर्माण गर्दा केन्द्रको मुख ताक्नु पर्दैन। स्वतन्त्र क्षेत्राधिकार, सार्वभौमसत्ता, अखण्डतामा स्थानीय सरकारको समेत सामूहिक स्वार्थ रहन्छ। संघात्मक सरकार र केन्द्र सरकार दुवै संवैधानिक सीमाभित्र रहेर काम गर्ने हुँदा कुनै विवाद उठे पनि अदालतले विवादको समाधान गर्छ। न्यायिक पुनरावलोकनको अधिकार समेत रहने हुँदा संवैधानिक सर्वोच्चता समेत रहन्छ। स्वतन्त्र निर्वाचन, समावेशी प्रजातन्त्र, प्रतिनिधिमूलक संस्था नै संघात्मक शासन प्रणालीको मुख्य मेरुदण्ड नै हुन्। यिनै कुरालाई नेपालमा पनि आधार मान्न सकिन्छ। यसको अलावा महासंघीय शासन प्रणाली र फेडरेसीको शासन प्रणाली पनि विश्वमा चलेका शासन प्रणाली हुन्।

## ग) महासंघीय शासन प्रणाली

महासंघीय शासन प्रणालीलाई राज्य राज्य मिलेर बनेको एक मण्डलीय सरकार पनि भन्ने गरिन्छ। दुई वा दुईभन्दा बढी राज्यहरू मिलेर महासंघीय प्रणाली बन्दछ। राज्यमा सार्वभौमसत्ता रहन्छ। राज्य सरकारको तुलनामा केन्द्रीय सरकार कमजोर हुन्छ। बरु राज्य मण्डल बनाउने राज्य बलियो हुन्छ। आत्मनिर्णयको अधिकारअन्तर्गत राज्यबाट अलग हुन पाउने अधिकार भने यसमा रहन्छ। स्विस संविधान १८७४ ले स्विस महासंघीय प्रणालीलाई स्वीकार गऱ्यो। यसमा पूर्ण सार्वभौम राज्यहरू हुने हुँदा अन्तर्राष्ट्रियस्तरबाट समेत मान्यता पाउँछन्। महासंघ विघटन हुने अधिकार, अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन पाउने अधिकार रहन्छ।

## घ) फेडरेसी

फेडरेसी पनि संघीय शासन प्रणालीकै एक रूप हो। यसमा एकात्मक शासन प्रणाली र संघात्मक शासन प्रणालीका विशेषताहरू पाइए पनि यसको प्रकृतिबाट यसलाई मिश्रित संघीय शासन प्रणाली भन्न सकिन्छ। फेडरेसी शासन प्रणाली अँगालेका मुलुकहरू हुन्। अमेरिका, भारत, नेदरल्यान्ड, डेनमार्क आदि मुलुकहरू आफैंमा संघात्मक शासन प्रणाली अँगालेका मुलुकहरू भए पनि फेडरेसीको शासन पद्धति समेत अँगालेको पाइन्छ।

## निष्कर्ष

अस्तित्वमा रहेका मुलुकहरूमा स्थानीय तहमा सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक विकास गर्न ल्याइएका यी विभिन्न नमुनाहरू हुन्। एकात्मक शासन प्रणालीमा अधिकार प्रायोजित गर्ने विकेन्द्रीकरण र डिभोल्युसन, क्षेत्रीय गाउँ, नगरको प्रणाली धेरै मुलुकहरूले अपनाएका छन्। संघात्मक शासन प्रणालीमा केन्द्र सरकार र स्थानीय सरकारको दुई समानान्तर सरकार बनाई राज्य, प्रान्त, भौगोलिक र स्वायत्तता प्रदान गर्ने शासन प्रणाली जनतालाई आत्मनिर्णयको अधिकार दिने प्रणाली हुन्। नेपालमा यी माथिका प्रणालीमध्ये जनता र राज्यको चाहना संघात्मक शासन प्रणालीकै भएको हालैका घटनाक्रमले देखाइसकेको र प्रधानमन्त्रीको सम्बोधनपछि अन्तरिम संविधान संशोधन गरी केन्द्रीकृत र एकात्मक राज्य प्रणालीको अन्त्य गर्ने गरी अब मुलुक संघात्मक राज्य प्रणालीमा पदार्पण गरेको छ। तराईमा जारी आन्दोलन, पहाडी र हिमाली सबै जनताको आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक रूपमा आत्मनिर्णयको लागि राज्यले संविधानसभाको निर्वाचन गरी माथिका प्रणालीमध्ये संघात्मक शासन प्रणालीको मुख्य मुख्य विशेषतालाई अँगाल्नुपर्ने अपरिहार्यता छ। यसबाट मात्र जातजाति, जनजाति, मधेसी, दलित, अल्पसंख्यक महिला, पिछडिएको वर्गको उचित प्रतिनिधित्व हुन सक्छ। राजनीतिक र आर्थिक मूल प्रवाहमा उनीहरूलाई पुऱ्याउन सकियो भने मात्र वास्तविक समावेशी राज्य प्रणालीलाई मुलुकले अँगालेको ठहरिनेछ।

nepalckg@yahoo.com


## Admission Notice

Chelsea International Academy is a fast growing institution with national and international programs. Situated at the center of the city, the school provides all facilities required for proper grooming of the children. Focusing on better future for each individual, Chelsea emphasizes on individual attention and guidance right from their early childhood.




With a view of providing best environment in the best possible ways, Chelsea announces Admissions Open for the

**New Academic Session**

2064 (2007/08)

for limited seats from Play group to Grade Five

To know more about Chelsea, watch:

| Time & Date | Channel |
|---|---|
| 8:30 am, 10th Falgun, Thursday | Image Channel (red) |
| 7:30 pm, 11th Falgun, Friday | NTV 2 |
| 8:00 am, 12th Falgun, Saturday | NTV |
| 6:00 pm, 13th Falgun, Sunday | Kantipur TV |
| 6:15 pm, 13th Falgun, Sunday | Image Metro (blue) |

for further details contact the office of admissions (in person), weekdays from 9am to 5pm.

Chelsea International Academy
Lakhechaur Marg, New Baneshwor,
Kathmandu, Nepal.
Phone: 4472902, 4499662, 4483212

# नपुरिने घाउ

■ श्याम भट्ट/डडेल्धुरा (तस्विर पनि)

**सदरमुकामको दक्षिणी** पाखोमा रहेको उनको अस्थायी डेराको भिरालो आगनसँग रेडक्रसको भव्य भवनको आँगन जोडिएको छ। उनी भने सशस्त्र द्वन्द्वका नाममा बिथोलिएको आफ्नो जीवन देखेर आँसु पिउनबाहेक केही गर्न नसकेर निरीह छन्। उनी अर्थात् २७ वर्षीय बमबहादुर थापालाई माओवादीहरूले सुराकीको आरोपमा २ वर्षअघि मरणासन्न अवस्थामा पुऱ्याएका थिए। उनी मृत्युलाई जितेर बाँचे, तर जीवन झन् कष्टकर भएको छ। छाती चिरेर गएको गोलीका कारण उनको तल्लो आङ नचल्ने भएपछि उनीसँगै ६ जनाको परिवार गाउँबाट समेत विस्थापित भएर सदरमुकाममा आफ्ना दिन धकेल्न बाध्य छन्।

स्थानीयस्तरबाट प्राप्त सहयोग र आफ्नै सामर्थ्यले उनले काठमाडौं र लखनउसम्म पुगेर उपचार गरे, तर रकम सकिएपछि फर्किनु परेको थियो। उनीलाई सजाय दिने माओवादी शेरसिंह माल 'डायमन्ड' बदलिँदो परिवेशमा अचेल सदरमुकाममै घुमिरहेका छन्, तर थापालाई उनीसँग भेटेर केही भन्ने मन छैन। उनी भन्छन्, 'कसलाई भनेर के गर्नु ? आफ्नो दुःख आफैँसँग छ।'



बमबहादुर र उनकी पत्नी

आफू काम गर्ने विदेशी दातृनिकायद्वारा सञ्चालित कार्यालयबाट समेत सहयोगको नाममा उनले १ हजार ५ सयबाहेक केही पाएका छैनन्। द्वन्द्व चुलीमा पुगेका बेला भएको यो घटनाताका उनी ग्रामीण क्षेत्रमा सहजकर्ताको काम गर्दै आएका थिए। ९ कक्षा पास भए पनि स्थानीय व्यक्ति हुँदा जर्मन प्राविधिक सहयोगअन्तर्गत संचालित स्थानीय गैरसरकारी संस्थामा उनी कार्यरत थिए।

कामका सिलसिलामा ग्रामीण क्षेत्रमा आउजाउ भएकै कारण उनलाई प्रहरीले २ वर्षअघि चैतमा समातेर एक महिनापछि छोडेको थियो। रिहाइपछि पनि गाउँ जाँदा जेठ २० गते जोगबुढा उपत्यकाको शीर्ष कटालबाट माओवादीले समाते र १० दिन आफूसँगै राखेर एघारौं दिन 'डायन्ड'ले भाग्न भन्दै पछाडिबाट गोली हानेकोसम्म उनलाई चेत छ। माओवादीले मऱ्यो भनेर छोडेर गएका उनलाई गोठालाहरूले रेडक्रसको मद्दतमा जोगबुढा पुऱ्याइएको थियो। घटनापछि डडेल्धुराको टिम अस्पतालबाट नेपालगन्ज पुग्दामात्र उनलाई होस आएको थियो। जति बेला उनको जीवनको परिभाषा नै परिवर्तन भइसकेको थियो। घटनाबाट थापा मात्र विचलित भएनन्, उनकै भरमा चलेको घरपरिवार पनि बिथोलियो। बेरोजगार सबैजना उनकै उपचारका लागि सदरमुकाममा बस्नुपर्दा किसानी पनि छुट्यो। घटनाअघि मंसिरमा बिहे भएकी उनकी पत्नीमाथि समेत ठूलै बज्रपात भयो। पाँच कक्षामा अध्ययनरत उनको भाइले समेत आफ्नो पढाइ छोड्नु पऱ्यो। अहिले उनलाई भित्रबाहिर गर्न पनि सहारा खाँचो छ। उनको परिवारको दिनचर्या भाइले कमाएर ल्याएको पैसाबाट चलाउन गाह्रो छ।

उनीको अवस्था देखेर तत्कालीन जिल्ला वन अधिकारीले वन्यकाष्ठ बिक्री केन्द्रमा बस्ने व्यवस्था मिलाइदिएका थिए। अब त त्यहाँबाट पनि उठ्नु पर्ने खबर सुनेर कहाँ बस्ने भन्ने चिन्ताले सताएको उनका बुबा गगनसिंह थापा बताउँछन्। बुढेसकालमा छोराले सहयोग गर्ला भन्ने सोचेका गगनसिंहलाई अहिले छोराकै लागि केही नगरे सुख छैन।



थापालाई गोली हान्ने शेरसिंह

रेडक्रस छिमेकी भएकै कारण उनीलाई आयआर्जनका लागि बाख्रापालन गर्न सहयोग गरेको थियो। त्यो समेत ओखतीमूलोमै खर्च भयो। ह्विलचियरविना डेढ वर्षसम्म समस्या झेलेका थापालाई केही महिनाअघि अन्तर्राष्ट्रिय रेडक्रसले ह्विलचियर उपलब्ध गराएको थियो। आफ्नो उपचारका क्रममा पैसा नहुँदा काठमाडौं फर्किनु परेको नमिठो उनको मनमा लागेको छ।

उनी ६ वर्षअघि माओवादीमा लागे पनि ४ वर्षदेखि मात्र आफू माओवादीको पूर्णकालीन सदस्य भएको बताउँछन्। थापालाई गोली हान्ने शेरसिंह माल 'डायमन्ड' यसलाई आन्तरिक दुर्घटना भन्दै थापा माओवादी नै भएको दाबा गर्छन्। यो कुरो बमबहादुर भने स्वीकार गर्दैनन्। 'म माओवादी भएको भए किन मलाई गोली हानियो त ?' उनको प्रश्न छ, 'डायमन्ड' र मलाई एकै ठाउँमा उपस्थित गराए म साँचो कुरा भन्ने थिएँ।' उनलाई गोली प्रहार गर्ने 'डायमन्ड' भन्छन्, 'त्यस दिन जोगबुढामा तारासिंह बोहराको घरमा एम्बुस पड्काउने योजनामा थापा साथमै थिए। एम्बुस पड्काइसकेपछि सुरक्षाकर्मी आएको सुइँको पाएपछि भाग्ने बेलामा मेरो हातबाट भारतीय कट्टा पड्किन गई उनलाई गोली लागेको थियो। घटनापछि मलाई पार्टीले तीन महिना कारबाही गरेको थियो र मलाई निष्काशन गरी श्रम शिविरमा राखिएको थियो।' घटनाको दोषी आफूलाई माने पनि 'डायमन्ड'ले त्यसपछि बमबहादुरलाई भेटेका छैनन्। आफ्नो मन दुखेको भए पनि स्थिति कमजोर हुँदा केही गर्न नसकेको उनी बताउँछन्। घटनापछि आफू बाँचेका कारण माओवादीले बदनाम हुने डरले आफूलाई समेत माओवादी भएको आरोप लगाएको उनको कथन छ।

तेह्र हजार निर्दोष नागरिक मारिएर भएको परिवर्तनपश्चात् युद्धको विभिषीकामा बल्झिएका थापा जस्ता कयौं नागरिकका बारेमा अझसम्म पनि राज्य उदासीन भएको उदाहरण हुन्, उनी। जसका कारण भए पनि उनको जीवनमा आएको नमिठो परिवर्तनको कारण द्वन्द्व नै हो। द्वन्द्वको समाधान खोजी लागेको अवस्थामा यसबाट घाइतेहरूका घाउ पुर्न राज्य सजग हुन आवश्यक छ। मूलतः जिल्लाको पश्चिमी बगरकोट गाविसमा स्थायी बसोवास भएका थापा सशस्त्र द्वन्द्व चर्किएको अवस्थामा आफ्नो जागिरका कारण ग्रामीण क्षेत्रमा आवतजावत गर्ने हुँदा राज्य र माओवादी दुवैको शंकाको सिकार भएका छन्। ■

विद्युत लोडसेडिङ

# जतातत‍ै क्षति

लोडसेडिङ बढेपछि देशका सबै ठाउँ र सबै क्षेत्रहरू तहसनहस भएका छन्। उद्योग कलकारखाना, पत्रपत्रिकादेखि अस्पताल, स्वास्थ्य केन्द्रसम्म लोडसेडिङको सिकार भएका छन्। विद्युत् अनियमित भएकै कारण मोफसलमा पत्रपत्रिका प्रकाशनमा समेत संकट उत्पन्न हुँदै गएको छ। जेनेरेटरसमेत नभएका कयौं पत्रिकाहरू दुःखपूर्वक प्रकाशन भइरहेका छन्। विद्युत् प्राधिकरणले लोडसेडिङको समयतालिका सार्वजनिक गरे पनि बुटवल र वरपर अचानक दिनमा कयौंपटक लाइन आउने जाने गर्दछ।

### उत्पादनमा ह्रास

लोडसेडिङ बढेपछि रुपन्देही जिल्लाका उद्योगहरूमा मात्रै ६० प्रतिशतभन्दा बढी उत्पादन घटेको छ। स्वदेशी उत्पादन घटेकै कारण सीमाबाट विदेशी सामान भित्रिने क्रम पनि ह्वात्तै बढेको छ।

रुपन्देही उद्योग संघको अध्ययनमा बुटवल र वरपर उत्पादन हुने प्लास्टिक, चिनी, साबुन, सर्फ, तेल, सिमेन्ट लगायतका सामानको उत्पादन साठी प्रतिशतले घटेको छ। ती सामानको उत्पादन पुर्‍याउन नसकिएका कारण केही दिनको अन्तरमै सुनौली नाकाबाट त्यस्ता समान आउने क्रम बढेको हो।

रुपन्देही उद्योग संघका अध्यक्ष एजाज आलम भन्छन्, 'बजारमा स्वदेशी उत्पादन आपूर्तिमा कमी हुँदै गएको छ र उपभोक्ता विदेशी उत्पादन प्रयोग गर्न बाध्य हुनुपरेको छ।'

उत्पादन घटेकै कारण यहाँका उद्योगीहरूले दैनिक ५० लाखभन्दा बढी क्षति व्यहोर्नु परेको छ।

रुपन्देहीमा मुलुककै ठूला औद्योगिक क्षेत्रहरूमध्येको एक बुटवल औद्योगिक क्षेत्र छ र औद्योगिक क्षेत्रबाहिर पनि विभिन्न चर्चित उद्योगहरू छन्, जसको संख्या तीन हजार छ। ती सबै अहिले लोडसेडिङका कारण धराशायी बन्दै गएका छन्।

उद्योगीहरू भन्छन्, 'यस्तै अवस्था रह्यो भने उद्योगहरू पूर्णरुपमा बन्द गर्नुभन्दा अर्को विकल्प रहँदैन।' दिनको दुईपटक गरी ७ घन्टा लोडसेडिङ हुन थालेपछि हप्तामा जम्मा २ दिन मात्र यहाँका उद्योगहरू संचालन गर्न सकिएको आलमले बताए।

उनको भनाइमा दिनमा पटक–पटक लोडसेडिङ हुनाले बाँकी पाँच दिन ती उद्योग ठप्प हुने गरेका छन्। जसले गर्दा उद्योगहरूमा काम गर्ने मजदुरहरू समेत कामविहीन बनेका छन्।

रुपन्देहीमा विद्युत् प्राधिकरणले विनासूचना वा तालिकाविना पनि बेलाबेलामा लोडसेडिङ गर्ने गरेको छ। जसले गर्दा उत्पादन प्रक्रियामा रहेका लाखौं रुपैयाँका कच्चापदार्थ र मेसिनहरू समेत त्यसै बिग्रिरहेका छन्।

लोडसेडिङले सबैभन्दा बढी प्रभाव प्लास्टिक, सिमेन्ट, वायरिङ, फेब्रिक र वेल्डिङजस्ता उद्योगहरूलाई पारेको छ। यस्ता उद्योगहरूमा अत्यधिक भोल्टेजको बिजुली प्रयोग हुने गर्दछ।

प्लास्टिक उद्योगीहरूको भनाइमा त्यस्ता उद्योगहरूका मेसिनहरू तात्नै पनि करिब ४ घन्टा लाग्ने गर्दछ र मात्र उत्पादन प्रक्रिया सुरु गर्छन्। जुन थोरै भोल्टेज कम भए पनि झ्याप्प बन्द हुन्छन्। लोडसेडिङ सुरु भएपछि प्लास्टिक उद्योगहरूले आफ्नो कुल उत्पादनको १० प्रतिशत पनि उत्पादन नगरेको उद्योगीहरूले बताएका छन्।

उद्योगहरू नै सुचारु नभएपछि रुपन्देही उद्योग संघले आफ्ना उद्योगहरूमा कार्यरत ज्यालादारी मजदुरहरूलाई हटाउन बाध्य हुनसक्ने चिन्ता व्यक्त गरेको छ।।

रुपन्देहीका उद्योगहरूमा मात्रै ३० हजारभन्दा बढी मजदुरहरू छन्। तीमध्ये करिब १० हजार ज्यालादारी मजदुरहरू हुन्, जसले गर्दा १० हजार ज्यालादारी मजदुरहरूको समेत छाक अड्किने समस्या देखिएको छ।

### आन्दोलनमा उद्योगीहरू

विद्युत् लोडसेडिङले आफ्ना उद्योगहरू धराशायी बन्दै गएपछि उद्योगीहरू घोषित रुपमै आन्दोलनमा उत्रिएका छन्। उनीहरू अनियमितता हटाउन र उद्योगहरूलाई धराशायी नगराउन माग गर्दै सडकमा उत्रिएका हुन्। सके विद्युत् लोडसेडिङ अन्त्य गर्नुपर्ने, नसके पटक पटकको सट्टा दिनमा एकैपटक सात घन्टा लोडसेडिङ गरिनुपर्ने उनीहरूको मूल माग छ।

माग पूरा गराउन दबाबस्वरुप उनीहरूले तीनदिने अल्टिमेटम दिँदै उद्योगीहरूले प्रमुख जिल्ला अधिकारी र विद्युत् प्राधिकरणमा ज्ञापनपत्र बुझाएका छन्।

'माग पूरा नभए कडा आन्दोलन गर्छौं', पत्रकार सम्मेलन आयोजना गरेर रुपन्देही उद्योग संघका अध्यक्ष एजाज आलमले चेतावनी दिए।

आफूहरूले शान्तिपूर्ण आन्दोलन थालेको जनाउँदै उनले भने, 'तर सामान्य र शान्तिपूर्ण आन्दोलन नसुन्ने सरकारले हामीलाई अरू कडा कार्यक्रम रोज्न बाध्य गराउँदै छ।' विद्युत् प्राधिकरण घेराउ र तालाबन्दीसम्म गर्ने चेतावनी उनले दिए।

■ दीपक ज्ञवाली/बुटवल





बिजुली गएका कारण शल्यक्रिया कक्षबाट फर्काई कयौं घण्टासम्म शल्यक्रिया रोकिएका बालक

दीपक ज्ञवाली

## शल्यक्रिया गर्दागर्दै...

बुटवलस्थित सिद्धार्थ बाल तथा महिला अस्पताल आम्दामा बिजुली नभएकै कारण दुई दुईवटा आकस्मिक शल्यक्रियाहरू समेत बीचैमा अवरुद्ध भयो। शल्यक्रियाका लागि सबै तयारी सकेर चिकित्सकले बालकलाई बेहोस पार्न के आँटेका थिए, झ्याप्प बिजुली गयो र शल्यक्रिया कक्ष नै अन्धकारमय भयो। कयौं मिनेटसम्म पनि बिजुली नआएपछि डाक्टर आफैं पनि बाहिर निस्के र बालकलाई पनि शल्यक्रिया नगरी कक्षबाट बाहिर ल्याए।

लोडसेडिङको विकल्पमा अस्पतालमा राखिएको अत्याधुनिक जेनेरेटरले पनि अचानक काम नगरेपछि अस्पतालमा यस्तो अवस्था उत्पन्न भएको थियो। लोडसेडिङ र त्यसैमाथि जेनेरेटर बिग्रेका कारण संवेदनशील ठानिएका त्यस्ता दुईजना बालकको शल्यक्रिया कयौं घन्टासम्म रोकियो। डाक्टर मनोजकुमार श्रेष्ठले भने, 'शल्यक्रियाका लागि बेहोस पार्न के आँटेको थिएँ, झ्याप्प लाइन गयो, जेनेरेटरले पनि काम गरेन।' ■

# बहिष्कृत

■ मधुसूदन पौडेल/काठमाडौं

**कारबाहीमा परेकाहरूको केवल राहदानी रद्दमात्र भएको होइन, उनीहरूले गाडी लगायतका उपभोग्य वस्तुको पनि बेचबिखन गर्न नपाउने, सार्वजनिक महत्त्वका कुनै पनि पदमा रहन नपाउने र राज्यबाट दिइने सबै प्रकारका मान, सम्मान र पदवी पनि नपाउने व्यवस्था मिलाइएको छ। सरकारी अधिकारीहरूको विश्लेषणमा अनौपचारिक रुपमा उनीहरू 'नजरबन्द'मा परेका छन् र राज्यबाट बहिष्कृत भएका छन्।**

**नियतवश बैंकको ऋण** नतिर्ने खराब ऋणी 'डिफल्टर'हरूप्रति अन्ततः सरकार कडा रुपमा प्रस्तुत भएको छ। विगत पाँच वर्षमा खराब ऋण तिर्नका लागि दिइएका विभिन्न अवसर र चेतावनीलाई 'डिफल्टर'हरूले बेवास्ता गर्दै आएपछि सरकारले पहिलो चरणमा असीजना खराब ऋणीहरूको राहदानी रद्द गरेको छ र व्यवहारिक रुपमा उनीहरू राज्यबाट बहिष्कृत भएका छन्।

मन्त्रिपरिषद्ले गत मंसिर २९ गते यस्ता ऋणीहरूमाथि कारबाही अगाडि बढाउने निर्णय गरेको थियो। त्यो निर्णय कार्यान्वयनको जिम्मेवारी विभागीय मन्त्रालयको हैसियतमा अर्थ मन्त्रालयलाई सुम्पिएको थियो। यसबीचमा पनि कालोसूचीका ऋणीहरूलाई बैंकसँग सौदावाजीमा जान र कारबाहीबाट बच्न मन्त्रालयले पटक-पटक प्रयास गरेको थियो। खराब ऋणीहरूले भने सरकारद्वारा दिइएको समयावधिप्रति बेवास्ता गर्दै आएपछि अर्थ मन्त्रालयले फागुन ३ गते मन्त्रिस्तरीय निर्णयबाट ८० उद्यमी/व्यवसायीको राहदानी रद्द गरी थप कारबाही अगाडि बढाउने निर्णय लिएको मन्त्रालयले जनाएको छ।

अर्थ मन्त्रालयले पहिलो चरणमा १७ व्यवसायिक घरानासँग आबद्ध असीजनाको पासपोर्ट रद्द गरेको छ। खराब कर्जाको चपेटामा परेका नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक, हिमालयन बैंक, नविल बैंक, नेपाल इन्डस्ट्रियल एन्ड कमर्सियल बैंक र लुम्बिनी बैंकको सिफारिस राष्ट्र बैंकमार्फत कारबाहीका लागि सरकारसमक्ष पुर्‍याइएको थियो। ६ वटा बैंकले कारबाहीका लागि कुल २१ व्यवसायिक घरानाको सिफारिस गरेको भए पनि मन्त्रालयले भने पहिलो चरणमा १७ व्यवसायिक घरानामाथि कारबाहीको निर्णय लिएको छ।

अर्थ मन्त्रालयका प्रवक्ता दीप बस्न्यातका अनुसार अहिलेको कारबाही ५ करोड रुपैयाँभन्दा बढीको साँवा बराबरको ऋण लिई नतिर्ने व्यक्तिहरू कारबाहीमा परेका छन्। सिफारिस गरिएका बाँकी चार घरानाको ऋण ५ करोड रुपैयाँभन्दा कम रहेका कारण अहिलेको कारबाहीमा नपरेको बताइएको छ।

कारबाहीमा परेका ८० व्यवसायीको राहदानी रद्द गरिएको छ, जसका कारण उनीहरू नेपाल बाहिर जान पाउनेछैनन्। अर्थ मन्त्रालयका अधिकारीहरूका अनुसार सरकारले उनीहरूको सम्पत्ति बेचबिखनमा पूर्णरुपमा बन्देज लगाएको छ। जुन निर्णय कार्यान्वयनका लागि सरकारका सम्बन्धित सबै निकायहरूमा मन्त्रालयले पत्राचार गरिसकेको छ। कारबाहीमा परेकाहरूले गाडीलगायतका उपभोग्य वस्तु पनि बेचबिखन गर्न पाउनेछैनन्। उनीहरू सार्वजनिक महत्वका कुनै पनि पदमा रहन पाउनेछैनन् र राज्यबाट दिइने सबै प्रकारका मान, सम्मान र पदवीवाट पनि उनीहरू वञ्चित रहनेछन्। सरकारी अधिकारीहरूको विश्लेषणमा अनौपचारिक रुपमा उनीहरू 'नजरबन्द'मा परेका छन् र राज्यबाट बहिष्कृत भएका छन्। उनीहरूको धितोपत्र 'फ्रिज' गरिएको छ।

सरकारले ६ महिनाअघि तत्कालीन प्रनिनिधिसभाबाट पारित 'बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन'का आधारमा उनीहरूमाथि कारबाही गरेको हो। बैंकिङ क्षेत्रमा खराब कर्जाको अवस्था भयाभय बनेपछि सांसदले यो ऐन पारित गरी सरकारलाई उनीहरूमाथि कारबाहीको



# कारबाहीमा पर्नेहरू

पियूषबहादुर अमात्य
गंगा अमात्य
विनोदबहादुर अमात्य
सञ्जु अमात्य
दमनबहादुर अमात्य
हीरेन्द्रबहादुर अमात्य
कृष्णबहादुर अमात्य
रोहितबहादुर श्रेष्ठ
लालप्रसाद श्रेष्ठ
रहिसप्रसाद श्रेष्ठ
सोवितप्रसाद श्रेष्ठ
मैत्रदेव पाठक
प्रवीणदेव पाठक
शान्तदेव पाठक
विमलादेवी पाठक
लक्ष्मीप्रसाद आचार्य

भरतराज कोइराला
चिरञ्जीवी आचार्य
कृष्णप्रसाद लुइँटेल
मोतीप्रसाद उप्रेती
रुद्रप्रसाद भट्टराई
अच्युतप्रसाद रिजाल
मोहन सहनी
विनोद शाही (खड्गी)
मनोजकुमार पण्डित
दुर्गादत्त पाण्डेय
हेम शाही (जोशी)
प्रकाश राना
पुरुषोत्तम भट्ट
विद्या परियार
प्रदीपरत्न तुलाधर
शान्ति श्रेष्ठ

कर्णवीरसिंह उपरकोटी
विष्णुप्रसाद थापा
गुढराज सुवेदी
ऋषिराम घिमिरे
मंगतुराम अग्रवाल
कृष्णकुमार अग्रवाल
सुबोधकुमार अग्रवाल
सुरेशकुमार अग्रवाल
विजयप्रसाद लोहनी
महेन्द्रप्रसाद गतौला
केशवप्रसाद भट्टराई
लक्ष्मण केसी
कल्पना लोहनी
राजकुमार अग्रवाल
सुरेशकुमार अग्रवाल

सुशीलकुमार अग्रवाल
सन्दीपकुमार अग्रवाल
राहुल अग्रवाल
निरञ्जन सर्राफ
सरिताकुमारी सर्राफ
सारधाकुमारी सर्राफ
अनिलकुमार जाटिया
पुष्पादेवी जाटिया
रमेशकुमार जाटिया
सुनिलकुमार जाटिया
दामोदरप्रसाद अग्रवाल
नारायणप्रसाद अग्रवाल
वीरेन्द्रकुमार कनौडिया
ओमप्रकाश कनौडिया
विजयकुमार जुनेजा

दिवाकर चन्द
रजनी चन्द
कुसुम जुनेजा
विवेक चन्द
इन्द्रसेन अग्रवाल
शशि अग्रवाल
विपिन अग्रवाल
दीपमणि राजभण्डारी
रवीन्द्र श्रेष्ठ
जगन्नाथप्रसाद सोनार
जितेन्द्र डी भट्ट
महेशकुमार अग्रवाल
मोहनलाल अग्रवाल
विष्णुमान श्रेष्ठ
संगीता श्रेष्ठ

वातावरण तयार पारिदिएको थियो । सर्वसाधारणको निक्षेप खराब कर्जामा परिणत हुँदै जाने र बैंकहरू संकटमा पर्न थालेपछि चालिएका अन्य कदमहरू ऋण असुलीमा प्रभावकारी हुन नसकेपछि संसद्ले उक्त ऐन बनाएको थियो । ऋण नतिर्ने प्रवृत्तिबाट मुलुकको समग्र वित्तीय क्षेत्र नै समस्याग्रस्त बन्दै गएका कारण वित्तीय प्रणाली बचाउन यो कदम उठाउनु परेको स्पष्टीकरण अर्थ मन्त्रालयले दिएको छ । कारबाहीमा परेका उद्यमी/व्यवसायीलाई मन्त्रालयले ऋण तिर्न वा पुनर्संरचनामा गई कारबाहीमुक्त हुन पाउने उपाय पनि बताइदिएको छ । यो प्रक्रियामा सामेल भएको अवस्थामा सम्बन्धित बैंकले उनीहरूमाथिको कारबाही फिर्ता गर्न पहल गर्ने र राष्ट्र बैंक तथा मन्त्रालयले कारबाही फुकुवा गरिदिने जानकारी गराइएको छ ।

## विश्व बैंकको दबाब !

मुख्यत: नेपालका दुई ठूला बैंकहरू राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेड खराब कर्जाका कारण वित्तीय संकटमा फसेपछि विश्व बैंकको प्रत्यक्ष आर्थिक सहयोगमा सन् २००२ देखि नेपालमा वित्तीय क्षेत्र सुधार कार्यक्रम लागू गरिएको छ । यो कार्यक्रमका उद्देश्य मुलुकको समग्र वित्तीय क्षेत्रलाई सही बाटोमा ल्याउनु रहेको भए पनि मुख्य प्राथमिकता भने खराब कर्जा असुली नै हो, जुन बितेको पाँच वर्षको अवधिमा सन्तोषजनक रुपमा कार्यान्वयन हुन सकेको छैन । खराब कर्जा असुलीका लागि दुवै बैंकमा विदेशी व्यवस्थापन कार्यरत रहेको छ । यो अवधिमा विश्व बैंकले नेपाल सरकारलाई वित्तीय क्षेत्र सुधारका कार्यक्रमलाई प्राथमिकतामा राख्न दबाब दिँदै आएको भए पनि सरकारले प्रतिबद्धता जनाउने तर कार्यान्वयन गर्न नसक्ने अवस्था देखिँदै आएको थियो ।

पछिल्लो पटक फागुन २ गते नेपालको आर्थिक स्थितिको अध्ययन गर्न नेपाल आएका विश्व बैंकका प्रबन्ध निर्देशक ग्रिम ह्विलरले प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र अर्थमन्त्री डा. रामशरण महतसँग भेटी खराब कर्जा असुली गर्न सरकारले विशेष कदम चाल्नु पर्ने कुरामा जोड दिएका थिए । नेपाल सरकारलाई सहयोग बढाउन विश्व बैंक तयार रहेको भए पनि खराब कर्जा असुलीका लागि सरकारले खास कदम नचालेका कारण सहयोग बढाउन समस्या हुने जानकारीसमेत उनले दिएका थिए । फागुन १० गतेदेखि वासिङन डिसीमा सुरु हुने विश्व बैंकका 'बोर्ड अफ डाइरेक्टर' बैठकमा नेपालको आर्थिक सुधारका आशलाग्दा प्रयास प्रस्तुत गर्न नसकिएको अवस्थामा नेपाले थप सहयोग पाउन सक्ने सम्भावना न्यून भएको यथार्थता सरकारले बुझेपछि उनी नेपालमा रहेकै अवस्थामा खराब ऋणीहरूमाथि कारबाही गर्ने निर्णय सरकारले लिएको बताइएको छ । अर्थमन्त्री रामशरण महतले खराब कर्जा असुलीका लागि सरकारले तत्काल कदम चाल्ने विश्वास दिलाएलगत्तै यो निर्णय लिइएको थियो । पुनर्निर्माणको क्रममा रहेको नेपालका लागि नेपालले विश्व बैंकबाट खास सहयोग पाउने अपेक्षा गरेको छ । त्यसका लागि उसका सर्तहरू वित्तीय क्षेत्र सुधार, श्रम कानुनमा परिमार्जन, पेट्रोलियम पदार्थको मूल्य समायोजन र सुशासन जस्ता विषयहरूमा नेपालले केही गर्नेछ भनेर विश्वास दिलाउनु जरुरी भएको विश्लेषकहरू बताउँछन् । यसै प्रक्रियामा खराब ऋणीहरूमाथिको कारबाही अगाडि आएको हो । यो कारबाही प्रक्रिया सुरु गरिएपछि ह्विलरले 'बोर्ड अफ डाइरेक्टर'को बैठकमा नेपालले आर्थिक सुधारको सकारात्मक बाटोमा अगाडि बढेको प्रतिवेदन प्रस्तुत गर्ने र विश्व बैंकबाट नेपालले पाउने आर्थिक सहयोगमा वृद्धि हुने अपेक्षा गरिएको छ ।

नेपालको बैंकिङ क्षेत्रमा करिब ३० अर्ब रुपैयाँको खराब कर्जा रहेको छ । तीमध्ये अहिले कारबाहीमा परेका ८० व्यवसायीहरूले करिब १२ अर्ब रुपैयाँ ओगटेका छन् । बाँकी ऋणीहरूमाथि कारबाहीको प्रक्रिया अगाडि बढाइने जानकारी अधिकारीहरूले दिएका छन् । ■



## संकटमा सांसद

सांसद वीरेन्द्रकुमार कनौडियाको पद धरापमा परेको छ । उनीसमेत सदस्य रहेको प्रतिनिधिसभाले पारित गरेको बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनले कालोसूचीमा परेका खराब ऋणीलाई सार्वजनिक पदमा राख्न नपाउने व्यवस्था गरेको छ । कनौडिया कपिलवस्तुबाट नेपाली कांग्रेसको तर्फबाट संसद्मा प्रतिनिधित्व गर्छन् । उक्त ऐनअनुसार यस्ता खराब ऋणीहरू राज्यका सबै सुविधाबाट वञ्चित हुन्छन् । महालक्ष्मी सुगर मिल्सका नाममा उनले लिएको ऋण खराब कर्जाका कारण अहिले उनी पनि कारबाहीमा परेका छन्, तर उनको सांसद पद के हुनेछ भन्ने बारेमा भने अहिलेसम्म प्रस्ट पारिएको छैन ।



अनुमति नलिई नेपालगन्जमा खोप लगाउँदै गरेका क्लब ओलम्पियाका कर्मचारीहरू ।

**जनस्वास्थ्य कार्यलयले खोप लगाउन रोक लगाएपछि खोप लगाएका सर्वसाधारण यतिखेर हाँस्नु न रुनु भएका छन्**

# खोपमा लापरवाही

**खोप लगाएपछि** आजीवन हेपाटाइटिस रोगबाट मुक्त हुने आशा लिएका नेपालगन्ज, भृकुटीनगरका राजेश धमला एक सातादेखि कोही जान्ने-बुझ्ने मान्छे भेट्यो कि आफूले लगाएको खोप र औषधी ठिक हो वा होइन भनेर सोध्दैमा व्यस्त छन् । तैपनि उनले कतैबाट जवाफ पाएका छैनन् ।

गत साता काठमाडौंको क्लव ओलम्पिया नामक एक संस्थाले हेपाटाइटिस बीविरुद्धको खोप नेपालगन्जका स्कुलहरूमा धमाधम लगाइरहेका बेला जिल्ला जनस्वास्थ्य कार्यालयले उक्त संस्थाले खोपको लागि सरकारीस्तरबाट अनुमति नलिएको भन्दै खोप लगाउन रोक लगाएपछि खोप लगाएका सर्वसाधारण यतिखेर हाँस्नु न रुनु भएका छन् ।

खोपका आयोजकहरूले हेपाटाइटिस बीविरुद्धको खोप र औषधी गुणस्तरीय भएको दाबी गर्दै सबैलाई चिन्ता नगर्न भने पनि जिल्ला जनस्वास्थ्य कार्यालयले खोप लगाउन रोक लगाएपछि सर्वसाधारण जनता औषधीको गुणस्तरबारे बढी चिन्तित छन् । जनस्वास्थ्य कार्यालयले खोप लगाउन बन्द गराएका कारण खोप र औषधीको गुणस्तरमा पनि शंका लागेको सर्वसाधारण बताउँछन् ।

लामो समयदेखि हेपाटाइटिस बीविरुद्धको खोप लगाउने प्रयास गरेको क्लब ओलम्पियाले माथिल्लो निकायमा भएको सहमतिअनुसार पहिलो पटक नेपालगन्जमा उक्त रोगविरुद्धको खोप लगाउन थालेको बताए पनि जिल्ला जनस्वास्थ्य कार्यालयले उक्त क्लबले खोप लगाउन कतैबाट पनि स्वीकृति नलिएका कारण खोप लगाउन रोक लगाएको जनाएको छ ।

'हेपाटाइटिस बीविरुद्धको खोप लगाउनको लागि उक्त संस्थाले स्वीकृति लिएको नपाइएका कारण अहिलेलाई खोप लगाउन रोक लगाएका छौं', जिल्ला जनस्वास्थ्य अधिकृत केहरसिंह गेदारले भने, 'क्लबले प्रयोग गरेको औषधी र जनशक्तिको गुणस्तर पनि थाहा छैन ।' क्लब ओलम्पियाले सञ्चालन गरेको खोप कार्यक्रम सफल बनाउन खटिएका दीपेशजंग शाह क्लबले माथिल्लो स्तरमा स्वीकृति लिएको दाबी गर्दै प्रयोग गरिएको औषधी र जनशक्ति गुणस्तरीय भएको ठोकुवा गर्छन् ।

काठमाडौंबाट एकैचोटि औषधी र केही स्वास्थ्यकर्मीको टोलीसहित नेपालगन्ज आएको क्लब ओलम्पियाको समूहले स्थानीय निकायसँग कतै समन्वय नगरी यहाँका विद्यालयमा खोप दिन थालेको थियो । नेपालगन्जका आधा दर्जन स्कुलमा पुगेर बालबालिका र अभिभावकहरूलाई हेपाटाइटिस बीविरुद्धको खोप लगाएको एक सातापछि मात्र जिल्ला जनस्वास्थ्य कार्यालयले उक्त क्लबलाई स्वीकृतिको कागज माग्दै खोप नलगाउन भनेको थियो । त्यति बेलासम्म नेपालगन्जका एक हजारभन्दा बढीले हेपाटाइटिस बीविरुद्धको सानभ्याक बी नामक खोप लगाएका थिए ।

उक्त रोगबाट मुक्त हुने आशाले खोप लगाएका सर्वसाधारण जनता यतिखेर सरकारी स्वीकृतिबेगर खोप लगाउने क्लबसँग आक्रोशित त भएका छन्, साथै नगरका स्कुलहरूमा एक सातासम्म खोप लगाउँदासम्म चुपचाप रहने जिल्ला जनस्वास्थ्य र अन्य सरकारी कार्यालयहरूप्रति पनि आक्रोशित छन् । 'यदि यो औषधी र खोप ठिक रहेनछ भने त्यसको जिम्मेवारी कसले लिन्छ ?', स्थानीय गोकुल पोखरेल भन्छन्, 'जनस्वास्थ्य कार्यालयले पनि जनताप्रति जिम्मेवारी पूरा गरेन ।' क्लब ओलम्पियाले हेपाटाइटिस बीविरुद्धको खोपको लागि १० वर्षमुनिका विद्यार्थीहरूलाई एकपटकका लागि प्रतिव्यक्ति ८० रुपैयाँ तथा त्योभन्दा माथि उमेर भएकाहरूबाट १ सय ६० रुपैयाँ लिएको थियो । क्लबले एक वर्षको अवधिमा तीनपटकसम्म हेपाटाइटिस बीविरुद्धको खोप लगाउनु पर्ने बताएको थियो ।

स्थानीय बोर्डिङ स्कुलहरूमा पुगेर उक्त क्लबले खोप लगाउन थालेपछि अभिभावकहरू स्कुलको विश्वासले खोप लगाएको बताउँछन् भने त्यस्ता विद्यालयहरू क्लब ओलिम्पियाले खोपको लागि स्थान मागेका कारण विद्यालयलाई प्रयोग गर्न दिइएको बताउँछन् । स्थानीय प्रभात मेमोरियल विद्यालयका प्रिन्सिपल विक्रम चौधरी भन्छन्, 'कसले स्वीकृति लिएको छ-छैन र औषधी गुणस्तरीय हो-होइन, त्यो छुट्याउने काम हाम्रो होइन ।' अभिभावक र विद्यार्थीहरूकै सजिलोको लागि स्कुलमा खोप लगाउन दिइएको उनले दाबी गरे ।

क्लब ओलम्पियाले नेपालगन्जमा लगाएको खोप ठिक भए-नभएको बारेमा स्वास्थ्यकर्मीहरूले केही बताएका छैनन् । 'यो खोप र औषधीबारे औषधि व्यवस्था विभागले जाँचबुझ गर्नुपर्छ', जनस्वास्थ्य अधिकृत गेदार भन्छन् ।

झन्डै एक लाख जनसंख्या रहेको नेपालगन्जमा खोप लगाउने उद्देश्यका साथ हेपाटाइटिस बीविरुद्धको खोप थालेको क्लबले अब फेरि खोप लगाउने-नलगाउने बारेमा मौन छ । खोपको लागि स्वयंसेवक भएर काम गरिरहेका व्यक्तिहरूका अनुसार माथिल्लो स्तरमा छलफल भएपछि निर्णय गरिनेछ । उनीहरूले क्लब ओलम्पिया भारतको सान्था, बायोटेक्निक्ससँग आबद्ध भई हेपाटाइटिस बीविरुद्धको सामूहिक खोप कार्यक्रम सञ्चालनको लागि अधिकारप्राप्त रहेको दाबी गरेका छन् । आयोजकहरूले उक्त रोगविरुद्ध दिइएको सानभ्याक बी खोप विश्व स्वास्थ्य संगठनबाट प्रमाणित हुनाको साथै काठमाडौंमा औषधी व्यवस्था विभागमा दर्ता गरिएको दाबी गरेका छन् ।

■ **रुद्र खड्का/नेपालगन्ज** (तस्वीर पनि)

# ग्याङ वारको सुरूवात ?



जेलबाट हालै छुटेका दीपक मनाङे

राजधानीको 'ग्याङ वार' नयाँ चरणमा प्रवेश गरेपछि व्यापारी र व्यवसायीले नयाँ चुनौती र खतरा व्यहोर्नुपर्ने पनि निश्चित देखिएको छ । सन्दीप पाठक र मिलन तामाङ समूहको धम्कीले पहिले नै चुनौती व्यहोर्दैआएका वैदेशिक रोजगार व्यवसायीहरू पुनर्जीवित यी दादा समूहबाट कति पीडित हुने हुन्, निश्चित छैन ।

■ **सुवास देवकोटा/काठमाडौं**

**राजधानीका** दुई नामी दादाहरू दीपक मनाङे र मिलन 'चक्रे' साढे दुई वर्षअघि पक्राउ परेपछि स्थगित रक्तरञ्जित 'ग्याङ वार' दुवै रिहा भएलगत्तै पुनः चर्किएको छ । साथै पहिले खुकुरी, खुँडा र तरबारलाई हतियार बनाउने उनीहरूले पहिलोपटक पेस्तोल प्रयोग गरेर 'ग्याङ वार'लाई उचाइमा पुऱ्याएका छन् । प्रहरीका अनुसार फागुन ९ गते बिहान साढे आठ बजे काठमाडौं बालुवाटार टुँडालदेवीमा काजी शेर्पामाथिको गोली प्रहार 'ग्याङ वार'कै नतिजा हो । ट्याक्सीमा आएको समूहले मन्दिर नजिक रहेका शेर्पालाई त्यस दिन गोली प्रहार गरी घाइते बनाएको थियो भने मन्दिर परिसरमै रहेकी निशा भट्टराई नामकी युवतीलाई पनि घटनामा गोली लागेको थियो । भट्टराईलाई घाइते शेर्पाले चलाएको गोली लागेको प्रहरीले अनुमान गरेको छ र त्यस सम्बन्धमा अनुसन्धान गरिरहेको जनाएको छ ।

बालुवाको कारोवार गर्ने घाइते शेर्पा मिलन समर्थक मानिन्छन् । उनले शिक्षण अस्पतालमा कार्यरत प्रहरीलाई दीपक मनाङे समूहले आफूलाई आक्रमण गरेको बताएका छन् । उपत्यका अपराध अनुसन्धान शाखाका प्रमुख प्रहरी उपरीक्षक केशव अधिकारीका अनुसार शेर्पाको प्रारम्भिक बयानका आधारमा प्रहरीले मनाङेको खोजी सुरु गरेको छ । यद्यपि, बुधवार रातिसम्म उनी प्रहरीको पञ्जामा परेका छैनन् ।

जय नेपाल सिनेमा हल परिसरमा साढे दुई वर्षअघि आफूमाथि भएको सांघातिक आक्रमणमा संलग्न रहेको विश्वासमा मनाङे समूहले शेर्पामाथि आक्रमण गरेको स्रोतहरूको दाबी छ । त्यस बेला मिलनले अज्ञातस्थलबाट मनाङेलाई बदलास्वरुप आफ्नो समूहले आक्रमण गरेको दाबी गरेका थिए । त्यसको केही महिनाअघि मिलनलाई मनाङे समूहले महाराजगन्जको एउटा रेस्टुराँमा सांघातिक आक्रमण गरेको थियो । उक्त आक्रमणको क्रममा मिलनको हात पूरै छिनिएको थियो । शिक्षण अस्पतालका चिकित्सकहरूले निकै मेहनतपछि मिलनको हात जोड्ने सफलता पाएका थिए ।

एक वर्षभन्दा बढी जेल सजाय भोगी केही महिनाअघि रिहा भएका मिलन र उनको समूह अहिले आक्रामक देखिएको छैन । तर, मिलन समूह पूरै निष्क्रिय रहेको मान्न कोही तयार छैनन् । राजधानीमा गुन्डागर्दी गर्नेमाथि कारबाही गर्ने नाममा माओवादीले २ महिनाअघि टोलटोलबाट युवाहरू पक्रन थालेपछि मिलन भूमिगत भएका थिए । यता, अदालतको आदेशबाट माघ २८ गते रिहा भएका दीपक मनाङे भने छुट्नासाथ प्रतिपक्षी समूहप्रति आक्रामक देखिएको छ । यद्यपि, शेर्पामाथि आक्रमण गरेको मनाङेले स्विकारेका छैनन् ।

शेर्पामाथिको सांघातिक आक्रमणपछि पहिले नै अस्तव्यस्त रहेको राजधानीको सुरक्षा व्यवस्था थप बिग्रने सम्भावना देखिएको छ । यो आक्रमणलाई मिलन समूहले सहजरुपमा नलिने र बदलामा प्रत्याक्रमण गर्ने स्रोतहरू बताउँछन् । स्रोतहरूका अनुसार शेर्पा आफैं पनि प्रत्याक्रमणका निम्ति सक्षम छन् । भक्तपुरको झैखेलमा बालुवाखानी चलाइरहेका शेर्पाको ठमेलमा पनि एउटा रेस्टुराँ छ । बालुवाखानी र ठमेलको रेस्टुराँ चलाउन बाहुबल अत्यावश्यक मानिन्छ । फागुन ९ गतेको घटनामा शेर्पाबाट पनि गोली चल्नुले उनीबाट हुने प्रत्याक्रमणको अनुमान गर्न सकिन्छ ।

राजधानीको 'ग्याङ वार' नयाँ चरणमा प्रवेश गरेपछि व्यापारी र व्यवसायीले नयाँ चुनौती र खतरा व्यहोर्नुपर्ने पनि निश्चित देखिएको छ । सन्दीप पाठक र मिलन तामाङ समूहको धम्कीले पहिले नै चुनौती व्यहोर्दैआएका वैदेशिक रोजगार व्यवसायीहरू पुनर्जीवित यी दादा समूहबाट कति पीडित हुने हुन्, निश्चित छैन । दुई साताअघि वैदेशिक रोजगारी व्यवसायी संघका अध्यक्ष एलपी सावालाई करोडौं रुपैयाँ नदिएको निहुँमा पाठक समूहले गोली हानेको थियो । यद्यपि, गोली सावालाई नलागी गाडीमा मात्र लागेको थियो । ■





तस्विरहरू : सुदर्शन रञ्जित

# नयाँ–नयाँ कीर्तिमानी

**त्रिभुवन आर्मी क्लबका अर्जुन बस्नेतले पोखरामा तेस्रोपटक म्याराथन च्याम्पियन बनेर ४० हजार नगदसहितको पुरस्कार जितेका छन् ।**

■ केशवशरण लामिछाने/पोखरा

**पोखरामा** गत साता सम्पन्न छैटौं पोखरा म्याराथनमा सैनिक र प्रहरीकै वर्चस्व रह्यो । त्रिभुवन आर्मी क्लबका अर्जुन बस्नेतले यसपटक पोखरा म्याराथनको इतिहासमा नयाँ रेकर्ड कायम गर्न सफल भए । म्याराथनको निर्धारित ४२ दशमलब १९५ मिटरको दूरी दुई घन्टा २१ मिनेट ३२ सेकेन्डमा पूरा गरी बस्नेत पोखरा म्याराथन च्याम्पियन बने । यो प्रतियोगितामा यो दूरी अहिलेसम्मकै सबैभन्दा कम समयमा पार गर्ने कीर्तिमानधारी धावक पनि भएका छन्, अर्जुन । यसअघि त्रिभुवन आर्मीकै आनन्दमान श्रेष्ठले २ घन्टा २५ मिनेट ५ सेकेन्डमा दूरी पूरा गरेको रेकर्ड थियो ।

त्यसो त अर्जुनले पोखरा म्याराथनको मात्रै नभई व्यक्तिगत रुपमा पनि नयाँ र ऐतिहासिक रेकर्ड कायम गरेका छन् । दसौं साग र एसियाडमा आफूले राखेको समयलाई पनि उनी तोड्न सफल रहे । उनले दसौं सागमा २ घन्टा २८ मिनेटमा पूरा गरी दोस्रो भएका थिए भने एसियाडमा २ घन्टा २३ मिनेट तथा गत वर्ष काठमाडौंमा सम्पन्न म्याराथनमा २ घन्टा २३ मिनेटमा पूरा गरेका थिए ।

आर्मीका यी धावक अर्जुनले पोखरामा म्याराथन च्याम्पियन बनेर ४० हजार नगदसहितको पुरस्कार जितेका छन् । तेस्रोपटक पोखरा म्याराथनमा सहभागिता जनाएका बस्नेले दोस्रो पोखरा म्याराथनमा च्यामपियनको पगरी गुथ्न सफल भएका थिए । दोस्रो म्याराथनमा २ घन्टा २५ मिनेटमा पूरा गरी उपाधि जितेका थिए । यसपटक प्रतियोगिताकै र आफ्नो व्यक्तिगत पनि नयाँ कीर्तिमान कायम गर्न

सधैंजसो हातमा चकडस्टर र किताब लिएर पढाउन व्यस्त हुने शिक्षकहरू भलिबल खेल्न व्यस्त थिए ।

# चकडस्टरको सट्टा बल



पाउँदा पनि उनलाई अझै दौडको धीत मरेको देखिन्नथ्यो । तयारी भनेजस्तो गर्न नपाएकाले सोचेजति समयमा दूरी पार गर्न नसकेको बताउँदै थिए, उनी । साग च्याम्पियनले दुई घन्टा २५ मिनेटमा पूरा गरी स्वर्णपदक जितेको थियो । एसियाडमा उनी एघारौं स्थानमा आएका थिए ।

दोस्रो उपाधि पनि सुरक्षाफौजबाट बाहिरिन सकेन, पोखरा म्याराथनमा । सशस्त्र प्रहरीका अर्जुन ढकालले २ घन्टा २८ मिनेटमा दौड पूरा गर्दै दोस्रो पुरस्कार हात पारेका छन् । उनले २५ हजार नगद जिते । त्यसपछिका तेस्रो र चौथो दुवै उपाधिलाई आर्मीले क्लबले नै आफ्नो बनायो । त्रिभुवन आर्मीका उत्तम खत्री र चन्द्रबहादुर महतोले क्रमशः २ घन्टा ३० मिनेट र २ घन्टा ३१ मिनेटमा पूरा गर्दै तेस्रो र चौथो स्थान ओगटेका छन् । उनीहरूलाई क्रमशः १५ र ५ हजार नगदसहितको पुरस्कार प्रदान गरिएको छ ।

दुर्भाग्य तेस्रो म्याराथनमा च्याम्पियन बनी नयाँ कीर्तिमान राखेका आनन्दमान श्रेष्ठ भने पाँचौं स्थानमा चित्त बुझाउन बाध्य भए । त्यस्तै दुर्भाग्य व्यहोरे, पाँचौंपटकको म्याराथनका च्याम्पियन रेवतबहादुर दाहालले पनि । उनी नवौं स्थानमै रहनुपर्‍यो । म्याराथनमा कास्कीका सहभागी खेलाडीहरूमा अमृत हमाललाई उत्कृष्ट खेलाडी घोषणा गरिएको थियो ।

नेपाल भूतपूर्व खेलाडी मञ्च कास्कीको आयोजनामा भएको म्याराथनमा ८ इभेन्टमा प्रतिस्पर्धा गराइएको थियो । तिनमा १ हजार ६९ जनाको सहभागी थिए । मुख्य म्याराथनमा १ सय ५३ जना धावकहरूको सहभागिता थियो । त्यसैगरी ३७ जना विदेशी महिला तथा पुरुषले सहभागिता जनाएका थिए । त्यसैगरी १० किलोमिटरको पुरुषतर्फ २२५, महिलातर्फ ७७, छात्रतर्फ ३७७, छात्रातर्फ १५१, भेट्रान्सतर्फ ४७, सञ्चारकर्मीतर्फ २२ र अपांगतर्फ २२ जनाको सहभागिता रहेको थियो । तर रन फर फनको अनौपचारिक दौडले सहभागितालाई निकै ठूलो संख्यामा पुर्‍यायो । ४ हजारभन्दा बढीले भाग लिएको अनुमान आयोजकहरूले गरेका छन् ।

मुख्य म्याराथनमा मात्रै होइन, मिनी म्याराथनमा पनि सुरक्षाफौजकै वर्चस्व रह्यो । १० किलोमिटर पुरुषतर्फ सशस्त्रका गगनसिंह बुढाऐरले ३३ मिनेट २२ सेकेन्डमा पूरा गरी पहिलो, उपाधि जिते भने त्रिभुवन आर्मीका नयन्द्र राईले ३३ मिनेटर ३७ सेकेन्डमा पूरा गरी दोस्रो स्थान ओगटे । त्यसैगरी सशस्त्रका आशनारायण चौधरीले ३४ मिनेट ३ सेकेन्डमा पूरा गरी तेस्रो भए । उनीहरूलाई क्रमशः ७, ४ र ३ हजारनगदसहितको पुरस्कार प्रदान गरिएको छ ।

त्यस्तै सोही इभेन्टमा महिलाहरूबीच मात्रै पनि प्रतिस्पर्धा गराइएको थियो । त्यो प्रतिस्पर्धामा पनि सुरक्षाफौजले छाडेन । महेन्द्रपुलिस क्लबकी कान्छीमाया कोजूले ३९ मिनेटमा पूरा गरी पहिलो बाजी मारिन् । त्यही क्लबकै कब्जा रह्यो दोस्रो स्थानमा पनि । छायाँ खत्री दोस्रो भएकी थिइन् भने र भक्तपुरकी हरिदेवी राजलावतले तेस्रो स्थान ओगटिन् ।

धेरैभन्दा धेरै सहभागी जुटाएर पोखरालाई नै म्याराथनमय बनाउने लक्ष्य आयोजकहरूले राखेका थिए । त्यसैले उनीहरूले मूल म्याराथनमाभन्दा पनि बढी सहभागिता अरू विभिन्न इभेन्टमा जुटाए । मिनी म्याराथन, कस्केलहरूबीच मात्रैको प्रतिस्पर्धासँगसँगै विद्यालयस्तरीय दौड र सञ्चारकर्मीबीच पनि प्रतियोगिता राखिएको थियो, यसपटक ।

दस किलोमिटर विद्यालयस्तरीय छात्रतर्फ ज्योतिदय सहकारी स्कुल काठमाडौंका दीपक देसारले उपाधिमाथि कब्जा जमाएका थिए भने सोही विद्यालयका प्रवीण देसार दोस्रो र पञ्चकन्या मावि काठमाडौंका रमेश सुनार तेस्रो हुन सफल भए । विद्यालयस्तरमा पनि छात्राहरूबीचको प्रतिस्पर्धा भिन्नै थियो । त्यो प्रतिस्पर्धामा बाबाबाटिका मावि काठमाडौंकी सीता रिमाल, गौरीशंकर मावि हेमजा कास्कीकी दुर्गा चपाई तथा शुक्रराज बलभद्रकी राखी शर्मा पहिलो दोस्रो र तेस्रो भए । उनीहरूलाई क्रमशः ३, २ र १ हजार नगद प्रदान गरिएको छ ।

पाँच किलोमिटर भेट्रान्सतर्फ गोप श्रेष्ठ प्रथम, तुलबहादुर गुरुङ द्वितीय र खुसराम शर्मा तृतीय भए । सञ्चारकर्मी दौडमा प्रवीण कार्की, राजन खत्री र दीननाथ बराल क्रमशः पहिलो, दोस्रो र तेस्रो भएका थिए । यसपटकको अर्को नौलो इभेन्ट थियो अपांगहरूबीचको पनि दौड ह्वीलचियर दौडमा भरत बानियाँ, झलक अधिकारी र राजकुमारी ठकुरीले क्रमशः पहिलो दोस्रो र तेस्रो ठाउँ लिए । अरू त अरू दृष्टिविहीनहरूले समेत म्याराथनको मजा लिन छुटाएनन् । एक सय मिटर दृष्टिविहीन दौडमा दिवस आले, तोरण अधिकारी र सुन्दर तुम्वाहाम्फेले आफूलाई पहिलो दोस्रो र तेस्रो नम्बरमा उभ्याए । ■



**उनीहरूका हातमा** न चक डस्टर थियो न किताब नै । पढाउने कुनै सामग्री र सुन्ने विद्यार्थी पनि त्यहाँ थिएनन् । तथापि रुपन्देहीका निजी तथा आवासीय विद्यालयका सम्पूर्ण शिक्षकहरू एकै ठाउँ भेला भएका थिए । सधैंजसो हातमा चकडस्टर र किताब लिएर पढाउन व्यस्त हुने शिक्षकहरू भलिबल खेल्न व्यस्त थिए ।

कसरी विद्यार्थीलाई प्रतिस्पर्धी बनाएर सर्वोत्कृष्ट स्थान दिलाउने भनेर प्रयासमा उभिने उनीहरू त्यति बेला आफूहरूबीच प्रतिस्पर्धा गर्दै थिए, रुपन्देहीका निजी तथा आवासीय विद्यालयका शिक्षक तथा कर्मचारीहरूबीच भएको जिल्लास्तरीय भलिबल प्रतियोगितामा । प्रतियोगिताको आयोजना रुपन्देहीका निजी तथा आवासीय विद्यालयका शिक्षक तथा कर्मचारीहरूको संस्था प्याब्सु रुपन्देहीले गरेको थियो । प्रतियोगिताका भैरहवा र बुटवलमा गरी एकैचोटि सुरु गरिएको थियो ।

भैरहवामा भएको प्रतियोगिताकामा ७ र बुटवलमा १७ गरी रुपन्देहीका विभिन्न २४ विद्यालय प्रतियोगिताम सहभागी थिए । आयोजक संस्थाका अध्यक्ष हरि ज्ञवालीका अनुसार समयकाभावका कारण क्वाटर फाइनलसम्मका खेलहरू २ ठाउँमा खेलाइएको थियो, तर उनीहरूबीच फाइनल खेलको प्रतिस्पर्धा भने सँगै बुटवलमै भएको थियो ।

प्रतियोगितामा न्यु होराइजन उच्च मावि बुटवल प्रथम भएको छ । फाइनल खेलमा न्यु होराइजनले सनसाइन उच्च मावि भैरहवालाई पराजित गरी विजयी भएको हो । प्रतियोगितामा सनसाइन द्वितीय, दीप बोर्डिङ तृतीय र न्यु इन्भायरमेन्ट स्कुलले सान्त्वना स्थान हासिल गरेका थिए ।

■ **दीपक ज्ञवाली/बुटवल** (तस्बिर पनि)

# क्षेत्रीय शारीरिक सुगठनको तयारी

**विगतमा तीनपटकसम्म** आयोजना भइसकेको पश्चिमाञ्चलस्तरीय शारीरिक सुगठन प्रतियोगिताले निरन्तरता पाउने भएको छ ।

त्यस्तो प्रतियोगितालाई निरन्तरता दिने निर्णय शारीरिक सुगठन संघ रुपन्देहीले गरेको छ । संघको बुटवलमा सम्पन्न भेलाले चौथो मिस्टर पश्चिमाञ्चल शारीरिक सुगठन प्रतियोगिता चैत २३ देखि २४ गतेसम्म रुपन्देहीको भैरहवामा गर्ने निर्णय गरेको छ । त्यसको तयारी पनि थालेको छ । प्रतियोगितामा पश्चिमाञ्चलका १६ जिल्लाका १ सय ५० जना खेलाडीले भाग लिनेछन् ।

आयोजक संस्थाका अध्यक्ष शिवराज राईले प्रतियोगिता सम्पन्न गर्न करिब डेढ लाख रुपैयाँ लाग्ने बताए ।

प्रतियोगितामा तौलका हिसाबले पाँच समूहमा विभाजन गरी प्रतियोगिहरूलाई सहभागी गराइने उनले जानकारी गराए । यसअन्तर्गत ५५, ६०, ७० र ७० भन्दा बढी किलो तौल भएकाहरूको छुट्टाछुट्टै प्रतिस्पर्धा गराई उत्कृट भएकाहरूबीच अन्तिम प्रतिस्पर्धा गराइनेछ । ■




भास्कर ओझा

# परम्परा तोड्ने अभियान

**'हामी अब गर वा मरको अवस्थामा छौं', महेन्द्र पुलिसका नवनियुक्त प्रशिक्षक विराटकृष्ण श्रेष्ठ भन्छन् ।**

■ **नवीन अर्याल/काठमाडौं**

**सहिद स्मारक एन्फा** सानमिगेल लिगमा महेन्द्र पुलिस क्लबको अलग्गै विशेषता छ । नेपालका बहुचर्चित स्ट्राइकर हरि खड्कादेखि लिएर राष्ट्रिय टोलीका आधा दर्जन खेलाडीले सुसज्जित हुँदाहुँदै पनि यो क्लबले अहिलेसम्म नेपाली फुटबलको सबैभन्दा प्रतिष्ठित मानिने राष्ट्रिय लिगको उपाधि जित्न सकेको छैन । २०६० सालमा अखिल नेपाल फुटबल संघ (एन्फा)ले नेपालको सर्वाधिक राशि पुरस्कार भएको राष्ट्रिय लिगमा विभागीय टोलीलाई पनि समावेश गर्ने नीति अख्तियार गरेपछि महेन्द्र पुलिस क्लबले पहिलोपल्ट देशको प्रतिष्ठित लिग प्रतियोगितामा भाग लिने अवसर पाएको थियो । लिगको पछिल्लो तीनवटा संस्करणदेखि नेपाली फुटबलमा तहल्का मचाउँदै आए पनि प्रायजसो मैदानमा देखिने अपरिपक्वता र खेलमा नदेखिने एकरुपताका कारण यो क्लब उपाधि जित्ने अभियानमा अग्रसर हुँदाहुँदै पनि अन्ततः उपाधिविहीन रहँदै आइरहेको थियो ।

हाल काठमाडौंमा जारी राष्ट्रिय लिगका सम्पूर्ण खेलहरू अहिले अन्तिम अवस्थामा आइपुगेको अवस्था छ । यस वर्ष पनि विगतझैं महेन्द्र पुलिस क्लब उपाधि जित्ने होडमा बलियो अवस्थामा छ । विगतको परम्परालाई यसपालि महेन्द्र पुलिस क्लबले तोड्नेछ वा पुरानै परम्परा कायम राख्नेछ । यो अहिले महेन्द्र पुलिस क्लबका प्रशंसकहरू मात्र होइन, पुलिस क्लबका पदाधिकारीहरूकै लागि कौतुहल बन्न पुगेको छ ।

'यसपालि पुरानो परम्परा तोडिन्छ कि भन्ने विश्वास लिएको छु', महेन्द्र पुलिस क्लबका खेलकुद विभाग प्रमुख तथा फिफा सहायक रेफ्री बुद्धि तामाङले *समय*लाई भने । महेन्द्र पुलिस क्लब राष्ट्रिय लिगको ५२ वर्ष लामो इतिहासमा लिगमा समावेश भएको पहिलो वर्ष नै उपाधिको दाबेदार भएर प्रस्तुत भएको थियो । तर, लिग खेल्ने अनुभव नभएका कारण यो क्लबले मनाङ मर्स्याङ्दी क्लबलाई उपाधि सुम्पिँदै आफू लिग तालिकाको दोस्रो स्थानमा रहेको थियो । त्यसको एक वर्षपछि एन्फाको महत्त्वाकांक्षी गोल प्रोजेक्टको पहिलो ब्याजका प्रायः सबै खेलाडी आफ्नो क्लबमा अनुबन्ध गर्दै नेपाली फुटबलमा नयाँ शक्तिको रुपमा उदाएको थ्रीस्टार क्लबलाई २०६१ सालको उपाधि सुम्पिँदै पुनः महेन्द्र पुलिस क्लबले दोस्रो स्थानलाई आत्मसात गरेको थियो ।

गत वर्षदेखि एन्फाले सुरु गरेको होम एन्ड अवेको सिस्टमलाई अँगाल्दै सुरु भएको दोहोरो प्रणालीको लिगमा पनि महेन्द्र पुलिस क्लब पहिलो लिगको सम्पूर्ण खेल सकिदासम्म अंक तालिकाको शीर्षस्थानमा थियो । तर, क्लबका स्टार खेलाडीहरू हरि खड्का, रमेश बुढाथोकी, अनन्त थापा र राकेश श्रेष्ठ इन्जुरी समस्याले प्रभावित बन्न पुग्दा मनाङ मर्स्याङ्दी, थ्रीस्टार र त्रिभुवन आर्मीपछि लिगको चौथो स्थानमा महेन्द्र पुलिस क्लबले आफूलाई पाएको थियो ।

'त्यो निकै पीडादायक स्थिति थियो', महेन्द्र पुलिस क्लबका कप्तान हरि खड्का भन्छन् । २०५२ सालमा एनआरटीले लिग उपाधि जित्दा क्लबका मुख्य सदस्य रहेका हरि यसपालि आफ्नो नेतृत्वमा महेन्द्र पुलिस क्लबलाई उपाधि जिताउने अभियानमा छन्, तर उनको अभियान फागुन १६ गते त्रिभुवन आर्मी क्लबसँग हुने सम्भावित उपाधिको भिडन्तपछि मात्र निधो हुनेछ । अहिले महेन्द्र पुलिस क्लबले २४ खेलमध्ये १८ मा विजयी, ५ खेल बराबरी र १ मा पराजय भोगेको छ भने यो क्लबलाई उपाधि जित्न शुक्रवार हुने एपिएफसँगको खेल महत्त्वपूर्ण रहनेछ ।

'हामी अब गर वा मरको अवस्थामा छौं', महेन्द्र पुलिसका नवनियुक्त प्रशिक्षक विराटकृष्ण श्रेष्ठ भन्छन् । यसपालिको लिगमा व्वाइज युनियनसँग ३-० गोल पराजयको स्तब्ध नतिजा व्यहोरेको महेन्द्र पुलिस क्लबले पहिलो लिगमा थ्रीस्टार र त्रिभुवन आर्मीबीचको खेल बराबरीमा रोकेको थियो । यसैगरी दोस्रो लिगमा जावलाखेल, फ्रेन्ड्स र मनाङसँग बराबरीमा चित्त बुझाइसकेको छ ।

'हामीलाई अंक गणितभन्दा पनि बाँकी दुईवटा खेल्नै जित्नु पर्नेछ', त्रिभुवन आर्मीको प्रतिद्वन्दितासँग सशंकित प्रशिक्षक श्रेष्ठ भन्छन् । ■

# धार्मिक तथा व्यवहारिक सूक्ति

**नरनाथ आचार्यद्वारा** लिखित 'हरिश्चन्द्र कथा, वधूरक्षा तथा अन्य कविताहरू' पुनःप्रकाशन भएको छ। स्व. नरनाथ आचार्यकी सुपुत्री हरिमाया पौडेलले यो काम गरेकी हुन्।




प्रस्तुत कृति 'हरिश्चन्द्र कथा, वधूरक्षा तथा अन्य कविताहरू'मा हरिश्चन्द्रका कथा र वधूरक्षाका साथै धर्मशास्त्र विषय, ज्ञातव्य विषय, गृहस्थ विषय, वैराग्य विषय, दैव विषय, मूर्ख विषय र लक्षहोम वर्णन आदि विभिन्न कविताहरू समावेश गरिएका छन्। नरनाथ आचार्यले भानुभक्त आचार्यको जीवनी पनि लेखेका छन्।

हरिश्चन्द्रको कथा हाम्रो समाजमा लामो समयदेखि प्रचलित आख्यान हो। यसमा उनको सत्यवादीपन र व्यवहारको वर्णन गरिएको छ। अनेक संकट पर्दा पनि हरिश्चन्द्रले कसरी सहे। बरु उनले राजपाठ र सम्पूर्ण वैभवलाई तीलाञ्जली दिएर सानघाटमा काम गरे, तर आफ्नो वचनलाई त्यागेनन्, धर्मबाट रौँबराबर पनि विचलित भएनन्। यस्ता उदात्त चरित्रको वर्णन पाइन्छ।

वधूरक्षामा बुहारीहरूप्रति दुर्व्यवहार नगर्न आग्रह गरिएको छ। उचित व्यवहार र रेखदेख गर्नका साथै राम्ररी लालन-पालन गर्नुपर्ने कुरामा जोड दिइएको छ। बुहारीहरूलाई हेला नगरी आफ्नै परिवारका सदस्य ठानेर मानवीय व्यवहार गर्न भनिएको छ।

ज्ञातव्य विषयमा घरव्यवहारमा आइपर्ने विविध कुराको चर्चा गरिएको छ। गृहस्थ विषयमा विभिन्न पशुपक्षी, अन्नबाली र सामानको बारेमा संक्षिप्त उल्लेख छ। वैराग्य विषयमा बूढो भएपछि सारा गृहस्थीका कर्म छोडेर निस्पृह बन्न आह्वान गरिएको छ।

सम्पूर्ण कविताहरू विभिन्न किसिमका शास्त्रीय छन्दहरूमा समेटिएका छन्।

■ **डिल्ली आचार्य**

# नारी व्यथाको कथा

**नारीसम्बन्धी चासो** राख्ने कुनै ठेकेदार संघसंस्था र मै हुँ भन्ने पुरुषका लागि पठनीय एवं उपदेशमूलक सामाजिक यथार्थता आत्मसात गर्दै आत्मपरक शैलीमा रचिएको 'एक छेउः नारी आन्दोलन' हो। सीता प्रधानद्वारा विरचित नारी जातिको वकालत गरिएको यो खण्डकाव्यमा व्याख्यान र निबन्धात्मक प्रस्तुति भेटिन्छ। प्रस्तुत काव्यभित्र अदृश्यात्मक पात्रको चयन भएको देखिन्छ।




खण्डकाव्यमा जीवन र जगत्को आंशिक वर्णन हुन्छ। त्यो यस काव्यमा पूरा भएको छ। काव्यमा नारीमुक्तिका विषयमा आन्दोलित स्वर उजागर गरिएको छ। ऊ पुरुषभन्दा पछि पर्नुमा कसको हात छ अनि उसले आफ्नो मुक्तिका लागि के गर्नुपर्छ भन्ने चिन्तन बोकेको एक छेउ नारी आन्दोलन सम्पूर्ण नरनारीले पढ्नै पर्ने काव्य बनेको छ।

प्रस्तुत कृति सीताको आत्मकथा जस्तै भए पनि सम्पूर्ण नारीजातिको प्रतिनिधि गर्ने काव्यको रुपमा लिन सकिन्छ। कृतिमा नारीपीडा, ईश्वरप्रतिको आस्था एवं विश्वास, समाज र नारी अनि राष्ट्रियता र प्राकृतिक चित्रण समेतको समायोजन पाइन्छ।

नर-नारी एकमा मनमुटाव भए जिन्दगी बर्बादी हुने कुरा देखाइएको छ। नारीमुक्तिका लागि पुरुषलाई मात्र दोष दिनुभन्दा पनि नारी स्वयं सचेत र जागरुक हुनुपर्छ भन्ने भावना यस काव्यमा पाइन्छ। आत्मनिर्भर भएको खण्डमा नारीले पनि केही गर्न सक्छन् भन्ने कुरा काव्यको निचोड हो।

नारी पुरुषबाट मात्र हेपिएका छैनन्, हुनेखाने र पहुँचवाला नारीहरू कमजोर नारीमाथि दमन गर्न वा विज्ञापनको पाटो बनाउने यथार्थ पस्किएको छ।

नारीहरू आफैँ पिल्सिएका छन्। नारी भएर कमजोर छु भन्ने हीनताबोध नै नारी पछि पर्नुको मूल कारण हो। यस्तो हीनताबोध हटाउँदै साहसी भावना आत्मसात गर्नसके पुरुषसरह नारी पुग्न सक्छन् भन्ने विचार काव्यको रहेको छ।

नारी सर्वशक्तिशाली भए पनि आफ्नै कमजोरी र बेहोसीले गर्दा किल्चिएको, थिचिएको छ र उसलाई आन्दोलनमा जान आह्वान गरिएको छ।

'यत्र नार्यस्तु पुज्यन्ते रमन्ते तत्र देवताः' भन्ने शास्त्रीय मान्यता, ईश्वरप्रतिको विश्वास र राष्ट्रियता बोलेको छ, किताबले।

■ **विनिता थापा**



किताब : आँखाभरि रमिता मनभरि वेदना
लेखक : गोपी मैनाली
पृष्ठ : १७५
मूल्य : रु २००।-
प्रकाशक : दायित्व वाङ्मय प्रतिठान




किताब : अपरिभाषित
कथाकार : शैलेन्दुप्रकाश नेपाल
पृष्ठ : १३६
मूल्य : रु ६५।-
प्रकाशक : रत्न पुस्तक भण्डार




किताब : मनु र भँगेरा
लेखक : प्रेमा शाह
पृष्ठ : २८
मूल्य : रु ४०।-
प्रकाशक : रत्न पुस्तक भण्डार




किताब : निष्ठुरी फर्केन
लेखक : मनोज सार्थक
पृष्ठ : १३८
मूल्य : रु ६५।-
प्रकाशक : रत्न पुस्तक भण्डार

# यक्षप्रश्न

■ नवीन विभास

'लौरे (लाहुरे) बाजी(बाजे) ! अ ...लौरे बा...जी....!'

फुच्चेले खिर्की (झ्यालजस्तै)बाट टाउको बाहिर निकालेर तीनचार आँखर (पालि) बोलापछि बल्ल पल्लो घरबाट प्रत्युत्तर आयो, 'ह....इ....!'

'बाबै(बाबा) आ'छन् भन् ।' आशबहादुर अर्थात् क. सन्देशले भनेपछि झस्कन्छ, 'कस्सैलाई नभन्ने भन्या होइन ?'

'पैला प लराइँ थ्यो र !'

कहिले भनौंला भनी साँचेको कुराजस्तैगरी चिच्याउँछ, 'बाबै आ'छन् ।'

बोलाएको यस्तै पाँच मिनेट लाग्दैथियो ।

'मेनो(गुनासो) मानौला भन्कन(भनीकन) ब(पो) !' किमुबोटे साइँला लाहुरे कुट्टे लौरो टेक्दै भित्र पसे, 'हो तो जाद्रो(नराम्रो) मानौला भन्कन । जुर्जुर काम् छुट्लाजस्तो छ, के भो कोजानी ।' बूढाको मुखबाट ज्वरोले थर्केको बोली झरिनसक्दै काम्लोमा बसे, चुलोघारीमा ।

लाहुरे आइनपुग्दै छिमेकी भेला भइसकेछन् । टुकीको उज्यालोमा अनुहारहरू नियाल्ने प्रयास गरे । आँधीमा हुर्रिएको मौरी लामो अन्तरालपछि घारमा फर्केपछिजस्तै खुसीले फुरुंग मौरीका अनुहारजस्तै देखे, बूढाले । पहिलो छुट्टीमा फर्कंदाको याद बल्झियो । लाहुरे, अरबे, कालापारे र छापामार घर फर्कंदा यसैगरी भेला भई सुखदुःख बाँड्ने पुरानो संस्कृति हो, यो गाउँको ।

चिम्टाले फिलुंगा बसालेर क.सन्देशकी आमाले लाहुरेलाई सुल्पा हात पारिन्, 'बित्लोबात्लो(झूटो) परो कि ?'

'कोजानी(कुन्नि) ?' बूढाले कक्कडको लामो सर्को स्वाट्ट पारे, 'हो तो धेरै पछि आयो तो यो आशे । के छ तो लौरे हालचाल ?' सम्झेर, 'अरे कम्रेट सन्देश प भन्छन् केर । पुरानै नौ(नाउँ) प आयो ।'

हाँसो पोखियो ।

हाँसोकै बीचमा, 'काँ लौरे भन्चौ ? लौरे भए ता भर्रेसर्रे(भरिया) हुँनाहुन् केर ।'

हाँसो नथामिदै, 'म ता लौरे भन्चु ।' सबले लाहुरे बूढालाई नै हेर्छन्, 'फरक यत्ति छ, हामीरु नुनको लौरे यिनीरु जूनको ।'

अलिकति थामिएर, 'खुन धेरै बगो' भावुक मुद्रामा, 'अंरिस(बेलायत)का लर्दामर्दा दिल पनि उई हिसाबले दुखो । तर याँ ?'

त्यसपछि सुनिदै गरेको हाँसो पनि थामियो ।

जगजगीले सुकेका लाहुरे जगजगीमा सेन्ट्री बसेको सम्झेर भावुक हुन्छन्, 'कैली(कहिले) खाराबट, कैली जिलाबाट सेना झरो भन्ने । मै बड्डो नि चिपलढुंगीमा सेन्टरी बसैं ।'

'हो बाल् ! हवा चले नि, 'आइगो' भनी झस्कने । यिनीरु(क.सन्देश) आया बेला ता झन लरैं(लडाइँ) पर्ला भनी जगजगी । खानु काँ पाई(पाउनु), सुत्नु काँ पाई ।' लाहुरे बूढासँग सन्देशकी आमाले मेलो जोडिन् ।

'हो तो आया बेला, सबै मामौला(इष्टमित्र) बसम्ला, सुखदुख बाँरम्ला तो भन्कन ता हो केर ।' यताउति आँखा डुलाउँछिन्, 'खर्क्या जेई आइनन् ?'

भाले 'कोट् कोट्यास्..' गर्छ ।

'शान्ति हवस्, कस्सैका छोराछोरी मर्न नरोस् ।'

'हो नि सान्जी(सानीआमा) ! बाध्य भएर प्रतिरोधमा उत्रेका हम् ।' राजनीतिक भाषासहित लडाइँको औचित्य पुष्टि गर्ने कोसिस गऱ्यो, सन्देशले ।

भाडको उज्यालोमा भालेको रगत हेर्न थाल्छन् ।

'अझै खुन बग्ने हो कि ?' प्रश्नसँगै आँखा चिमचिम पार्दै लाहुरे बूढाले नियाल्छन् -भालेको रगतको आकारलाई ।

बूढाबूढीका विश्वासप्रति अब्जेक्सन जनाउन उचित नठानेर होला, क.सन्देशले हेरिरहन्छ, घरी उनीहरूलाई घरी कटौरोको रगतलाई ।

'कालापारे, अरबे भए प गुर मिठाई लेने र । रित्तै छु ।' क.सन्देशको बोलीसँगै एकमेलो हाँसो झऱ्यो, फेरि ।

'आइस्, हाम्रो लिखी(लागि) यै ठूलो हो । अशान्ति नहोस्, सप्पैले हाँसीखुसी बाँच्ने जुग आओस् ...।'

एकछिन रोकिइन्, 'करबीर, राते, मृगे, नैनकला, नरे, मनखना, सार्की, दिलु, सपना बाँच्या भे ता ...!'

बोलीसँगै अनायास सन्नाटा छायो । धेरैबेर सहिद परिवारका सदस्य मात्र होइन, सबैका नाकबाट झरेका साँक्कसुक्कले वातावरण भावुक बनाइरह्यो ।

कतिखेरसम्म रोए, कतिखेर खाए, यादै भएन ।

दददघार्ररररर !'

'के भो ?'

'अस् गोस्साको खालो ..!'

प्वाल परेको गुन्यूमा औंला छिरेर च्यातिदा क.सन्देश र रुपकलाको बोलीसँगै हेऱ्यो, टुकीको मधुरो उज्यालोमा मैने गाँठो पारिरहिछ -नच्यातियोस् भनी ।

हेर्छ -टाल्दाटाल्दै पौने गुन्यू नै टालोको भइसकेछ ।

मैने गाँठो पारिरहिछ घरी निस्केको धागोलाई परको प्वालमा ।

'नइय गुन्ने छैन ?' आफैंलाई सोधेको प्रश्न क.सन्देशकै मुखमा बुजो लाग्यो ।

चिन्न मुस्किल भइदिन्छ -परिवारका आङका लुगा हुन् वा बारीमा चरा तर्साउने बुख्याँचा । हेर्छ - नयाँ खोर्रेमा फलेका आलुजस्तै अलिअलि माटोसहित पल्टेजस्ता छन् छोराछोरी ।

'दाँत भए प !' गिजाले भांगो धागोलाई चेप्ने प्रयास गर्दै दायाँ हातले टाकु फन्काइरहिछन् भने बायाँ हातले धागो मिलाइरहिछन् । टाकुमा कातिदै गरेको धागोको सुली बाक्लिदै छ ।

'उइल ता दौरा(दाउरा)घाँस गर्दा, रातभर धागा कातेर बुन्थिम् । बोल्ला बुनेर हाट जाँदा बान्नेलाई बेची ओइरापैरा(भरथेग) गर्थिम् । अल्ता(अहिले त) दाँत भे प ।' मालाजस्तै गलामा भिरेको भांगो सिरानीमा बसाल्छिन् । के सोचेर कुन्नि ? फेरि थाल्छिन् ।

आमाको हातमा फन्किरहेको टाकुको रफ्तारसँगै

**कालापारे, अरबे भए प गुर मिठाई लेने र । रित्तै छु ।' क.सन्देशको बोलीसँगै एकमेलो हाँसो झऱ्यो, फेरि ।**



क.सन्देश बच्पनतिर हुर्रिन थाल्छ -आफूलाई पिठ्यूँमा बोकेर दिनरात धागो कातेको । जाँतोमा पिठो पिस्दा *साइली बरै* धुन थालेपछि रुँदारुँदै निदाएको । झझल्कोमा आए, लोरीजस्तै ती गीत ।

भावुक भयो, क्यार !

चुलोवारि बसेर खाजा भुटिरहिछ, रुपकलाले । नजानिँदो धुन निस्किरहेछ, खाजा भुटेको, 'स्यार्लाङ स्यार्लाङ ...।'

रंगीन सपनाजस्तो आँखामा आउँछ जसलाई मनको कुनामा सजाएथ्यो -सबका अनुहारमा लालुपाते फुलेको नयाँ घर ।

फेरि हेर्छ -बीचमा चुलो । चुलोपारि गिजाले चेप्दै धागो कातिरहेकी आमा ।

'चार डल्ला बनाए भने ता स्यानोलाई भुटी(भोटो) पुग्ला । स्यानो हत्ते गऱ्या छैन, नइय भोटी भन्कन ।'

आमाको मुखबाट झरेको बोलीले क.सन्देश ठहरै भयो ।

बिहानै बाटो लाग्नु छ, सम्पर्कमा पुग्न । दहवनको अस्थायी शिविरमा छापामारहरू जम्मा भइसक्नु पर्नेछ, निकुर्सिसम्म ।

खाइवरी खाजा भुट्न थालेकी छे, रुपकला ।

'होइजान्छ(पुग्छ) ।' दाउराको धुँवाले आँखा चिम्मचिम्म पार्दै, रुपकलालाई भन्छ ।

'हातको पाहुर अरू के छ र ?'

आज नभुटे भोलि भ्याइँदैन । अर्नी बनाउनु पऱ्यो । त्यसैले आजै भुट्न थालेकी छ ।

'आठदस घान ...!' क.सन्देशको बोलीसँगै ओदानबाट भुजुंग्रो गाग्रोनेर राख्छे । फर्कदै भन्छे, 'काल्या (कालेको) बाबै ! हर(हिँड) तो ठूल् पाखा जाम् ।'

'दिसा' गर्न बाहिर निस्कन्छन्, 'अल् ठूलो ठुटा लिनु है, बिल्ता(हिजो त) आगो मऱ्या प ।' मूढो नगाडे आगो रहँदैन । आगो बचे मात्र बिहानै उठ्दा खरानी खोसरेर आगो फुक्न हुन्छ ।

निस्के ।

डल्लुगहिरामा सिमलचरी उसैगरी कराइरहेछ, 'टु टु टु टु ।'

चुक घोप्ट्याएजस्तो निष्पट्ट ।

ठिक यस्तैमा थियो, क.सन्देश बाटो लाग्दा, १४ वर्षअगि । बाटैभरि काँडा । पाइलापाइलामा काँडा टेक्दै कति लेक काट्यो कति जँघार तऱ्यो ? लेखाजोखा छैन ।

'आँट कटक्कै प काटो ।'

पेट दुखेको भन्दै बिरुबोटमुनि दिसा गरिरहिछ, रुपकलाले । अलि पर क.सन्देश पुराना यादका बल्छीमा बल्झिरहेछ ।

कति जगजगी ती दिन ! १५ मिनेटको दूरीमा चौकी । छिसिक्कै क्यै भए डामाडोल । 'पकड्ला' भनी बरु बाहिर जान कर गर्ने परिवारले नि । भाइ घरमै मारियो । आधा ढिडो छोडेर खाँदाखाँदै भागेथ्यो, तीनचार चोटि धागोको धर्सोले मात्र बचेको ।

सम्झँदा नि होइनजस्तो न कस्तोकस्तो पो लागिरहेछ ।

झरीमा निस्कन्थ्यो, अरू सुत्ने बेला ।

यतिखेर ? जगजगी छैन । हतार छैन ।

सायद १४ वर्षपछि । आज दिउँसो गाई चराउन बल्दजुरे गएथ्यो । बसेथ्यो सहिद चौतारीमा । दिलु, सपना, सम्झना, बिना, मनखना, कर्णवीर, राते, मुगे, नैनकला, नरेका सम्झनामा बनाइएका चौपारी लहरै । टेक नाउँ सम्झ्यो - वीर, उत्तम, रचना, क्रान्ति....! जति कोसिस गरे नि, पढ्न सकेन चौपारीमा कुँदिएका सहादतका कुरा । हेर्दै यति भावुक भयो कि !

चौपारीमा बसेर हेरेथ्यो, सानीगार ।

बागमारामा ७ कक्षामा पढ्दापढ्दै साँस्कृतिक कार्यक्रममा हुर्रियो -नाच्यो, गायो, अपेरामा अभिनय गऱ्यो । *सिज* (सिस्ने र जलजला) अभियानमा रुकुमभरि डुल्यो ।

दिल बस्यो । कच्चै उमेरमा घरजम बसायो । बाबु बन्यो । भूमिगत भयो ।

थाहै नपाई भिराइएका, डेढ दर्जन मुद्दा - ज्यान मार्ने उद्योग, सार्वजनिक अपराध ...। कुनै मुद्दा त एकै समयमा दुई दिनको बाटो लाग्ने ठाउँका घटनाका पनि । आँखामा लर्को लागे एकपछि अर्को - रात नढल्दासम्म जंगलमा र रात परेपछि घरमा आएको । र, भालेको डाँकोसँगै निस्केको ।

छातीमा टाँसिएर हत्ते हाल्थे बच्चाहरूले । 'मुक्तिको लागि' भनेर निस्कन लड्नुभन्दा नि बढ्ता लागेको अप्ठेरो ।

सहयोद्धा कमरेडहरूको सम्झनामा बनाइएका बिसौनीमा कुँदिएका पढ्नै सकेन । अन्तिम पटक बोलेका तिनका कुराले झन् यति भावविह्वल बनायो कि !

चौकी घर हेरेर झनै गमेथ्यो, सहिद चौपारीमा बसेर - चौकीले चेलीबेटी, खसीबाखा, क्यै बाँकी राखेन । कति बटुवा गायब पाऱ्यो ?

कुनै लेखाजोखा छैन ।

निर्माणाधीन बजार, सानीगार । सहिद परिवर्तनको नाममा फेरिएको *परिवर्तन नगर* ।

औंला भाच्यो -१४ नाघेछ, भूमिगत भएको ।

मृत्युसँग लुकामारी खेल्दाका जीवनशैली नै भिन्नै ।

'जाम् अब !' रुपकलाको आवाजले झस्कन्छ, 'हँ ।'

आकाशमा बादल झन् बाक्लिदै छ ।

दददमनमा चाइने नचाइने कुरा खेलाएर होला', रुपकलाले भनी ।

कोल्टे फेऱ्यो, 'क्यै होइन ।'

फर्कने वा नफर्कने के ठेगान, युद्ध मैदानबाट ? सम्झाउँथ्यो क.सन्देशले, 'बेपत्ता, जेलनेल, घाइते, मानसिक पीडा, लडेका, मारिएका ...। घरकै भाइ गुमायौं । बलात्कृत भयौं तिमी ।' यसै भन्थ्यो जानुअघि, 'सबैको लगानी छ युद्धमा -गाँस काटेर बचाएका छन् हाम्लाई ।... सुन्दर नेपाल बनाउन कुनै एउटा पुस्ताले बलिदान गर्नै पर्थ्यो । हाम्ले नगरे अझ जोखिम मोल्नु पर्नेछ, छोरानातिले ।'

यसपालि ? आमा, श्रीमतीसँग धक फुकाएर बोलेकै छैन ।

'काँ जाने ? सेनपाखा ?'

'पिसाब फेर्न' भन्ने आशयले टाउको हल्लायो, अँध्यारोमा ।

निस्केर 'ख्याइय' खोक्यो ।

बादल मडारिँदै छ । थुनिकोतमा कुकुर भुकिरहेछन् ।

'अरबेले ता घरीली(घडेरी) नि किने भन्चन् ।' आमा र श्रीमतीको अनुहारले प्रश्न गरेजस्तो लाग्छ ।

अबेरसम्म नफर्केपछि रुपकला निस्की, 'सन्च छैन कि ?'

निधार छामी ।

'पानी प पर्लाजस्तो छ ।'

दुवैको मुखबाट एकैचोटि बोली झऱ्यो ।

दददघाँटी रेटे नि था नपाने के निद हो तमेरुको (तिमीहरूको) । ताल्लिगिछ हे ।'

आमाको गनगन कानमा ठोकिएपछि उठी । पानी तालिन थालेकाले, केटाकेटीको ओछ्यान सारी ।

निद्रामा डुबेका केटाकेटी रुन थाले ।

'नइय घर हाल्नु पर्ने ।' चुहेको ट्याप्पट्याप्प धुनमा आमाको गनगन ताल छोपिँदै छ ।

जोईपोइले छातीमा राखेर 'हो हो' गरिरहेछन्, बच्चाहरूलाई ।

'हो त नि ! देशको छानो फेर्न त बन्दुक बोकेको ।' गमिरह्यो, 'हो हो' भन्दै ।

गाउँले मिलेर मर्मत गरिदिएका हुन्, यो घर । नयाँ बनाउनु पर्ने ।

आमाको बोली कानमा ठोक्किरह्यो, 'नइय घर बनाउन गएँ, मन दरो पार्नु' भन्थिस् ।'

बलिदान फिल्मको अर्जुनले झैं आँसुको बार हालेकी आमालाई सम्झाएको सम्झ्यो, 'जेई ! तमी मात्रै रोइदेऊ है ! तमी रोयौ भने, फेरिफेरि रुनु पर्ने छैन, अरू धेरै आमाहरू । बरु तमी एक्लै रोइदेऊ है ।'

कति खप्यो कति - झरी, बादल, वर्षा र भोका रात । जति भिजे नि भिजेको अनुभूति हुँदैनथ्यो, मुक्त नेपालको सपनाले ।

निस्केर हेऱ्यो - केही घरमा सोलार बलेका छन् तर आफ्नो ? मट्टितेल किन्न नसकेर दिउरोमा राखेको टुकी धुइसोले पुरिँदै छ ।

के भएको छ कुन्नि ? घरी के घरी के आँखाभरि आइरहेछ ।

डोल्पा, अर्घाखाँची, सतबरिया, बेनी, अछाममा लडेका याद बल्झे । घरी सम्झ्यो -भिजेर लगलगी काँप्दै अँगालोमा बेरिएकी श्रीमतीलाई छोडाएको, 'अरब वा कालापार गए यो छानो त फेरम्ला तर लाखौं झुप्राहरूका छानो ? आज हामी नभिजे भोलि हाम्रा सन्तान भिज्नेछन् ।'

यसैगरी निस्केथ्यो, अरू सुत्ने बेला, जून बोक्ने इन्द्रेणी सपनाको टर्च बालेर ।

पानी परिरहेको छ । ओछ्यान सारिरहेछन् घरी यता घरी उता । थापेको भाँडोमा चुहेको *टप टप* झरीको गीतमा संगीत भरेजस्तो लागिरहेछ ।

'बान्ना(गारो) चर्क्यो, आशे । कैल(कहिले) एकसासे पार्छ ।' आमाको आवाज झरीले ओसिइरहेछ, रातमा ।

'कालको मुखबाट उम्केर आइस् ।...के भन्थे सेतेका जेईबाबैले ? के भन्थे सेमेका बाबैले ? नौमतीकी जेईले ? ...। लरैमा(लडाइँमा) कम्ती खुन बगिन ...।'

आमाको बोलीले झन गम्भीर भयो -राज्यले अरबौं खर्चेर छर्ने राजनीतिक चेतना त छऱ्यो जनयुद्धले । ...हिजो संविधानसभा र गणतन्त्र सुन्दाखेरि नै पिसाब फेर्ने दलहरू सहमत भए ।

'रापती नै बग्यो खुनको ।' क.सन्देशको आवाज भुइँमा बज्रिनेबित्तिकै सोधे, 'होइन, के रापती ?'

पानी परिरहेछ, घरी उता घरी यता ओछ्यान छारिरहेछन् । चुहिरहेको पानीको टपटपसँगै असहजअसहज बोली पनि झरिरहेछन् मानौं कहिल्यै भेट हुँदैनझैं गरी ।

दददक.सन्देश उभिएको छ, होलेरी चौकीनेर । जहाँ पहिलो फायर गरेथ्यो, २०५२ फागुन १ गते । र, कसम खाएथ्यो, 'नयाँ नेपाल बनाउनेछु ।'

एकतमासले लामबद्ध भएर आइरहेछन्, आँखामा - घरी बनाउनु पर्ने नयाँ घर । घरी संयुक्त राष्ट्रसंघको कन्टेनरमा हतियार चाँचिरहेका सहयोद्धा छापामारहरू । घरी युद्धमा ढलेका सहयोद्धा सहिद कमरेडहरू । घरी बोकेको झोला, जहाँ छन् सहिदका सपना, नासो र डायरी । र, घरी यक्षप्रश्न, 'सबै अनुहारमा लालीगुराँस फुलाउने जूनको हाटबाट फर्किएकै हो ?' ■



निरज सापकोटा

# निर्माणको बाढी

**द्वन्द्व सुरु भएपछि ओरालो लागेको नेपाली सिनेमा बजारमा नयाँ भित्रिएका निर्माताहरूले फिल्म बनाउने होडबाजी चलेपछि यो क्षेत्र अहिले एकाएक तातेको छ।**

■ **ज्योति देवकोटा/काठमाडौं**

**नेपाली सिनेमा** क्षेत्रका अग्रज नीर शाहले २०५६ सालमा नौवटा फिल्म बनाउने घोषणा गरेका थिए, जसमध्ये कुनैको नामनिसाना तयार भएन। तर, द्वन्द्व सुरु भएपछि ओरालो लागेको नेपाली सिनेमा बजारमा नयाँ भित्रिएका निर्माताहरूले फिल्म बनाउने होडबाजी चलेपछि यो क्षेत्र अहिले एकाएक तातेको छ। तर, बजारको विश्लेषण नगर्नु र भिन्न विषयवस्तु नसमेटिनुले कतै २०६३ को फिल्म बजारले पनि नेपाली सिनेमाको पुरानै नियति व्यहोर्नुपर्ने त होइन भन्ने आशंका छँदै छ।

अहिलेको स्थिति हेर्ने हो भने संख्यात्मक रुपमा नेपाली फिल्म बढ्ने देखिए पनि गुणात्मक रुपमा नेपाली फिल्मी क्षेत्र झन् धराशायी हुने विश्लेषकहरू बताउन थालेका छन्। गत तीन महिनाको अवधिको मात्र विश्लेषण गर्ने हो भने नेपाली सिनेमा बजारको स्वर्णिम युग मानिने २०५६ साललाई उछिन्ने अवस्था सृजना भएको छ।

नेपाली सिनेमा जगत्मा २०५६ साल स्वर्णिम युगले चिनिन्छ। दर्पणछायाँ, करोडपति, अल्लारे, नुमाफुङ, सीमारेखा, बादलपारी, घामछायाँ, आदिकवि भानुभक्त, वसन्ती, मुखुण्डो जस्ता फिल्म निर्माण भएर सफल पनि भएका थिए, यो वर्ष। यस वर्ष समेटिएको विषय वस्तु हेर्ने हो भने गुणात्मक रुपमा २०५६ को छेउमा पुग्ने अवस्था पनि छैन।

'फिल्मी निर्माणमा आफूलाई अगाडि उभ्याउन सफल भारतजस्तो मुलुकमा पनि अहिलेसम्म एउटा प्रोडक्सन हाउसले दुइटाभन्दा बढी फिल्मको घोषणा गर्न सकेको छैन, नेपालजस्तो सानो देशमा संख्यात्मक रुपमा फिल्म निर्माणको थालनी गर्ने भने नेपाली फिल्मी क्षेत्र झन् धराशायी हुने पक्का छ', नेपाली सिनेमा निर्देशक तथा विश्लेषक प्रकाश सायमी बताउँछन्।

मुलुकमा देखिएको शान्तिको वातावरणलाई ध्यान दिएर फिल्म निर्माण बढेको हो भने पनि गत दस महिनायताको सिनेमा बजारलाई नियाल्दा सन्तोष लिने ठाउँ छैन। 'हतार र 'हिवम' मा लागेर संख्यात्मक रुपमा २०५६ साललाई उछिन्ने अवस्था देखिए पनि गुणात्मक रुपमा सफल हुने अवस्था छैन', सायमी अगाडि थप्छन्। २०५६ सालमा ६० वटा फिल्म बनेका थिए।

अहिले बन्न लागेकामध्ये थुप्रै फिल्म माओवादीयुद्धसँग सम्बन्धित छन्। माओवादीको ११ वर्षे जनयुद्धसँग सम्बन्धित लालसलाम र जनयुद्ध, माओवादीको क्रान्तिकारी जनसांस्कृतिक मञ्चले निर्माण थालेको छ भने अन्य निर्माताहरूले पनि जनयुद्धलाई नै विषय वस्तु बनाएर फिल्म निर्माण गर्न थालेका छन्। अल्पविराम, आवाजजस्ता फिल्महरू माओवादी द्वन्द्वसँग प्रत्यक्ष सम्बन्धित छन्।

'राजनीतिक रुपमा बनेका कुनै पनि फिल्म त्यत्ति धेरै सफल भएका छैनन्, भारतमा बनेको 'महात्मा गान्धी' होस् वा नेपालमा बनेको 'बलिदान'। ती प्रचारमा सफल भए पनि व्यवसायिक रुपमा सफल भएका मानिँदैनन्। राजनीतिक विषयलाई फिल्ममा मिसाउन थाल्ने हो भने नेपाली सिनेमा बजारले झन् दुर्दशा भोग्नु पर्ने पक्का छ', सायमी भन्छन्।

सिनेमा वितरकहरूले बढाउँदै गएको सुविधाका कारण पनि नेपाली फिल्म बढी बनेका हुन सक्छन्। 'पहिले वितरकहरूले सुरुमै वार्गेनिङ गर्ने गर्थे,

अहिले फिल्म चल्यो भने त्यहीअनुसार दिनुस् भन्न थालेका छन् । यसले पनि निर्मातालाई लगानी गर्न केही हौसला मिलेको हुनुपर्छ', निर्माता केपी पाठक भन्छन् ।

अहिलेसम्म नेपाली फिल्म नचल्नुको मुख्य पक्ष कमजोर विषय वस्तु र प्रस्तुति रहेको निर्माताहरूले स्विकार्दै आएका छन् । तैपनि सिनेमामा गहकिला विषय वस्तु समेटिन सकेका छैनन् । सायमी थप्छन्, 'नेपाली फिल्मका दर्शकले स्वादमा परिवर्तन खोजेका छन्, तर जनयुद्धको विषयवस्तुले नयाँ दर्शकलाई स्विकार्न सक्दैनन् ।'

उनका अनुसार माओवादी राजनीतिक मूलधारमा नआउँदै यस्ता फिल्म बन्न सकेका भए नेपाली दर्शकले स्विकार्ने अवस्था थियो । सायमी भन्छन्, 'मुलुक साँच्चै नयाँ दिशातिर अग्रसर हुन लागेको हो भन्ने चिन्तन निर्माताहरूमा पलाएको हो । सामाजिक विषयवस्तुलाई समेटेर नेपाली फिल्म निर्माणमा नयाँ युगको सुरुवात गर्न सकिन्छ, तर राजनीतिक फिल्म निर्माण फिल्म जगत्को विकास मान्न मिल्दैन ।'

अहिले निर्माण हुँदै गरेका कुनै पनि फिल्ममा नियमित तथा व्यवसायिक फिल्म निर्माताहरूले लगानी गरेका छैनन् । 'पर्खौं, हेरौं र अगाडि बढौं' भन्ने अवस्थामा व्यवसायिक निर्माताहरू लागिरहेका छन्', फिल्म निर्माता केपी पाठक बताउँछन् ।

नेपाली फिल्म निर्माणमा सफल मानिएका युवराज लामा, नीर शाह, अशोक शर्मा, यादव खरेल, तुलसी घिमिरे, शम्भु प्रधानजस्ता हस्तीहरूले बजार फस्टाउन लागेको भने पनि लगानी गर्नका लागि उनीहरूले आँट गर्न सकेका छैनन् ।

'बजारको अवस्था हेर्ने हो भने लगानी गरिहाल्न पर्ने अवस्था आइसकेको छैन । बजारलाई विश्लेषण नगरेर अहिले निर्माताहरू हतारिएजस्तो देखिएको छ', नेपाल चलचित्र निर्माता सघंका अध्यक्ष अशोक शर्मा बताउँछन् ।

२०६२ लाई अहिलेसम्म सबैभन्दा कम फिल्म निर्माण भएको वर्ष मानिन्छ । गत वर्ष कुल अठारवटा फिल्म बनेका थिए । यो वर्षको असारसम्म चुपचाप बसेको नेपाली फिल्म बजार माओवादीको मूलधार प्रवेशपछि एकाएक चुलिएको छ । गत पाँच महिनादेखि मात्र ३७ वटा चलचित्र निर्माणका लागि घोषणा गरिएका छन् ।

'मैले १२ वर्ष भयो, नेपाली फिल्मको क्षेत्रलाई नजिकवाट नियाल्न लागेको । तर, यसपालि कहाँबाट यति ठूलो लगानी भइरहेको छ, मैले पत्तै पाउन सकेको छैन ।' फिल्म निर्माता तथा हास्य कलाकार निर्मल शर्मा बताउँछन् । उनका अनुसार अहिलेको फिल्म बनाउनेहरूले नेपाली बजारलाई नहेरेर राजनीतिक अवस्थालाई हेरेका छन्, जुन फिल्म निर्माताहरूकै लागि घातक हुन सक्छ ।

शर्माले निमार्ण गरेको विशुद्ध राष्ट्रप्रेमले भरिएको नेपाली फिल्म 'नेपाल' मुलुकमा दिनदिनै बढ्दै गएको अस्थिरताले प्रदर्शन गर्न सकेका छैनन् । नेपाली फिल्मको मुख्य बजार मानिएको पूर्वी क्षेत्र, दाङ, नारायणगढ र पोखरामा देखिएको राजनीतिक अस्थिरताले बनेर थन्किएका फिल्महरूसमेत देखाउन नसकिएको अवस्थामा नेपाली बजारले नयाँ फिल्महरूलाई थेक्न नसक्ने बताउँछन्, शर्मा ।

अहिले युद्धको विषय वस्तुलाई समेट्ने होडवाजी चलेको छ । विषय वस्तुमा परिवर्तन देखिएको छैन । यसले अपेक्षा गरेअनुसार सफलता पाउन नसक्ने स्वयं चलचित्र निर्माता संघले बताउँदै आएको छ । 'नेपाली फिल्म उद्योगमा हलिउड र बलिउडकाजस्ता धनाढ्यहरू छैनन् । बजारको अवस्था विश्लेषण नगरी फिल्म बनाउने हो भने घातक हुन सक्छ । विनाविश्लेषण फिल्म निर्माताहरू हौसिएको देख्दा घातक अवस्था सृजना नहोला भन्न सकिँदैन', अशोक शर्मा भन्छन् ।

निर्माताले एउटा नेपाली फिल्म बनाउन कम्तीमा पनि ३५ लाख लगानी गर्नु पर्छ । 'लगानी उठाउन एउटा फिल्मलाई कम्तीमा १८ महिना लाग्छ । अहिले घोषणा गरिएका र बन्न थालेका फिल्महरू विषय वस्तु हेर्ने हो भने यी फिल्मले लगानी उठाउन सक्लान् भन्न सकिने अवस्था छैन । लगानी उठाउनेभन्दा प्रचारका लागि मात्र फिल्म बनाउने होड चलेको हो कि भन्ने प्रश्न उठेको छ', विश्लेषक सायमीको भनाइ छ ।

अहिले बन्न थालेका र घोषणा गरिएका एकाधबाहेकका फिल्मले माओवादी जनयुद्धको विषयलाई छोएका छन् । माओवादीसम्बन्धी फिल्म बनाउने हो भने चल्छ भन्ने मानसिकताबाट अहिले अगाडि बढेको फिल्म निर्माणको नयाँ पुस्ता प्रभावित भएको देखिएको छ । 'यो विषयलाई समेटेर फिल्म निर्माण गरिए पनि चल्ने सम्भावना भने छैन', निर्माता संघका अध्यक्ष शर्मा भन्छन् । ■

**फिल्मी निमार्णमा आफुलाई अगाडि उभ्याउन सफल भारत जस्तो मुलुकमा पनि अहिले सम्म एउटा प्रोडक्सन हाउसले दुइ वटा भन्दा बढी फिल्मको घोषणा गर्न सकेको छैन, नेपाल जस्तो सानो क्षेत्रमा सख्यात्मक रुपमा फिल्म निमार्णको थालनी गर्ने भने नेपाली फिल्मी क्षेत्र झन धरासयी हुने पक्का छ ।**



सदाबहार नायिका त्रप्ती

भास्कर ओझा

# लोभलाग्दो सक्रियता

**उमेरले सात दशक** पुगिसके पनि उनको जोस र जाँगर हेर्दा भर्खर सोह्रसत्र वर्षमात्र पुगेजस्तो लाग्छ । दार्जीलिङ निवासी राजनारायण प्रधान विगत पाँच दशकदेखि साहित्यिक लेखनमा निरन्तर क्रियाशील छन् । साहित्यकार प्रधानलाई सशक्त लेखनका कारण साहित्यिक पाठकले सम्झिरहन्छन् । कुनै जमानामा प्रधानका निबन्ध छापिनेबित्तिकै साहित्यिक वृत्तमा चर्चाकै विषय हुन्थ्यो । विषय र प्रस्तुतिका हिसाबले उनका निबन्ध फरक हुन्थे । उनका निबन्धले दार्जीलिङ मात्र होइन, काठमाडौंमा पनि तहल्का मचाउँथे । अहिले पनि उनी थोरै लेखे पनि परिस्कृत साहित्य सिर्जना गर्छन् ।

वाणिज्य शास्त्र पढे पनि साहित्यमा हाम फालेका प्रधानले २२ वर्षजति सेन्ट जोसेफ, दार्जीलिङ गभर्मेन्टलगायत कलेजमा प्राध्यापन गरे । तीन वर्षअघि मात्र उनी प्राध्यापनबाट सेवानिवृत्त भएका हुन् । उनको दिनचर्या भने रिटायर्डजस्तो पटक्कै छैन । अहिले अध्यापन, लेखन, अनुवादलगायत कामलाई निरन्तरता दिइरहेका छन् । उनी भन्छन्, 'हातगोडा लागुन्जेल रिटायर्ड हुनु आफैंले आफूलाई निष्क्रिय पार्नु हो ।'

खासगरी जीवनी र निबन्धमा काम गरेका प्रधानले अंग्रेजीका विभिन्न किताबसमेत लेखेका छन् । जीवनी लेख्दा पनि उनले सतही कुराभन्दा पनि सर्जकका अन्तरनिहित कुरालाई प्रकाशमा ल्याएका छन् । यसअतिरिक्त भानुभक्तलगायत विभिन्न स्रष्टाहरूका कृतिहरूको अनुसन्धानात्मक विवेचना पनि गरेका छन् । दार्जीलिङमा साहित्यको जागरण फैलाउन सन् १९६३ सालमा वरिष्ठ आख्यानकार इन्द्रबहादुर राईको अध्यक्षतामा गठित नेपाली साहित्य परिषद्को सचिव भएर काम गरेका प्रधानमा भाषा साहित्यको श्रीवृद्धिको लागि काम गर्ने उस्तै हुटहुटी रहेको छ । तर, पछिल्लो समयमा दार्जीलिङमा साहित्यिक गतिविधिमा शिथिलता आएकोमा उनी दुखेसो पोख्छन् । उनी भन्छन्, 'पचास वर्षअघि किताब लेखेर पनि प्रकाशनको जुन समस्या हुन्थ्यो, अहिले पनि त्यस्तै छ । बरु दार्जीलिङको साहित्यिक साख बढ्नुको सट्टा घटिरहेको छ । यो चिन्ताको विषय हो ।' ■






शून्य समय



युवराज घिमिरे

# विकल्पहीनताको नाराबाट सिर्जित राजनीतिक अन्योल

**प्रजातान्त्रिक व्यवस्था** आफैंमा समावेशी र विविध मत तथा मान्यतामा आधारित हुने हुनाले विकल्पको प्रचुरता त्यसको मौलिक चरित्र हो। प्रजातन्त्र कुनै अवधारणात्मक वा भौतिक चरित्र मात्र हैन, त्यसैले 'लेवल'बाट नभएर व्यवहारिक पक्षबाट प्रजातन्त्रको उपस्थिति वा अनुपस्थिति नापिनु पर्छ। नेपालका सन्दर्भमा त्यसो नहुँदा नै पञ्चायत व्यवस्थालाई ०४६ सालयता आन्तरिक प्रजातान्त्रिक अभ्यासरहित र नेतृत्वको हालीमुहालीबाट सञ्चालित राजनीतिक दलहरूलाई नै हामीले प्रजातन्त्रको पर्याय मान्ने भूल गर्‍यौं।

जमिनदारी प्रथामा आधारित प्रजातन्त्रमा जनताको भूमिका स्वतः न्यून हुन्छ। सन् १९४० को दशकयता वा द्वितीय विश्वयुद्धको समाप्तिले हाम्रै महाद्वीपमा औपनिवेशिकताको अन्त्य र राष्ट्रिय स्वतन्त्रताको अभियानलाई तीव्रता दियो। दक्षिण एसियाको सन्दर्भमा भारतको स्वाधीनताले प्रजातान्त्रिक शासन पद्धतिलाई संस्थागत विकास हुनमा निकै मद्दत पुर्‍यायो, खासगरी नेतृत्व वर्गको चरित्र, दूरदर्शिता र समर्पणको भावनाले। यद्यपि दलहरूमा आन्तरिक प्रजातन्त्रको अभ्यासको पक्षमा र जनताको भूमिकालाई दलहरूमा व्यापकता दिनुपर्ने आवाज त्यहाँ पनि यदाकदा उठी नै रहेको छ। दलहरूको कार्यशैली केन्द्रीकृत नै छ, अझै पनि। तर, संसद् निकै हदसम्म जनताको आवाज उठ्ने थलो भएको र सरकार संसद्प्रति अनिवार्यरुपमा जवाफदेही हुनुपर्ने र अर्कोतिर झन्डै अग्र सक्रियता देखाउँदै न्यायपालिका स्वतन्त्र अस्तित्वका साथ अगाडि बढ्न सफल भएकाले प्रजातन्त्र मौलाएको छ, त्यहाँ। त्यति ठूलो मुलुकमा नेहरूकै पालादेखि स्थापित नेतृत्वको विकल्प को भन्ने प्रश्न र चिन्ता राजनीतिक दलहरू र राष्ट्रका विभिन्न तहमा बहसको विषय बन्दै आएका छन्। कुनै व्यक्ति वा नेता विकल्पहीन ठहर गरिएको अवस्था त्यहाँ देखापरेको छैन।

> जमिनदारी प्रथामा आधारित प्रजातन्त्रमा जनताको भूमिका स्वतः न्यून हुन्छ। सन् १९४० को दशकयता वा द्वितीय विश्वयुद्धको समाप्तिले हाम्रै महाद्वीपमा औपनिवेशिकताको अन्त्य र राष्ट्रिय स्वतन्त्रताको अभियानलाई तीव्रता दियो। दक्षिण एसियाको सन्दर्भमा भारतको स्वाधीनताले प्रजातान्त्रिक शासन पद्धतिलाई संस्थागत विकास हुनमा निकै मद्दत पुर्‍यायो, खासगरी नेतृत्व वर्गको चरित्र, दूरदर्शिता र समर्पणको भावनाले।

तर, नेपालमा राजनीतिक चाटुकारहरूको मान्यता र अभिव्यक्तिमा सधैं एकरुपता देखापरेको छ। राणाहरूले आफूलाई विकल्परहित र दैवी आशीर्वाद प्राप्त शासकीय खानदानका रुपमा स्थापित गर्न सफल भए, १०४ वर्षसम्म। सम्भवतः अस्थायी प्रकृतिको अन्तरिमकालपछि, विपी कोइराला र उनका समकालीन प्रजातान्त्रिक नेतृत्व वर्गले मात्र होला, आफूलाई विकल्पहीनरुपमा प्रस्तुत गर्न नरुचाएको। त्यति मात्र हैन, विपी कोइरालाको नेतृत्वको कांग्रेसले अनेकौं विकल्पहरूलाई प्रस्तुत पनि गर्‍यो तर यो चरण अपवादको थियो।

०१७ सालदेखि अहिलेसम्म पढाइएको र व्यवहारमा ढालिएका सबै राजनीतिहरूमा विकल्पहीनताको सिद्धान्तको सर्वोपरिता देखिन्छ। माघ १९ गतेको राजाको प्रत्यक्ष शासन जनआन्दोलनका कारण समाप्त भएपछि गिरिजाप्रसाद कोइराला समकालीन नेपाली राजनीतिमा विकल्पहीन ध्रुवताराका रुपमा प्रस्तुत छन्। हुँदाहुँदा उनका गृहमन्त्रीले आफू पदमा नरहे मुलुकरुपी जहाज दुर्घटना हुने धम्की दिएका छन्। यस्ता खालका चिन्तनहरू र विकल्पहीनताको नाममा नेताहरूको प्रस्तुतिले मुलुकको सामूहिक मानसिकता र चारित्रिक कंगाली मात्र प्रस्तुत गर्छ। र, त्यो सत्तामा आधारित चित्रण हैन, मुलुकको निर्यात र सम्भावनाको।

वर्तमान राजनीतिकै कुरा गर्ने हो भने अहिलेसम्मको अवस्थामा सम्भावित विकल्पका रुपमा माओवादी अध्यक्ष प्रचण्ड देखापरेका छन्, तर त्यसका लागि उनले जनअनुमोदन हासिल गर्न बाँकी छ। जनतामा विकल्पको चाहना छ। कोइरालादेखि अन्य नेताहरूले आफूलाई जनताको नजरमा खरो उतार्न नसक्दा परीक्षण नभएका प्रचण्ड विकल्पका रुपमा देखिनु स्वभाविक हो। तर, विकल्पका रुपमा जनताद्वारा अनुमोदित हुनुअघि नै प्रचण्डले क्षेत्रीय विकल्पहरूको चुनौती सामना गर्ने परिस्थिति बनिसकेको छ।

तराई आन्दोलनपछि उपेन्द्र यादवको स्थापनालाई मान्यता दिन कन्जुस्याइँ गर्नु वा बालुवाटारमा केन्द्रीकृत निर्णयद्वारा नै तराई, पहाड र हिमाली भेगमा भावी राजनीति र सत्ता संरचनामा हिस्सा बन्ने क्षेत्रीय जातीय र वर्गीय स्वभाविक चाहनालाई प्रभावित मात्र हैन, निर्देशित पनि गर्न सकिन्छ भन्ने सोच र व्यवहार प्रदर्शन गरेमा उनले सम्भावित विकल्पको हैसियत गुमाउन सक्नेछन्। 'हाम्रो एजेन्डा अरूले चोरी गर्‍यो' भन्ने कथनले राजनीतिमा खासै अर्थ राख्दैन। किनकि हाम्रो राजनीतिमा बेइमानी मानिने एउटा पक्ष के हो भने दल र नेताहरू मुद्दा उठाउँछन्, तर सत्तामा आएपछि त्यसलाई अगाडि बढाउँदैनन्।

तर विकल्पको खोजी र प्राप्ति प्रजातान्त्रिक व्यवस्थामा मात्र सम्भव हुने हुनाले माओवादी दलले पहिले आफूलाई प्रजातान्त्रिक बनाउनै पर्छ। कानुनको सिद्धान्तमा आधारित र संचालित राज्य व्यवस्थाको सर्वोपरिता मान्न उसले शान्ति प्रक्रियामा नेतृत्व वर्गले कबुल गरेका प्रतिबद्धता आफ्ना तल्ला 'क्याडर'मा पनि लागू गर्न र त्यसको प्रत्याभूति सर्वसाधारणले गर्न सक्ने अवस्था सिर्जना गर्न सक्नुपर्छ।

अहिले माओवादीहरू निर्वाचनका लागि सहज वातावरण बनाउनुभन्दा निर्वाचन आफ्नो सर्तमा गराउन चाहन्छन् भन्ने आमधारणा बन्दै गएको छ। त्यसको अर्थ हो, जनतामा उनीहरूको विश्वास बनिसकेको छैन र जनतामा विश्वास नहुँदा आफूलाई विकल्पहीनकै रूपमा प्रस्तुत गर्नुपर्ने बाध्यता उनीहरूका लागि पनि आउन सक्छ, जस्तो अहिले कांग्रेसीहरूले वर्तमान प्रधानमन्त्री र गृहमन्त्रीलाई भन्न थालेका छन्।

सोह्र मुलुकमा राजदूतहरूको नियुक्ति रोकिनु, विश्वविद्यालयहरू ठप्प हुनु, काठमाडौं फोहरको थुप्रो बन्दै जानु, राज्यको उपस्थिति कहीँ नदेखिनु, राजधानीमा अपराधहरूको शृंखला बढ्नु आदिले के कोइराला सरकारको नेतृत्व देखाउँछ ? अझ महत्त्वपूर्ण कुरा कुनै पनि मुलुक अजम्बरी हुनसक्छ, तर त्यसका नेतृत्वको जीवन राष्ट्रको जीवनको तुलनामा क्षणिक हुन्छ। विकल्पहीनताको मान्यतालाई दलहरूले त्याग्न नसके मुलुकमा प्रजातन्त्र हैन, दासताको राजनीतिका वाहक बन्नेछन् दलहरू। र, मुलुकको शान्तिपूर्ण अग्रगमनका लागि जनताले आफ्नो नेतृत्व आफैं खोज्नेछन्। किनकि अहिलेको राजनीति असफल भएमा स्थापित राजनीतिक दलहरू र हिंसाको राजनीति दुवै असफल भएको सिद्ध हुनेछ। ■